नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

वर्ष ३३ अंक ३४८ काठमाडौं | २६ माघ २०८२ सोमबार फाल्गुण कृष्णपक्ष अष्टमी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Monday, February 9, 2026 | पृष्ठ १०+२ | १० रुपैयाँ

क्रिकेटको 'जन्मदाता' इंग्ल्यान्डसँग नेपालको सानदार मुकाबिला

इंग्ल्यान्डका प्रमुख खेलाडी ज्याक विल्सले भने, 'नेपाली टिमको जति प्रशंसा गरे पनि पुग्दैन, ब्याटिङ राम्रो, बलिङ राम्रो, फिल्डिङ झन् राम्रो, अझ रनिङ बिट विन द विकेट धैरै राम्रो'

मुम्बईमा **हिमेश**

जति-जति बेला क्रिकेटमा साँघुरो हार बेहोरिन्छ, त्यो पीडादायी हुन्छ । अनि भन्ने गरिन्छ, क्रिकेट निर्दयी हुन्छ । जितको नजिक पुगेर केसम्म भनिन्छ भने यो त कति धैरै टाढा पो रहेछ । ट्वान्टी-२० विश्वकपमा नेपालले मुम्बईको वानखेडे स्टेडियममा भएको खेलमा इंग्ल्यान्डविरुद्ध यस्तै ४ रनको साँघुरो हार बेहोर्‍यो । अन्तिम दुई बलमा ६ रन चाहिन्थ्यो, त्यो पनि हात पार्न सकेन ।

टस जितेर ब्याटिङ रोजेको इंग्ल्यान्डले ७ विकेट गुमाई १८४ रन बनाएर नेपालसामु १८५ रनको विशाल लक्ष्य पस्केको थियो । तर पनि खेलमा इंग्ल्यान्डलाई निकै दबाबमा पारेको नेपालले अन्तिम ओभरको मौकालाई सदुपयोग गर्न नसक्दा २० ओभरमा ६ विकेट गुमाई १८० मै समेटिनुपर्‍यो । अन्तिम ओभरको ६ बलमा नेपाललाई जितका लागि १० रन मात्र आवश्यक थियो । बलर र ब्याटर दुवैतर्फ उत्तिकै दबाब रहेको खेलको यो अन्तिम ओभर दर्शकका लागि ढुकढुकी थाम्नै मुस्किलको क्षण थियो । तर अन्तिम ओभरमा नेपालले ५ रन मात्र लिन सक्यो र जित इंग्ल्यान्डको पोल्टामा पुग्यो ।

नेपालको प्रतिद्वन्द्वी रहेको इंग्ल्यान्ड त्यस्तो टिम हो, जसले यसअघि दुईपल्ट यही विश्वकप जितिसकेको छ । अनि पछिल्लो समय ट्वान्टी-२० क्रिकेटमा सबैभन्दा राम्रो प्रदर्शन गरिरहेको टिम पनि हो । **बाँकी पृष्ठ ९**

ट्वान्टी-२० विश्वकपको पहिलो खेलमा आइतबार मुम्बईको वानखेडे स्टेडियममा इंग्ल्यान्डविरुद्ध विकेट लिएपछि कप्तान रोहित पौडेलसँग सेलिब्रेसन गर्दै सन्दीप लामिछाने (बायाँ) । तस्बिर : एपी/रासस

कान्तिपुर कन्क्लेभ आजदेखि, ५३ वक्ता सहभागी हुँदै

दुईदिने कन्क्लेभका १२ सत्रमा राजनीतिक अस्थिरता, कमजोर संस्थागत संरचना र बढ्दो जनअसन्तोषमाझ मुलुकको मार्गचित्रबारे बहस हुने

काठमाडौं (कास)- राजनीतिक अस्थिरता, कमजोर संस्थागत संरचना र बढ्दो जनअसन्तोषबीच मुलुकको मार्गचित्रबारे बहस गर्ने उद्देश्यसहित 'कान्तिपुर कन्क्लेभ-२०२६' सोमबार काठमाडौंमा सुरु हुँदै छ । दुई दिनसम्म चल्ने कन्क्लेभमा देशभित्र र बाहिरका बौद्धिक, राजनीतिक र नीतिगत क्षेत्रका व्यक्ति भेला भएर समसामयिक सवाल र सम्भावनामाथि संवाद गर्नेछन् ।

कान्तिपुर मिडिया ग्रुपका प्रमुख कार्यकारी अधिकृत महेश स्वाँरका अनुसार औपचारिक सम्मेलनभन्दा बाहिर निस्केर देशको भविष्यबारे सामूहिक चिन्तन गर्ने मञ्चका रूपमा कन्क्लेभ आयोजना गरिएको हो । उनले भने, 'राजनीति, समाज र अर्थतन्त्रमा देखिएको अन्योललाई स्पष्ट दृष्टिकोण र साझा कार्यदिशामा रूपान्तरण गर्ने प्रयास नै कन्क्लेभको मुख्य उद्देश्य हो ।'

कान्तिपुर मिडिया ग्रुपका अनुसार कन्क्लेभ कुनै एक संस्थाको कार्यक्रम मात्र नभई आन्दोलन, लोकतन्त्र, प्रविधि, अर्थतन्त्र र भू-राजनीतिको संगममा नेपालले भोगिरहेको संकट र

सम्भावनामाथि सामूहिक रूपमा सोच्ने प्रयास हो । संवादमार्फत अविश्वास र अन्योललाई स्पष्टतामा बदल्ने उद्देश्यका साथ कन्क्लेभ आयोजना गरिएको आयोजकको भनाइ छ ।

यस संस्करणको कन्क्लेभमा नेपालसहित विभिन्न मुलुकका ५३ वक्ता सहभागी छन् । नोबेल शान्ति पुरस्कार विजेता तथा मानवअधिकार अभियन्ता शिरिन एबादीले मुख्य मन्तव्य दिँदै लोकतन्त्र, नागरिक स्वतन्त्रता र न्यायको अवस्थामाथि अन्तर्राष्ट्रिय दृष्टिकोण प्रस्तुत गर्नेछिन् ।

सुरुआती सत्रमा सोमबार 'आन्दोलनबाट अवसरतर्फ' मा ट्युनिसिया, श्रीलंका र बंगलादेशका प्रतिनिधिहरूले जनआन्दोलनपछि ती मुलुकले भोगेको संक्रमणकालीन राजनीतिक अनुभव सुनाउनेछन् । **बाँकी पृष्ठ ९**

सांसद चुन्न २४ दिन बाँकी, कहाँ बस्छ नयाँ संसद् बैठक ?

- सिंहदरबारभित्र भवन निर्माणमा ९० प्रतिशत प्रगति भए पनि 'इन्टेरियर' मा ५० प्रतिशत मात्र काम
- सबै काम तत्काल नसकिने भएकाले बैठक चलाउन मिल्ने गरी तयारीलाई प्राथमिकता

विमल खतिवडा (काठमाडौं)

प्रतिनिधिसभा निर्वाचन आउन २४ दिन मात्र बाँकी छ । निर्वाचनबाट चुनिएर आउने जनप्रतिनिधिहरूको बैठक बस्ने भवन त्यति बेला तयार भइसक्छ भन्नेमा अझै सुनिश्चित छैन । भवन निर्माणका लागि पाँचौं पटक थपिएको म्याद १६ पुसमै सकिएकामा प्रगति ९० प्रतिशत मात्र छ । सम्झौताको म्याद फेरि थप्ने तयारी भइरहेको छ ।

यसअघि संसद् बैठक बस्दै आएको नयाँ बानेश्वरस्थित वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रसँगको भाडा सम्झौता अन्त्य भइसकेको छ । गत २४ भदौमा प्रदर्शनकारीले तोडफोड र आगजनी गरेपछि केन्द्रसँगको सम्झौता संसद् सचिवालयले नवीकरण गरेन । सिंहदरबार परिसरमा संसद् भवन तयार भइसक्ने विश्वासमा विकल्प पनि खोजिएको छैन । तर नयाँ प्रतिनिधिसभा गठन भइन्जेलमा भवन तयार हुनेमा सहरी विकास मन्त्रालय र संघीय संसद् सचिवालय दुवै ढुक्क देखिँदैनन् ।

संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरी संसद् बैठक नयाँ भवनमै राख्ने गरी काम सक्न सहरी विकास मन्त्रालयसँग छलफल भइरहेको बताउँछन् । 'सम्बन्धित मन्त्रीसँग पनि यसबारे छलफल भइरहेको छ, नयाँ भवनबाटै प्रतिनिधिसभा बैठक चलाउने भनेर मन्त्रीले आश्वस्त पार्नुभएको छ,' उनी भन्छन्, 'हामी विकल्प नखोजी बसेका छौं ।'

गिरीका अनुसार मन्त्रालयले ६ वटा भवनको निर्माण सकेर चैत पहिलो साता जिम्मा दिने आश्वासन दिएको छ । 'त्यसो भयो भने न्यूनतम सेवासहितको सभा चल्छ । बाँकी ६ वटा भवन बिस्तारै उपलब्ध गराउने कुरा छ,' उनले भने, 'हामी समन्वय गरिरहेका छौं, प्रगतिबारे हरेक साता सहरी विकास र आयोजनाबाट जानकारी गराउने कुरा भएको छ ।' आफूहरू भने अब आउने संसद्का लागि भवनबाहेकका व्यवस्थापनमा जुटेको गिरीले सुनाए ।

२ सय ७५ सदस्यीय प्रतिनिधिसभा र ५९ सदस्यीय राष्ट्रिय सभा छुट्टाछुट्टै हलमा सञ्चालन गर्नुपर्छ । 'मन्त्रालयसँग आश्वस्त भएकाले अहिले हल खोज्ने कल्पना गर्दैनौं । त्यति क्षमताको हल पाइँदैन, पाइए पनि प्राविधिक पक्षको व्यवस्थापनमा खर्च बढ्छ,' गिरी भन्छन्, 'बाहिर हल खोजेर जाँदा सुरक्षा प्रबन्ध पनि त्यहीअनुसार मिलाउनुपर्ने हुन्छ ।' अहिले राष्ट्रिय सभा सिंहदरबार परिसरकै कृषि समितिको पुरानो हलमा सञ्चालन गरिएको छ ।

१६ असोज २०७९ भित्रै संसद् भवन निर्माण गरिसक्ने गरी १६ असोज २०७६ मा ठेक्का लगाइएको थियो । ५ अर्ब ६७ करोड २७ लाख रुपैयाँमा बनाइसक्ने गरी तुन्दी-सेक जेभीले ठेक्का लिएको हो ।

- **ठेक्का सम्झौता**
  १६ असोज २०७६
- **काम सक्नुपर्ने सुरुको म्याद**
  १६ असोज २०७९
- **पहिलो पटक थपिएको म्याद**
  ३० चैत २०७९
- **दोस्रो पटक थपिएको म्याद**
  १९ असोज २०८०
- **तेस्रो पटक थपिएको म्याद**
  १९ चैत २०८०
- **चौथो पटक थपिएको म्याद**
  १८ चैत २०८१
- **पाँचौं पटक थपिएको म्याद**
  १६ पुस २०८२

त्यति बेला २०७९ को निर्वाचनबाट गठन हुने प्रतिनिधिसभा बैठक नयाँ भवनमा सञ्चालन गर्ने उद्देश्य थियो ।

सुरुको म्यादभित्र काम नसकिएपछि पहिलो पटक ३० चैत २०७९ सम्म म्याद थपिएको थियो । दोस्रो पटक १९ असोज २०८० सम्म, तेस्रो पटक १९ चैत २०८०, चौथो पटक १८ चैत २०८१ र पाँचौं पटक १६ पुस २०८२ सम्म म्याद थपिएको थियो । राष्ट्रपति, प्रधानमन्त्री, तत्कालीन सभामुख, राष्ट्रिय सभा अध्यक्ष, भौतिक पूर्वाधार र सहरी विकासमन्त्रीलगायतले निर्माणाधीन संसद् भवनको बेला-बेलामा निरीक्षण गर्दै छिटो काम सक्न निर्देशन दिने गरेका थिए । संसदीय समितिहरूले पनि बेला-बेला अनुगमन गर्दै निर्माणमा ताकेता गर्दै आएका थिए ।

सहरी विकास मन्त्रालयअन्तर्गत विशेष भवन निर्माण आयोजनाका प्रमुख रोशन श्रेष्ठले सम्पूर्ण संरचना तयार नभए पनि प्रतिनिधिसभा बैठक सञ्चालन गर्न मिल्ने गरी पूर्वाधार तयारीमा काम भइरहेको बताए । 'अबको प्रतिनिधिसभा बैठक नयाँ संसद् भवनमै बस्छ । अहिले अन्य कामलाई प्राथमिकतामा नराखी प्रतिनिधिसभा बैठक चलाउन आवश्यक पर्ने संरचना मात्र निर्माण भइरहेको छ,' उनले भने, 'समय रहेको भए सबै काम एकै पटक सक्ने गरी हुन्थ्यो ।'

श्रेष्ठका अनुसार प्रतिनिधिसभा हल र 'सेन्ट्रल लबी' को काम भइरहेको छ । राष्ट्रिय सभा हलको कामलाई अहिले प्राथमिकतामा राखिएको छैन । 'भवनबाहिरको खुला क्षेत्र र पार्किङको निर्माण पूरा गर्छौं, प्रतिनिधिसभा हलभित्रको सञ्चार, माइक, साउन्ड सिस्टम जडानको काम गरिरहेका छौं,' श्रेष्ठले भने, 'टेबल-कुर्सी भवन निर्माणस्थलमै र केही बाहिर तयार भइरहेका छन् ।'

श्रेष्ठले प्रतिनिधिसभा बैठक नयाँ भवनबाटै सञ्चालन गर्नका लागि चौबिसै घण्टा काम भइरहेको जानकारी दिए । 'इन्टेरियरको फल्स सिलिङको काम भइरहेको छ, अग्लो हल छ, माथि गएर फल्स सिलिङको काम गर्दा केही समय लागेको हो,' उनले भने । म्याद थप गर्नेबारे सहरी विकास मन्त्रालय तथा भवन निर्माण विभागमा छलफल भइरहेको उनले जानकारी दिए । 'जरिवाना गराएर म्याद थप गर्ने कि समय मात्र दिने भन्नेबारे निर्णय भएको छैन,' उनले भने, 'के गर्दा काम रोकिँदैन, त्योअनुसार निर्णय हुन्छ ।'

अब प्रतिनिधिसभा बैठक सिंहदरबारभित्रै नयाँ भवनमै बस्नेमा आशंका गर्नु नपर्ने सहरी विकासमन्त्री कुमार इङ्नाम बताउँछन् । 'ठेक्का लिएर समयमै काम नसक्ने निर्माण व्यवसायीलाई क्षतिपूर्ति तिराएर हुन्छ कि के गरी हुन्छ, काम पूरा गर्न लगाउँछौं,' उनी भन्छन्, 'निर्माण व्यवसायीलाई जति मान्छे चाहिने हो, लगाउनुस् र काम सक्नुस् भनेका छौं ।'

भवन निर्माणको प्रगतिबारे आफूले घण्टा-घण्टामा जानकारी लिइरहेको मन्त्री इङ्नामले सुनाए । 'दिनमा ४/५ सय जनाले काम गरिरहेका छन्, काममा प्रगति छ,' उनले भने, '१ चैतमा संसद् भवन चाहिन्छ । १५ फागुनसम्म सचिवालयका अरू भवन माग गरेका छौं । विपक्षी दलका नेताहरूलाई बस्ने कोठा पनि चाहियो भनेका छौं । अब निर्माणमा ढिलो गर्ने छुट छैन ।'

सिंहदरबार परिसरको १ सय ५६ रोपनी क्षेत्रफलमा संसद् भवन निर्माण भइरहेको हो । नयाँ भवन पाँच तलासम्मका छन् । त्यहाँ प्रतिनिधिसभा, राष्ट्रिय सभा भवन, सेन्ट्रल लबी, अति विशिष्ट व्यक्तिहरूको कार्यालय भवन, पुस्तकालय र संग्रहालय तयार गरिँदै छ । संसदीय दलको कार्यालय भवन, संसदीय समितिको भवन, संसद् सचिवालय भवन, चमेना गृह, प्रेस र छपाइ भवन छुट्टै बनाइएका छन् । ४ सय ७६ वटा चारपांग्रे र आठ सय वटा दुईपांग्रे सवारीसाधन पार्किङ गर्ने गरी पूर्वाधार तयार पारिँदै छ । सुरक्षाकर्मी बस्ने भवन पनि निर्माण गरिएको छ । **बाँकी पृष्ठ ९**



दमन र उत्पीडनविरुद्ध विद्रोही गायिका

एमेल माथलुथी

२०१० देखि २०१२ सम्म उत्तर-अफ्रिका र मध्यपूर्वमा चलेको अरब विद्रोहका क्रममा जनजिब्रोमा झुन्डिएको एउटा गीत थियो, 'मेरो शब्द स्वतन्त्र छ ।' युवा कवि अमिन अल घोज्जीले रचना गरेको उक्त गीतलाई एमेल माथलुथीको सशक्त प्रस्तुतिले विश्व चर्चित बनाएको थियो । उनै माथलुथी यतिबेला कान्तिपुर कन्क्लेभको 'आन्दोलन अवसरतर्फ' सेसनमा प्यानललिस्टका रूपमा सहभागी हुन काठमाडौं आएकी छन् ।

अन्वेषण अधिकारी (काठमाडौं)

संगीत सधैं मनोरन्जनका लागि मात्र हुँदैन । केही गीत यस्ता हुन्छन्, जसले परिवर्तनको छालमा नयाँ तरंग थप्छन् । वा, भनौं संगीतले मन शान्त मात्रै गर्दैन, कहिलेकाहीं मस्तिष्कलाई उद्वेलित बनाएर शरीरमा विद्रोहको काँडा उमारिदिन्छ । जमिनदारका खेतबारीमा भूमिहीनले ओकल्ने पीडा, महिलाहरूले पाखाबारीमा गाउने लोकभाका, दमनमा परेका राष्ट्र वा समुदायले गाउने गीतभित्र पनि व्यक्त-अव्यक्त रूपमा यस्ता भाव लुकेका हुन्छन् । अमेरिकी इतिहासमा दासहरूले पीडा व्यक्त गर्न होस् वा एसिया-अफ्रिकामा उपनिवेशवादविरुद्ध आगो ओकल्न, गीत-संगीत एउटा महत्त्वपूर्ण माध्यम बन्दै आएको छ ।

१९०० ताका चार्ल्स टिन्डलेले गोस्पेल जनरामा लेखेको 'वी विल ओभर सम डे' पछि रूपान्तरण भएर 'वी स्याल ओभरकम...' का रूपमा विश्वभरका मजदुर आन्दोलनको प्रतिनिधि गीत नै बन्यो । १९४७ मा स्वतन्त्रता संग्रामताका चर्चित बनेको 'सारे जहाँ से अच्छा...' भारतमा अझै पनि उत्तिकै चर्चित छ । १९६० को दशक अमेरिकामा जनअधिकार आन्दोलन र युद्धविरोधी युवामाझ बब डिलनको 'ब्लो इन द बाइन्ड' यसरी नै प्रख्यात भएको थियो ।

१९८० मा सार्वजनिक भएको बब मार्लीको 'रेडेम्प्सन सङ' उपनिवेशबाट भर्खरै मुक्त भएका अफ्रिकी देशका युवाको जिब्रोमा झुन्डिएको थियो । दक्षिण अफ्रिकामा भने यो गीत रंगभेदविरोधी लडाइँमा प्रख्यात भयो । नेपालमै २०४६ र ०६३ को जनआन्दोलनमा रामेश-रायनको गीत 'गाउँ-गाउँबाट उठ' लोकप्रिय बनेको थियो । जनसहभागिताका हिसाबले एक्काइसौं शताब्दीको सबैभन्दा ठूलो आन्दोलन 'अरब वसन्त' मा एमेल माथलुथीले स्वर भरेको गीत 'मेरो शब्द स्वतन्त्र छ' राष्ट्रिय गान जसरी नै जनजिब्रोमा झुन्डिएको थियो । युवा कवि अमिन अल घोज्जीले रचना गरेको कवितालाई उनले २००७ मा ट्युनिसियाबाट फ्रान्स जानुअघि नै तयार गरेकी थिइन् ।

यसका हरफहरूले भन्छन् :
म ती हुँ, जो स्वतन्त्र छन् र कहिल्यै डराउँदैनन्
म ती रहस्य हुँ, जसको अन्त्य कहिल्यै हुँदैन
म ती आवाज हुँ, जो कहिल्यै हार मान्दैनन्
म अस्थिरताबीचको अर्थ हुँ

ट्युनिसियाको 'ज्यास्मिन क्रान्ति'बाट सुरु भएको थियो, अरब वसन्तको उभार । कालान्तरमा गीतसँगै यो आन्दोलन पनि अरब क्षेत्रभर फैलियो र बाँकी विश्वका तानाशाहहरूको पनि सातो लियो । २०१०-१२ सम्म विभिन्न देशमा फैलिएको आन्दोलनले सुशासन, रोजगारी, स्वतन्त्रता र समान अधिकारको माग गरेको थियो । मोहम्मद बौजीजी यस क्रान्तिका पहिलो सहिद थिए । उनी ट्युनिसियाको सिदी बोजिद सहरस्थित एउटा सपिङ मार्टनजिक ठेला राखेर व्यापार गर्दथे । नाताले उनको दाइ पर्ने अली मोहम्मद पनि बौजीजीसँगै अर्को ठेला चलाउँथे । अलीका अनुसार ३ वर्षमै बाबु गुमाएका बौजीजीले आमा र ६ दिदीबहिनीलाई ठेला चलाएर पालिरहेका थिए । बहिनीहरूलाई पढाउनु नै आफ्नो जीवनको अर्थ रहेको उनले बताउने गरेका थिए । परिवारलाई गरिबीबाट उकास्न उनले १० वर्षको उमेरदेखि नै काम गर्न थालेका थिए ।

ट्युनिसियामा सडक व्यापार अवैध भएकाले पुलिसले ठेला जफत गर्नु वा एक-दुई दिन खुद्रे व्यापारीहरूलाई लगेर जेलमा कोच्नु नौलो घटनाक्रम थिएन । झिसमिसेमै तरकारी किन्न होलसेल बजार जानु अनि बिहानदेखि साँझसम्म सडकमा त्यसलाई बेच्नु बौजीजीको दैनिकी थियो । यस्ता व्यापारीसँग प्रहरीले सके घूस लिन्थे, नपाए गाडा जफत गरिदिन्थे । यी सबै परिस्थितिसँग अभ्यस्त भइसकेका बौजीजी चुट्किला भनेर सबैलाई हँसाउन माहिर थिए ।

१६ डिसेम्बर २०१० को साँझ उनले ऋण काढेर फलफूल र तरकारी किनेका थिए । भोलिपल्ट चेकिङका क्रममा प्रहरीले उनको गाडा जफत गर्‍यो र फलफूल तथा तरकारी सडकमा मिल्काइदियो । यसको प्रतिरोध गर्न खोज्दा एक प्रहरी अधिकृतले बौजीजीलाई सार्वजनिक गाली-गलौज गर्दै गालामा थप्पड लगाइन् । यसपछि न्याय माग्दै उनले स्थानीय प्रशासनमा दुर्व्यवहारको मुद्दा दायर गर्न खोजे । तर गभर्नरले यसलाई दर्ता गर्न मानेनन् । त्यसपछि मानसिक रूपमा विचलित भएका बौजीजीले नजिकैको पम्पबाट बोतलमा पेट्रोल लिएर आए । प्रशासन अगाडि बोतल समातेर झन्डै १ घण्टासम्म चिच्याएर बसिरहे । तर, कसैले उनको गुनासो सुनेन । अनि आफैंमाथि आगो लगाए ।

एक ड्राइभरले बहादुरीसाथ आफ्नो ज्याकेटले बौजीजीलाई बेरेर आगो निभाए पनि अस्पताल पुर्‍याउँदासम्म उनको अवस्था गम्भीर थियो । लगत्तै, सडकमा जम्मा भएर जनताले भ्रष्ट सरकारको विरोध गरे । यी सबै घटनाक्रमलाई सरकारी मिडियाहरूले ढाकछोप गर्न खोजिरहेका थिए । तर, सामाजिक सञ्जालको युगमा कुनै पनि विषयलाई लुकाउन मुस्किल हुन्छ । सर्वसाधारणले आफ्नो स्मार्टफोनमार्फत आन्दोलनका हरेक घटनालाई सामाजिक सञ्जालमार्फत भाइरल गरे । जसले दिनप्रतिदिन आन्दोलनमा जनसहभागिता बढायो ।

तीन वर्ष पेरिसमा बिताएकी एमेल माथलुथी यसबेला छोटो समयका लागि ट्युनिसियामै फर्किएकी थिइन् । ट्युनिसियामा सामाजिक न्याय र विद्रोहका गीतले ठाउँ नपाउने देखेरै उनी २००७ मा पेरिस गएकी थिइन् । पेरिस गएलगत्तै उनले बास्टेली दरबारअगाडिको लाइभ कन्सर्टमा 'मेरो शब्द स्वतन्त्र छ' गाइन् । गरिबी, बेरोजगारी, प्रहरी दमन, अवसरको कमीलगायत युवाहरूले भोग्ने समस्यालाई उनले ड्रमको चर्को आवाज वा आक्रोशित हाउभाउबिना नै सामान्य शैलीमा प्रस्तुत गरिरहेकी थिइन् । उनको उक्त प्रस्तुतिले बब डिलन र जोन बोएजजस्ता गायकको सम्झना गराइदिएको थियो ।

सामाजिक सञ्जालमार्फत यो गीत धेरैले सुने । तर ट्युनिसियाका रेडियो तथा टेलिभिजनबाट भने प्रसारण भएन । यस अवधिमा फ्रान्स-ट्युनिसिया आउने-जाने गरिरहे पनि ट्युनिसियामा उनले सार्वजनिक स्थलमा गाउन सक्ने परिस्थिति थिएन । २०१२ मा 'न्युज एन्ड न्वाइज'सँगको एक अन्तर्वार्तामा उनले भनेकी छन्, 'ट्युनिसियामा मलाई सानो वामपन्थी समुदायले समर्थन गर्दथे । पेरिस गएपछि मैले कन्सर्ट गर्न थालें । त्यसपछि ट्युनिसियाका युवाले पनि मलाई चिन्न थाले ।'

अमेरिकाको सान फ्रान्सिस्को बस्ने ट्युनिसियाली गायक तथा कम्पोजर म्याक राईले पेरिसमा माथलुथीले गरेको कन्सर्टको प्रशंसामा भनेका छन्, 'जब ट्युनिसियामा पुरानो सत्ताका तानाशाह शक्तिमै थिए, त्यसबेला पनि उनले गाउने हिम्मत गरिन् । जबकि उनी फ्रान्स र ट्युनिसिया दुवैतिर बस्थिन् । मलाई लाग्छ उनी साँचो कलाकार हुन् र कला पनि यही नै हो ।'

२०१० को अन्त्यमा आन्दोलनताका उनको प्रस्तुतिको भिडियो भाइरल भए पनि एमेल माथलुथी ट्युसिनियामै छिन् भन्ने कमैलाई थाहा थियो । ४ जनवरी २०११ मा ट्युनिसियास्थित बेन अरोस बर्न एन्ड ट्रमा सेन्टरले बौजीजीको मृत्यु भएको घोषणा गर्‍यो । १७ डिसेम्बरदेखि नै सल्किएको आन्दोलनको आगो यस घटनापछि डढेलो बनेर फैलियो । समाजका सबै तप्काका जनता आन्दोलनमा थिए । माथलुथीले मन थाम्न सकिनन् ।

१४ जनवरीमा ट्युनिसस्थित एभिन्यु हबिब बर्गुवाअगाडि जम्मा भएका आन्दोलनकारीसामु उनले निर्भीकतासाथ आफ्नो गायन प्रस्तुत गरिन् । आन्दोलनको रापताप उच्च थियो, केही घण्टाभित्रै राष्ट्रपति अबदिन बेन अली साउदी अरब भागे । ट्युनिसियामा २३ वर्षे तानाशाही व्यवस्था समाप्त भयो । तर, समग्र अरब क्षेत्रमा यो सुरुवातमात्रै थियो । यसको केही समयभित्रै इजिप्ट र लिबियाका तानाशाह समाप्त भए । आन्दोलनको आगो बहराइन, जोर्डन, यमन र सिरियासम्म फैलियो । ती सबै क्षेत्रमा आन्दोलनकारीको जिब्रोमा झुन्डिएको थियो, एमेलको गीत 'मेरो शब्द स्वतन्त्र छ ।'

एमेलको जन्म ११ जनवरी १९८२ मा ट्युनिस सहरमा भएको थियो । उनले आठ वर्षको उमेरमै गायन र अभिनय क्षमता देखाउन थालिन् । १० वर्षको उमेरमा गीत पनि लेखिन् । १५ वर्षको हुँदा उनलाई शुभचिन्तकहरूले भन्न थाले, 'तिम्रो स्वर व्यावसायिक गायनमा फिट हुन सक्छ ।' उनी टोरी एमोस, एलानिस मोरीस्सेट्ट र सिलिन डियोनजस्ता पप गायकबाट प्रभावित थिइन् । इन्जिनियरिङको अध्ययन गर्दाताका उनले साथीहरूसँग मिलेर एउटा मेटल ब्यान्ड खोलिन्, यसले संगीतप्रतिको लगाब थप बढायो ।

यहीक्रममा उनी जोन बोयजका गीतहरूबाट प्रभावित हुन थालिन् । बोयजका लोक-संगीतमा अभिव्यक्त विद्रोह र सामाजिक न्यायले प्रभावित गरेपछि उनले ब्यान्ड छाडिन् । त्यसपछि सामाजिक र राजनीतिक मुद्दाहरूलाई उत्तर-अफ्रिकी लोकभाकामार्फत गीतमा उतार्न थालिन् । उनले २०१२ मा दिएको अन्तर्वार्तामा मर्सेल खलिफे, महमुद दारविस, फैरुज, शेख इमाम र बब डिलनका विद्रोही गीतबाट पनि प्रभावित भएको बताएकी छन् । 'उनीहरूसँग युवा छँदैदेखि लय थियो । मेरा लागि यो स्वतन्त्रता जरुरी थियो,' उनले भनेकी छन् ।

आन्दोलन सफल भएपछि इजिप्ट, इराक, क्यानडालगायत देश गएर पनि उनले कन्सर्ट गरिन् । अरब आन्दोलनपछि उनी अमेरिकाको न्युयोर्क सहरमा बस्दै आएकी छन्, जहाँ उनले विभिन्न प्रतिष्ठित कार्यक्रमहरूमा प्रस्तुति दिन्छिन् । २०१५ मा नोबेल शान्ति पुरस्कार समारोहमा उनले हजारौंको अगाडि आफ्नो चर्चित गीत प्रस्तुत गरेकी थिइन् । उनले विश्वभर दमन र उत्पीडनमा परेकाहरूका पक्षमा गीत गाउने गरेकी छन् । उनले २०१७ मा 'इन्सेन', २०१९ मा 'एभ्रिह्वेर वी लुक्ड वाज बर्निङ', २०२० मा 'द ट्युनिस डायरिज' लगायत एल्बम निकालेकी छन् ।

-एजेन्सीको सहयोगमा

आजको राशिफल

प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

मेष – समयले साथ दिँदै जानेछ । सोचेअनुरूप सबै कुराहरू मिल्दै जानेछन् । कुनै कुराले गर्दा मन प्रसन्न रहला ।

वृष – समयअनुसार सबै कुराहरू मिल्दै जानेछन् । कुनै कुराले मनमा उत्साह जगाउनेछ । जसरी पनि आफूलाई खुसी राख्ने प्रयत्न गरिनेछ ।

मिथुन – कुनै कुराले सोचमग्न बनाउन सक्छ । समयअनुसार विचारेर आफूलाई अघि बढाइनेछ । आगामी कामकुराका लागि जोड दिइनेछ ।

कर्कट – के कुरा कत्तिको उपयुक्त छ भन्ने कुरामा विचार गर्नुपर्नेछ । कसैको लहैलहैमा नलागी आफ्नै सुरमा काम गर्नु उचित हुनेछ । आफू असम्बद्ध कुरामा तर्किएकै उचित हुनेछ ।

सिंह – कतै निम्तालु बनी जानुपर्ला । समयावस्था विचारेर कामको बाँडफाँट गर्नुपर्ला । कुनै कुराले मनमा खुसी प्रदान गर्ला ।

कन्या – समयावस्था विचारेर आफूलाई प्रस्तुत गरिनेछ । कुनै कामले व्यस्त बनाउनेछ । कुनै पनि काममा बढी नहतारिएकै उचित हुनेछ ।

तुला – विभिन्न माध्यमबाट काममा सहयोग पुग्नेछ । समयअनुसार सबै कुराहरू मिल्दै जानेछन् । कुनै कुराले मन ढुक्क रहला ।

वृश्चिक – कुनै पनि कुरामा नहतारिएकै उचित हुनेछ । कुराकानी गर्दा राम्ररी सोचविचार गर्नुपर्नेछ । आफू असम्बद्ध कुरामा मौन भएकै राम्रो हुनेछ ।

धनु – कुनै कुराको निमन्त्रणा पाइएला । समयावस्था विचारेर समयको सदुपयोग गरिनेछ । सकेसम्म सबै काम भ्याउने प्रयत्न हुनेछ ।

मकर – आत्मीयजनसितको भेटले मन खुसी हुनेछ । सकेसम्म बेलैमा काम सक्न खोजिएला । समयलाई आफूअनुकूल गराउन खोजिनेछ ।

कुम्भ – नगरी नहुने काममा जोड दिइनेछ । कसैसित कतै जम्काभेट हुन सक्छ । सकेसम्म हरेक कुरामा अद्यावधिक हुन खोजिनेछ ।

मीन – समयअनुसार चल्ने प्रयत्न हुनेछ । बेलामौका विचारेर आफूलाई खटाइनेछ । साधारणतया सबै काममा सरिक हुने प्रयत्न गरिएला ।

वर्गीकृत विज्ञापन

घर जग्गा

जग्गाको मूल्यमा घर ९८४१२४०५६०, ९८५१०९८४०६

लामाटारमा ०-४-०-० नयाँघर, हरिसिद्धिमा ०-३-०-० नयाँघर, सानेपामा ०-३-२-० जग्गा 9709090386

रिङरोडबाट ५०मिटर बाहिर व्यापारिकघर 9818509742

सितलहाईट Brand-new घर, डाइरेक्ट 9851014549

सम्पर्क

सेफ्टीट्याङ्की सफाई ठूलोगाडीमा मेसिनबाट 9851024364

सस्तोमा CASHDEPOSIT, धितोफुकुवा, बैंकलोन 9851154609

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9841193311

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

बैंक/फाइनान्सबाट धितोफुकुवा, ऋण ट्रान्सफर ९७४३९०३०१८

निर्माण सफाई

ठूलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

ढलटवाइलेट मंगल जामखोल्ने 500/- 9841176292

चाहियो

महिला, पुरुष सुरक्षा गार्डहरू तु चाहियो, ९८०३०९०९६१

स्कूललाई काम गर्ने दिदि, पाटन, 9818563707

गर्ल्सहोस्टेलमा महिला हेल्पर चाहियो 9845858247

जावलाखेलमा अफिस सरसफाई तथा Office helper कोलागि महिला चाहियो, उमेर १८-२५ वर्ष, पढाई SEE अनिवार्य तथा १ वर्षको अनुभव समय ९ देखि ६, तलब १५,०००/- सम्पर्क 9704599204

नयाबानेश्वर खाजाघरमा कामगर्ने महिला चाहियो, ९८०८२१७८२५

Urgent Receptionist चाहियो 01-4964778 बसुन्धारा

क्यान्टिनकोलागि कुक, हेल्पर, वेटर डिसवासर ९८१३३५७८९३

किचनहेल्पर तलब १५,०००/-, खानबस्न ९८४९४३८७३९

रेष्टुरेण्टमा भाडा माझ्ने खाने बस्ने सुविधा ९८१३४७५२८४

कुक, वेटर, हेल्पर जोरपाटी 9823348318

लेडिज-होस्टेलमा लेडिज-कुक चाहियो पुतलीसडक, 9851337884

भर्ना

Distance Online B.Com /M. Com 9841206019

बिहावारी

UK निवासी MBA, ACCA गरी प्रतिष्ठित कम्पनिमा कार्यरत क्षेत्रि २९ बर्षीय वरको लागी शिक्षित क्षेत्री बधु चाहियो, 9849058839

वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

रिजन एड मिडिया एण्ड मार्केटिङ्ग	पेप्सीकोला/कोटेश्वर	०१-४५९३५३१, ९८५११७८८३०	पशुपति विज्ञापन सेवा	सोह्रखुट्टे चोक	९८६६४३०१५५, ९८१३६३५६०९	क्वीक कम्युनिकेशन सर्भिस	बालाजु	४९८३४५२, ४९८५४२६
सुस्मिता क्लासिफाइड	नयाँबानेश्वर	०१-४१०४२३७, ९८५१०२११७२	मरमिड	कलंकी	५२३४३४२, ९८४९४७५६७५	गेटवे सञ्चार सेवा	सिनामंगल	९८०३७३९९८८, ९८५१०५३०७८
सिद्धि गणेश एडभरटाइजिङ्ग	फुलबारी टोल, कपन	९८४१२८९४४७, ९८४३७८७५५६	निशा बुक्स एण्ड स्टेशनरी	लगनखेल	५५३१९५७, ९८४१६२७४८९	आर्क मिडिया	सुन्धारा	०१-५७१३९७१, ९८५१२२८२२८
युनिटेक आई.टी. सोलुसन	चुच्चेपाटी	९८४१३१५४४१, ०१४५८९९०२	सेढाई स्टेशनरी	बसुन्धरा	९८४६१७८२२८	अदीति विज्ञापन सेवा	कौशलटार	९८५११२२३८१
जयबागेश्वरी कम्युनिकेशन	जयबागेश्वरी	०१-५२४१०११, ९८६३३३७२१७	नेपाल मिडिया कन्सल्ट	सिफल	०१-४५७८१०३	माउण्टेन एर एड	एकान्तकुना, नख्खु	५५३३७६६, ९८४९६६९४६५
हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन	जमल	४२२४१८१, ४०१२५७७	सूर्य विनायक साइबर	भक्तपुर	५०९२६७४, ९८४१९७०८४१	लुमिनेन्ट एड एजेन्सी	कुमारीपाटी	०१-५१७१२१६, ९८५११९५५२५
पब्लिक कन्ट्याक्ट प्वाइन्ट	कालिमाटी	४६७४८०१, ९८४१६९९३९३	डि. एण्ड डि एडभरटाइजिङ्ग	लुभु	५५८०४०६, ५५५४३३२	सुविधा डटकम	बनस्थली	४३५२७७२, ९८४१७११५१२
न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस	लगनखेल	५५४३५८२, ९८४१८३४५३४	स्मार्ट इन्भेष्टमेन्ट	जोरपाटी	९८५१०८९२५३, ९७४१०१७२५३	सेभेन 24 प्रा.लि.	जावलाखेल, लपु	०१-५४४७७९७, ०१-५४३५९२४
भ्याली कम्युनिकेशन सर्भिस	महाराजगञ्ज	०१४३७२३३०, ९८४९९६५२९३	प्रयास इन्टरप्राइजेज	बागबजार	४२४५१०८	मिडिया एडब	लाजिम्पाट	४००१०२५
बि. एण्ड बि. कम्यूनिकेशन	कलंकी	५२३४५३०, ९८४१०२१५२३	किपु बुक प्वाइन्ट	कीर्तिपुर	४३३१७७५	सगरमाथा श्री मिडिया	बालकुमारी	९८४१९५४००७, ०१-५१००४७०
लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि.	गोंगबु, नयांवसपार्क	९८५१०२४३९८, ४३६४७५१	कान्तिपुर सञ्चार सेवा	कमलपोखरी	४५१४९२२, ९८४१४७८६००	गणेश पुस्तक	कांकडभित्ता	९८४२६३३४०६, ०२३-५६३१०९
विडलिंक मिडिया	पु. बानेश्वरचोक	४४९२३०९, ९८४९९६०६१४	मिडिया वे प्रा.लि.	नयाँबजार	४३८७८५५, ९८४१५१७०४५	मुनाल पुस्तक पसल	गाईघाट	९८४२८७५५५५, ०३५-४२०१२५
अनलाइन विज्ञापन सेवा	सिनामंगल	४४९१४१२, ९८५११२०१८०	न्यु टिन्स स्टेशनरी	सातदोबाटो	९६१७७४९१०९, ९८४१३२३८२८	श्रेष्ठ बुक्स एण्ड स्टेशनरी	दमक	०२३-५८४१२५, ९८४२६२०७५७
			दीप सेवा कम्पनी	कोटेश्वर	४६०००७०	के.डि.ए. सप्लायर्स एण्ड एड	भरतपुर	०५६-५७२१०९, ९८४५१९९३६१
						चितवन एडभरटाइजिङ्ग	भरतपुर	०५६-५३१००८, ९८५५०६३४०७

वर्गीकृत विज्ञापन साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

* म.उ.क. बाहेक

सर्लाही–२ : महतो–यादव कहिले सहयात्री, कहिले प्रतिस्पर्धी

२०७९ को चुनावमा यस क्षेत्रमा महेन्द्रराय यादवले राजेन्द्र महतोलाई पराजित गरेका थिए, यस पटक उनीहरूलाई रास्वपाका रवीन महतो र कांग्रेसका सरोज यादव चुनौती दिँदै छन्

कान्तिपुर निर्वाचन यात्रा



महेन्द्रराय यादव, नेकपा

राजेन्द्र महतो, रामुपा

डा. सरोज यादव, कांग्रेस

नागेश्वर साह, एमाले

रवीन महतो, रास्वपा

सर्लाहीमा **शिव पुरी**

मधेशका दुई स्थापित नेता ६७ वर्षका राजेन्द्र महतो र ८८ वर्षका महेन्द्रराय यादव कहिले एउटै दलमा सहयात्री त कहिले फरक पार्टीबाट प्रतिस्पर्धी भई चुनाव लड्दै आएका छन् । वैशाख २०७४ देखि राष्ट्रिय जनता पार्टीमा सहयात्री रहिसकेका यी नेता २०७६ मा पार्टी टुटपछि प्रतिस्पर्धी बनेर चुनावमा सहभागी हुँदै आएका छन् ।

दुवै नेताले पार्टी, क्षेत्र र जिल्ला परिवर्तन गरेर चुनावी मैदानमा प्रतिस्पर्धा गर्दै आएका छन् । मधेशमा स्थापित अनुहार भएकाले दुवैबीचको प्रतिस्पर्धा प्रतिष्ठाको लडाइँ बन्दै आएको छ । दुवैको भूगोल र समुदायमा पकड भएकाले चुनावी नतिजालाई अनपेक्षित बनाउने गरेको छ । महतो हाल राष्ट्रिय मुक्ति पार्टी (रामुपा) नेपालका अध्यक्ष हुन्, यादव नेकपाका नेता । दुवै यसपालि सर्लाही–२ मा प्रतिस्पर्धी छन् ।

उनीहरूसित रास्वपाबाट रवीन महतो र कांग्रेसका डा. सरोज यादव भिड्दै छन् । यादवको पकड ग्रामीण र यादव बाहुल्य क्षेत्रमा देखिन्छ । महतोको प्रभाव सदरमुकाम र वैश्य समुदायमा बलियो मानिन्छ । यस पटक यी युवा उम्मेदवारका कारण प्रतिस्पर्धा रोचक बन्दै गएको छ ।

कांग्रेसले पकड जोगाउन यादवलाई अघि सारेको छ । डा. यादव जिल्लाको राजनीतिमा परिचित हुन् । पेसाले चिकित्सक भए पनि लामो समयदेखि सामाजिक र राजनीतिक क्षेत्रमा सक्रिय यादवलाई कांग्रेसले उम्मेदवार बनाएको छ । उनी जिल्ला कार्यसमितिमा उपसभापति थिए । उनका बुबा कांग्रेस नेता नागेन्द्र राय अनुभवी राजनीतिज्ञ हुन् ।

रास्वपाले सर्लाही–२ मा रवीनलाई उम्मेदवार बनाएको छ । 'परिवर्तन र वैकल्पिक राजनीति' को नारासहित रवीन मतदातामाझ पुगिरहेका छन् । भ्रष्टाचार निवारण, सुशासन र युवा स्वरोजगारलाई चुनावी अभियान बनाएका छन् । परम्परागत दलप्रतिको वितृष्णालाई आफ्नो पक्षमा पार्ने उनको रणनीति देखिन्छ । 'सहरी होस् वा ग्रामीण, युवा मतदाताको समर्थन मेरो शक्ति हो,' उनले भने, 'अब नयाँ पुस्ता र परिवर्तनले देशमा आमूल परिवर्तन सम्भव छ ।' यहाँ २०७९ मा रास्वपाबाट उम्मेदवार बनेका जयकरण महतोले ५ सय ६९ मत प्राप्त गरेका थिए ।

सर्लाही–२ मा एमालेबाट नागेश्वर साह उम्मेदवार छन् । उनी २०७४ मा राष्ट्रिय जनता पार्टीका जिल्ला अध्यक्ष थिए । साह २०७६ मा एमाले प्रवेश गरेका थिए । त्यसपछि उनी एमालेको प्रदेश सदस्य भए । यस क्षेत्रमा एमालेको १५ हजार पकेट मत रहेको उनको दाबी छ । एमाले प्रवेश गरेपछि यो क्षेत्रमा पार्टीको संगठनमार्फत धेरै काम गरेको उनी बताउँछन् ।

२०७९ को चुनावमा सर्लाही–२ मा महेन्द्र राय यादवले राजेन्द्र महतोलाई हराएका थिए । तत्कालीन माओवादीबाट चुनाव लडेका यादव २३ हजार ५ सय २९ मत ल्याएर विजयी भएका थिए । त्यतिबेला लोसपाका उम्मेदवार रहेका महतोले २१ हजार ५ सय १८ मत ल्याएका थिए ।

त्यसअघि २०७४ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा भने यी दुवै नेता राष्ट्रिय जनता पार्टीमा थिए । महतो धनुषा–३ बाट उम्मेदवार बनेर विजयी भएका थिए । महतोले ३० हजार ७ सय ५० मत ल्याएका थिए । कांग्रेसका विमलेन्द्र निधिले २७ हजार ८ सय ४७ मत पाएका थिए । यादव उक्त निर्वाचनमा सर्लाही–२ मा विजयी भए । उनले २९ हजार १ सय ९१ मत पाएका थिए । उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका जंगीलालराय यादवले १८ हजार ९ सय ७६ मत ल्याएका थिए ।

२०७० को दोस्रो संविधानसभा निर्वाचनमा भने नेपाल सद्भावना पार्टीबाट महतो र तराई मधेश सद्भावना पार्टीबाट यादव सर्लाही–४ मा आमने–सामने भएका थिए । यादव त्यतिबेला ११ हजार ५ सय ३४ मत ल्याएर विजयी भए, महतोले ८ हजार ७ सय ९० मत ल्याएका थिए । २०६४ को पहिलो संविधानसभा निर्वाचनमा महतो नेपाल सद्भावना पार्टीका उम्मेदवार बनेर सर्लाही–४ मा १७ हजार ७३ मत पाएर विजयी भएका थिए । उनका निकटतम प्रतिस्पर्धी तत्कालीन तमलोपाका रामचन्द्र रायले ८ हजार ७ सय ५२ मत ल्याएका थिए ।

महतो विभिन्न दलको नेतृत्व तहमा चक्कर लगाइरहनेमध्ये पर्छन् । सत्तामा छँदा मौन र सडकमा चर्को नारा उराल्छन् । पछिल्लो समय तराईकेन्द्रित दल बारम्बार जुट्ने र फुट्ने भइरहेका छन् । 'पार्टी एकीकृत गर्न निकै प्रयास गर्दा पनि सकिनँ,' महतोले भने, 'म सहभागी पार्टीको नाम फेरिए पनि उद्देश्य फेरिएन । त्यसैले छुट्टै पार्टी खोलेर अभियान चलाउँदै आएको छु ।' महतोले पछिल्लो समय राष्ट्रिय मुक्ति पार्टी गठन गरेर मधेशदेखि पहाडसम्म अभियान चलाइरहेका छन् ।

बहुदल बहालीपछि राजनीतिमा सक्रिय महतो आफ्नो अभिव्यक्तिका कारण बेला–बेला विवादित भइरहन्छन् । २०७२ मा संविधान जारी भएका बेला नेपाल–भारत सीमा क्षेत्रमा गएर महतोसहितका नेता धर्नामा बसेका थिए । त्यसबेला भारतले नेपालमा अघोषित नाकाबन्दी गरेको थियो । 'मधेशको पहिचानका निम्ति नाकामा गएर बसें । पहिचानका लागि लडाइँ जारी छ,' उनले भने, 'मधेश आन्दोलन अझै पनि सफल भएको छैन । देशमा सुशासन छैन । भ्रष्टाचार बढेको छ ।'

पटक–पटक मन्त्री भइसकेका नेताद्वय जिल्लामा विकासको लहर ल्याएको दाबी गर्छन् । तर, उनीहरूको निर्वाचन क्षेत्र विकासमा पछि परेको स्थानीय बताउँछन् । यसपालि भोट माग्न आएमा यसअघिका चुनावमा गरिएका वाचा कति पूरा भए/भएनन् त्यसको हिसाब माग्ने सलेमपुरका रामभरोसे साहले सुनाए । 'शिक्षा, स्वास्थ्य, बाटोलगायत भौतिक पूर्वाधार खडा गरी जिल्लामा आमूल परिवर्तन गर्छु भनेर नेताले गरेका वाचाको एक/एक हिसाब माग्छौं,' उनले भने, 'नेताले चुनावलाई झुक्याउने उत्सव बनाएका छन्, यसपालि हेरौंला ।'

२०६१/०६२ को जनआन्दोलनपछिको अन्तरिम सरकारका बेलामा महतो उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री भएका थिए । २०६४ मा पहिलो संविधानसभाको निर्वाचन जितेपछि दोस्रो पटक उनी उद्योग वाणिज्य आपूर्तिमन्त्री भए । २०६६ मा तत्कालीन एमाले नेता माधवकुमार नेपालको मन्त्रीमण्डलमा पुनः उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री बनेर उनले ह्याट्रिक गरे । २०६८ मा स्वास्थ्य तथा जनसंख्यामन्त्री भए । २०७८ मा उपप्रधान तथा सहरी विकासमन्त्री बने । तर उनी उम्मेदवार बन्दै आएको सर्लाही–२ मा शिक्षा, स्वास्थ्य, बाटोको अवस्था दयनीय छ ।

मधेशमा रौतहटपछि धेरै जनसंख्या गरिबीको रेखामुनि रहेको जिल्ला सर्लाही हो । यहाँ २६.७० प्रतिशत गरिबी छ । यस क्षेत्रको साक्षरता दर राष्ट्रिय औसत ७६.२ प्रतिशतभन्दा कम छ । सरकारी विद्यालयको संख्या पर्याप्त देखिए पनि गुणस्तरीय शिक्षा र भौतिक पूर्वाधार अभाव छन् । सदरमुकाम मलंगवामा जिल्ला अस्पताल छ । तर, ग्रामीण भेगका स्वास्थ्य चौकीमा दक्ष जनशक्ति (डाक्टर) र उपकरणको अभाव छ । 'सदरमुकामकै हालत हेर्नुस् । कोही मानिस बिरामी परे भने उपचारका लागि चितवन र काठमाडौं लैजानुपर्छ, सुविधा सम्पन्न अस्पताल र चिकित्सक छैनन्,' सदरमुकाममा ठेला चलाउँदै गरेका मजदुर जगदीश महतोले भने ।

हुलाकी राजमार्गको निर्माणले केही राहत दिए पनि भित्री सडक कच्ची छन् । बर्खायाममा भित्री सडक हिलाम्मे हुने र निकासको उचित व्यवस्था नहुँदा यातायात अवरुद्ध हुने समस्या रहेको सर्लाही–२ का कांग्रेस उम्मेदवार डा. सरोज यादवले बताए । 'डुबानको समस्या छ, सदरमुकामकै अवस्था गतिलो छैन,' उनले भने, 'शिक्षा, स्वास्थ्य, बाटोलगायतका विकासका काम गर्नुपर्नेछ ।'

पूर्वप्राध्यापक योगेन्द्र यादवले पुराना सोच र पुरानै मानसिकता बोकेका दलबाट जनता दिक्क भइसकेकाले यस पटक चुनावी परिणाम फरक पर्न सक्ने बताउँछन् । 'हिजो मेरो जातका मानिस यति छन् भनेर गनेर जातीय राजनीतिबाट जितेर जान्थे तर जनताको समस्या उस्तै हुन्थ्यो,' उनले भने, 'अहिले नयाँ पुस्ता र जेन–जी आन्दोलनले अवस्था फेरिएको छ । यस पटक मधेशमा कसैले कल्पनै नगरेको परिणाम आयो भने आश्चर्य नमाने हुन्छ ।'

सर्लाही–२ मा ३१ उम्मेदवार छन्, जसमा १७ स्वतन्त्र छन् । यस क्षेत्रमा सदरमुकाम मलंगवा नगरपालिका, हरिपुर नगरपालिका र कविलासी नगरपालिकाका ८, ९ र १० नम्बर वडा र ईश्वरपुर नगरपालिकाको १५ नम्बर वडा पर्छ । कडौना गाउँपालिका, विष्णुपुर गाउँपालिकाका ५, ६, ७ र ८ नम्बर वडा, ब्रह्मपुरी गाउँपालिका, पर्सा गाउँपालिका पनि पर्छन् । गत स्थानीय तह चुनावमा मलंगवा नगरपालिका प्रमुख कांग्रेस, हरिपुरमा एमाले, कडौना गाउँपालिका, कविलासी नगरपालिका र ब्रह्मपुरीमा राजपाले जितेका थिए । पर्सा गाउँपालिका संघीय समाजवादी फोरम नेपालले जितेको थियो ।

त्रिविमा अखिल क्रान्तिकारीको अराजकता जारी

गंगा बीसी (काठमाडौं)

अखिल क्रान्तिकारीले गत साता तोडफोड गरेको त्रिवि शिक्षाध्यक्षको नेमप्लेट ।

कान्तिपुर संवाददाता (काठमाडौं)

नेकपाको भ्रातृ संगठन अखिल क्रान्तिकारीले त्रिभुवन विश्वविद्यालयमा अमर्यादित र अभद्र व्यवहार प्रदर्शन गर्दै आएको विश्वविद्यालयका पदाधिकारी तथा प्राध्यापकले गुनासो गरेका छन् । विश्वविद्यालयमा गरेको तालाबन्दी प्रहरी प्रशासनको सहयोगमा खुलेपछि आक्रोशित क्रान्तिकारीले अभद्र व्यवहार प्रदर्शन गरेका हुन् । यसै कारण करिब ५ लाख विद्यार्थीले उच्चशिक्षा पढ्ने विश्वविद्यालयको शैक्षिक गतिविधि बिथोलिँदै गएको छ ।

शुक्रबार बिहानै क्रान्तिकारीका कार्यकर्ताले उपकुलपति र रजिस्ट्रारको कुर्सीमा अपशब्द प्रयोग गरी पर्चा टाँसेका थिए । पर्चा टाँसिएको तस्बिर क्रान्तिकारीका त्रिवि समिति अध्यक्ष दिनेश ऐरले सामाजिक सञ्जालबाट सार्वजनिक गरे । उपकुलपति दीपक अर्याल र रजिस्ट्रार केदार रिजालको कुर्सीमा 'म शैक्षिक माफिया हुँ', 'म विश्वविद्यालयको शैक्षिक धमिरा हुँ' लगायत दुर्व्यवहारयुक्त शब्द लेखिएका पर्चा टाँसिएको छ ।

शुक्रबारको घटनाका सन्दर्भमा ऐरले सामाजिक सञ्जालमा तस्बिर साझा गर्दै उपकुलपति र रजिस्ट्रारलाई शैक्षिक माफिया र दमनकारीको संज्ञा दिएका छन् । त्रिवि मानविकी संकायअन्तर्गतका चारवटा आत्मनिर्भर (सेल्फ–सस्टेन) कार्यक्रम केन्द्रीय विभागका रूपमा स्तरोन्नति भइसके पनि शुल्क समायोजनसम्बन्धी सहमति कार्यान्वयन नगरेको उनको भनाइ छ । उनले लेखेका छन्, 'त्यसैले पदाधिकारीका कुर्सीहरूमा फोटो टाँसेर गरिएको सांकेतिक विरोध व्यक्तिमाथि होइन, कर्तव्यविहीनतामाथि हो, उनीहरूले देखाएको वास्तविक चरित्रको पर्दाफास हो । सहमति गर्ने र तोड्ने खेल बन्द गरियोस् । तत्काल वार्ता खोलियोस्, सहमति लागू गरियोस् ।'

यही समूहले गत सोमबार रेक्टर खड्ग केसीको कार्यकक्ष बाहिरको नेमप्लेट फालेको थियो । नेमप्लेट तोडफोड गरिएको तस्बिर सामाजिक सञ्जालमा भाइरल भयो । उद्दण्ड र अराजक क्रियाकलाप गरेको भन्दै सामाजिक सञ्जालमा क्रान्तिकारीको आलोचना हुँदै आएको छ । 'रेक्टर रिजाल विश्वविद्यालयको काममा भैरहवा जानु भएको थियो । क्रान्तिकारीका ५/६ विद्यार्थी आए । यो रेक्टर काम लाग्दैन । हामी अर्को रेक्टर नियुक्त गर्छौं भन्दै नेमप्लेट झिकेर लगे,' रेक्टर कार्यालयका एक कर्मचारीले भने, 'नेमप्लेट तोडफोड गरी क्षति गराएको तस्बिर सामाजिक सञ्जालमा देख्यौं ।'

क्रान्तिकारीले उपकुलपतिलगायत पदाधिकारीको कार्यकक्षमा लगाएको ताला प्रशासनले खोलेपछि १२ माघमा विश्वविद्यालयमा मसाल जुलुस निकालेको थियो । क्रान्तिकारीका ऐरले तालाबन्दी खुलेपछि सार्वजनिक रूपमै पदाधिकारीलाई भौतिक आक्रमण गर्ने चेतावनी दिएका थिए । यस्ता गतिविधिले पदाधिकारीसहित प्राध्यापक, विद्यार्थी र कर्मचारीलाई आतंकित पारेको प्राध्यापकहरूको गुनासो छ । 'विश्वविद्यालयमा सुरक्षाको वातावरण बिग्रिएको छ । जसले जतिबेला जे गरे पनि हुने बाहुबल चलेको छ,' त्रिविका एक प्राध्यापकले भने, 'दण्डहीनता बढेको छ । जस्तासुकै गैरकानुनी क्रियाकलाप गरे पनि कारबाही हुँदैन ।'

> उपकुलपति र रजिस्ट्रारको कुर्सीमा अपशब्द प्रयोग गरी पर्चा टाँसियो, त्रिवि पदाधिकारीलाई भौतिक आक्रमण गर्ने चेतावनी

नेपाल प्रगतिशील प्राध्यापक संगठनका अध्यक्ष पद्मप्रसाद खतिवडा र महासचिव सुमन खरेलले विज्ञप्ति जारी गरेर विश्वविद्यालयका पदाधिकारीमाथि अराजक व्यवहार भएको र लोकतान्त्रिक प्रणालीमा यस्तो व्यवहार स्वीकार्य नहुने जनाएका छन् । शान्तिपूर्ण तरिकाबाट असहमति राख्न आग्रह गरिएको छ । प्राध्यापक संगठनले वार्ता र सहकार्यबाट अवरोध अन्त्य गर्न त्रिवि र विद्यार्थी संगठनलाई आग्रह गरेको छ ।

क्रान्तिकारीले १९ पुसमा उपकुलपति, रेक्टर, रजिस्ट्रारको कार्यालयमा तालाबन्दी गरेको थियो । सहमति कार्यान्वयन नभएको भन्दै क्रान्तिकारीले लगाएको ताला माघमा खुलाउन त्रिविले अल्टिमेटम दिएको थियो । ताला नखुलाएपछि प्रशासनको सहयोगमा तोडिएको उपकुलपति अर्यालले बताए ।

अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति, लैंगिक अध्ययन, सामाजिक कार्य र द्वन्द्व शान्ति तथा विकास अध्ययन विभागको शुल्क घटाउने सहमति कार्यान्वयन नभएको भन्दै तालाबन्दी गरिएको थियो । त्रिविले शुल्क सम्बन्धनका लागि शुल्क पुनरावलोकन कार्यदल गठन गरी काम अघि बढाएको जनाएको छ । विद्यार्थीका माग आर्थिक प्रशासनसँग पनि सम्बन्धित रहेकाले विस्तृत अध्ययनपछि मात्रै पूरा गर्न सकिने उपकुलपति अर्यालको भनाइ छ । 'शुल्क पुनरावलोकन कार्यदल गठन गरेर माग पूरा गर्ने प्रक्रिया थालिएको छ,' उनले भने ।

सर्वोच्च अदालतको आदेशअनुसार ताला खोलिएको त्रिविले जनाएको छ । सर्वोच्चले गत १८ असारमा त्रिविमा तालाबन्दी नगर्न र गरेको भए खुलाउन अन्तरिम आदेश दिएको थियो । उक्त आदेश कार्यान्वयन गरिएको उपकुलपति अर्यालले जनाए । ताला खोलेकै दिन क्रान्तिकारीका विद्यार्थीले लखेट्ने र भौतिक आक्रमण गर्ने धम्की दिएको उनले बताए ।

धम्कीका कारण ताला खुले पनि पदाधिकारीले विश्वविद्यालयको कार्यकक्षमा पुगेर काम गर्न पाएका छैनन् । उनीहरूले फरक–फरक डिन कार्यालय र विभागलगायत त्रिविका अन्य निकायमा बसेर दैनिक कार्यसम्पादन गर्दै आएका छन् । ऐरले प्रहरी प्रशासन लगाएर ताला खोलिएकोमा आपत्ति जनाउँदै सामाजिक सञ्जालमा लेखेका छन्, 'विद्यार्थी संगठन र आन्दोलनलाई जिस्काएर निहुँ खोजेको हो ? हेरौंला तिमीहरू विश्वविद्यालयमा कसरी छिर्दा रहेछौं ।'

विद्यार्थी संघ–संगठनले यसअघि पनि त्रिविका पदाधिकारीलाई धाकधम्की दिएर विश्वविद्यालय आउजाउमा अवरोध गर्दै आएका थिए । 'हामी अदालतको आदेशको सम्मान गर्छौं र गर्दै आएका छौं । तर अदालतको आदेशको आडमा विद्यार्थीका जायज मागहरू दबाउने, अन्याय थोपर्ने र प्रशासनिक दमन स्वीकार्य छैन । यसको विरुद्ध प्रतिकार गर्नु हाम्रो अधिकार र दायित्व हो,' ऐरले भनेका छन्, 'प्रशासनको धम्की र दमनको बलमा क्रान्तिकारीका शान्तिपूर्ण आन्दोलनमाथि धावा बोल्ने प्रयास गर्छ भने चुप लागेर बस्दैनौं । सशक्त र संगठित प्रतिकार गर्न बाध्य हुनेछौं ।' विगतको सहमति कार्यान्वयन गर्नुपर्ने, वार्ता र संवादबाट समाधान खोजिनुपर्ने क्रान्तिकारीले विज्ञप्तिमार्फत माग राख्दै आएको छ ।

त्रिविले बजेट, कार्यक्रममार्फत आत्मनिर्भर कार्यक्रमका रूपमा सञ्चालित यी ४ विषयको विभाग बनाएको थियो । क्रान्तिकारीले विभागको मापदण्डअनुसार शुल्क घटाउन माग राख्दै गत असारमा ३४ दिनसम्म आन्दोलन गरेपछि सहमति भएको थियो ।

चुनाव लागेसँगै सःशुल्क डिजिटल प्रचार गर्नेहरूको ओइरो

- ९० दिनमा मात्रै कम्तीमा १० हजार ७ सय ७ अमेरिकी डलर खर्च
- गतिशील लोकतान्त्रिक पार्टी, राष्ट्रिय परिवर्तन पार्टी, व्यक्तिगत उम्मेदवारतर्फ श्री गुरुङ, नैनसिंह महरलगायतको खर्च धेरै

सजना बराल (काठमाडौं)

आसन्न प्रतिनिधिसभा निर्वाचनका बेला मेटा प्लाटफर्ममा राजनीतिक विज्ञापनका लागि ९० दिनमा मात्रै कम्तीमा १० हजार ७ सय ७ अमेरिकी डलर खर्च भइसकेको छ । राजनीतिक दल, उम्मेदवार, समर्थकसँगै विभिन्न संघसंस्थाले सामाजिक मुद्दा, निर्वाचन वा राजनीतिसँग सम्बन्धित कन्टेन्टका लागि निरन्तर खर्च बढाएको देखिन्छ ।

मेटाको एड लाइब्रेरीमा देखाइएका सबै दल, उम्मेदवार, समर्थक समूह तथा संघसंस्थाका विज्ञापन खर्चलाई न्यूनतम सम्भावित अंकको औसत आधारमा जोडेर यो राशि निकालिएको हो । मेटाले ८ सय ९८ वटा विज्ञापनलाई '१ हजार डलरभन्दा कम' मूल्यका भनेर दायरा मात्र देखाउने भएकाले त्यस्ता प्रत्येक विज्ञापनलाई १ डलर मानेर जोड्दा पनि कुल खर्च १० हजार डलर नाघेको देखिन्छ । यसको अर्थ, विज्ञापन खर्चको वास्तविक रकम अझै बढी हुन सक्छ ।

अधिकतम दायराअनुसार गणना गर्दा यो अवधिमा फेसबुक र इन्स्टाग्रामका गरिएको खर्च १ लाख डलरसम्म पुग्न सक्ने देखिन्छ । मेटाले १ डलरमा विज्ञापन पोस्ट गर्न दिँदैन । नेपालजस्तो बजारमा पनि न्यूनतम दैनिक खर्च प्रायः ३ देखि ५ डलर वरिपरि हुने गरेको डिजिटल विज्ञापनकर्ताहरूको अनुभव छ । विगत ९० दिनको यो खर्च केलाउँदा 'गतिशील लोकतान्त्रिक पार्टी' ले ४५ वटा विज्ञापनका लागि १ हजार ४ सय ७४ डलर तिरेर ४५ वटा विज्ञापन पोस्ट गरेको छ ।

उज्यालो नेपाल पार्टीसँग एकता गरेको राष्ट्रिय परिवर्तन पार्टीले १ हजार २ सय ७० डलर र उज्यालो नेपालको आधिकारिक पेजले ८ सय २९ डलर खर्च गरेको छ । व्यक्तिगत उम्मेदवारतर्फ श्री गुरुङले ५ सय ९२ डलर र नैनसिंह महरले ३ सय ६६ डलर खर्चेर चुनावी रापलाई मोबाइलका स्क्रिनसम्म पुर्‍याइरहेका छन् । दिलीप बगदियाले ३ सय ६४ डलर र अजय क्रान्तिका समर्थकहरूले २ सय ३८ डलर खर्च गरेको तथ्यांक छ ।

अझै पनि अञ्चल संरचनाकै आधारमा आँकडा देखाउने मेटाका अनुसार यो चुनावी विज्ञापनमा बागमती अञ्चल डिजिटल विज्ञापनको मुख्य केन्द्र बनेको छ । यहाँबाट झन्डै ६ हजार डलरका राजनीतिक विज्ञापनहरू अर्डर भएको देखिन्छ । बागमतीपछि कोशी अञ्चलमा १ हजार ३ सय ४७ डलर, नारायणी अञ्चलमा १ हजार २ सय ७७ डलर, गण्डकीमा १ हजार ३३ डलर, मेचीमा १ हजार ५ डलर खर्च भएको छ । यसको विपरीत महाकाली, धौलागिरी र कर्णालीमा विज्ञापन खर्च अत्यन्तै न्यून छ । यसले सहरी क्षेत्र र इन्टरनेटको पहुँच बढी भएका भूगोलमा डिजिटल चुनावी प्रचारप्रसार एकोहोरिएको देखिन्छ ।

डिजिटल प्रचारको यो होडबाजीमा कतिपय उम्मेदवारका नाममा खोलिएका फलोअर्स पेजहरूले आधिकारिक पेजभन्दा बढी सक्रियता देखाइरहेका छन् । निर्वाचन आयोगले सामाजिक सञ्जालको विज्ञापनमा कडाइ गर्ने बताइरहँदा आधिकारिक डिस्क्लेमरबिना नै विदेशबाट र प्रोक्सी एकाउन्टहरूबाट प्रचार भइरहेको छ ।

निर्वाचन डिजिटल प्रचारप्रसारका क्रममा बहस नभएको अर्को पाटो अन्य प्लाटफर्महरूमा भएको खर्चको पारदर्शिता नहुनु हो । मेटाले झैं अन्य प्लाटफर्महरूले राजनीतिक वा अन्य डिजिटल प्रचारमा भएका खर्च देखाउँदैनन् । त्यसले गर्दा अहिलेको डिजिटल विज्ञापन चर्चामा चुनावका बेला अनगिन्ती बढ्ने एक्स प्लाटफर्ममा ब्लु टिक लगाउनेहरू, युट्युबमा गरिएका विज्ञापन, विभिन्न प्लाटफर्ममा इन्फ्लुएन्सरमार्फत गरिने प्रचारमा लाग्ने खर्च समावेश छैनन् ।

एक्समा भेरिफाइड एकाउन्ट रहेका विभिन्न दलका नेता र राजनीतिक अभियन्तामध्ये कैयौंको एकाउन्ट भेरिफिकेसन खर्च विदेशमा बस्ने समर्थक वा सहयोगीहरूले बेहोरिदिने गरेका छन् । भेरिफिकेसनका लागि प्रतिमहिना ८ अमेरिकी डलरभन्दा माथिका विकल्पहरू उपलब्ध छन् । यस्तै, नेपालका कतिपय पेज र एकाउन्टले १३ देखि १५ डलर प्रतिमहिना शुल्क तिरेर फेसबुक र इन्स्टाग्राममा ब्लु टिक खरिद गर्ने गरेका छन् ।

यसरी एक्स र मेटासँग भेरिफिकेसन किनेर आफ्नो प्रचार गर्नेहरूका बारेमा यी प्लाटफर्मले पारदर्शी सूचना दिँदैनन् । अर्कोतिर, गैरराजनीतिक प्रकृतिका तर उम्मेदवार वा उनीहरूको अपडेटसँग सम्बन्धित विज्ञापन पनि मेटाको एड लाइब्रेरीमा समावेश हुँदैन । अहिले मेटामा भिडियो भ्यु खरिद गर्ने, इन्गेजमेन्ट (लाइक, सेयर, कमेन्ट) बढाउने, फलोअर किन्नेजस्ता विकल्पहरू उपलब्ध छन् र यस्ता खर्च पनि मेटाको एड लाइब्रेरीमा देखिँदैन ।

कतिपयले एक्समा पनि राजनीतिक प्रकृतिका प्रचारहरू गर्ने गरेको देखिए पनि एक्सको विज्ञापनलाई त्यति प्रभावकारी मानिँदैन । यस्तै, युट्युब, एडसेन्स, गुगल सर्चजस्ता अल्फाबेटका विभिन्न प्लाटफर्म प्रयोग गरेर राजनीतिक र गैरराजनीतिक दुवै खाले प्रचारप्रसार गर्ने क्रम पनि उल्लेख्य बढेको देखिन्छ । त्यसैले, मेटाको एड लाइब्रेरीमा देखिने अंक नेपालबाट राजनीतिक डिजिटल विज्ञापन र प्रचारप्रसारका लागि बाहिरिने खर्चको सानो अंश मात्रै हो भन्न सकिन्छ ।

१८१ कन्टेन्ट क्रिएटरलाई कारबाही तयारी

काठमाडौं (कास)– निर्वाचन आचारसंहिता उल्लंघन गर्ने गरी हानिकारक सूचना उत्पादन तथा सम्प्रेषण गरेको भन्दै निर्वाचन आयोगले १ सय ८१ कन्टेन्ट उत्पादक/सम्प्रेषकविरुद्ध कारबाही प्रक्रिया अगाडि बढाएको छ । आयोगले मिथ्या तथा हानिकारक सूचना सम्प्रेषकको पहिचान गरी विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ बमोजिम कारबाहीका लागि नेपाल प्रहरीको साइबर ब्युरोलाई पत्राचार गरेको छ ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले कारबाहीका लागि १ सय ८१ उत्पादक/सम्प्रेषकको विवरण साइबर ब्युरोमा पठाइएको जानकारी दिए । ७ कन्टेन्ट उत्पादकमाथि कारबाहीका लागि भने आयोगले दूरसञ्चार प्राधिकरणलाई पत्र लेखेको छ ।

आमसञ्चारमाध्यमबाट भएका आचारसंहिता विपरीतका कार्यका ४० उजुरी भने प्रेस काउन्सिललाई पठाइएको प्रवक्ता भट्टराईले बताए । 'आचारसंहिता पालनामा मूलधारका मिडियाहरू प्रतिबद्ध देखिएका छन् । अपवादमा मात्रै उल्लंघन गरेको पाइएको छ । सही सूचना दिन फ्याक्ट चेक गर्ने जस्ता मूलधारको मिडियाको प्रयास सराहनीय छन्,' उनले भने, 'मूलधारका मिडियाले सही सूचना प्रवाह गरेर गलत सूचनालाई रोकेका छन् ।'

पैसा कमाउने लोभमा कन्टेन्ट क्रिएटरहरूबाट मनलाग्दी सूचना प्रवाहित भइरहेको उल्लेख गर्दै भट्टराईले त्यसलाई नियन्त्रण गर्न आयोग प्रयासरत रहेको बताए । 'केही कन्टेन्ट उत्पादक तथा इन्फ्लुएन्सरले आफ्नो लोकप्रियता र आम्दानी बढाउन आचारसंहिता उल्लंघन गरेको देखिएको छ,' उनले भने, 'त्यस्ता उत्पादनमाथि निगरानी बढाइएको छ ।'

निर्वाचन आचारसंहिता उल्लंघन हुने गरी मिथ्या, भ्रमपूर्ण तथा घृणास्पद सूचना र अभिव्यक्ति प्रवाहित गर्नेमाथि निगरानी गर्न र कानुनको दायरामा ल्याउन आयोगले सूचना सम्प्रेषण केन्द्रअन्तर्गत सदाचार प्रवर्धन इकाइलाई क्रियाशील पारिएको पनि आयोगले जनाएको छ । केन्द्रीय आचारसंहिता अनुगमन समितिमा उम्मेदवार, राजनीतिक दल वा विभिन्न निकायबाट आचारसंहिता उल्लंघन गरिएका ३४ वटा उजुरी परेका छन् । सबैसँग स्पष्टीकरण माग गरिएकामा २४ वटाको जवाफ आयोगले प्राप्त गरेको छ । जिल्लामा प्राप्त उजुरीको अनुसन्धान जिल्ला तहबाटै हुने प्रवक्ता भट्टराईले जानकारी दिए ।

जिल्लास्तरमा आचारसंहिता अनुगमनलाई प्रभावकारी बनाई कार्यान्वयनका लागि ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई जिम्मेवारी दिइएको छ । आर्थिक कारोबारका विषयमा भएका उल्लंघनको अनुगमन तथा कारबाहीको जिम्मेवारी प्रमुख कोष नियन्त्रकलाई तोकिएको छ । आचारसंहिताको प्रभावकारी कार्यान्वनयका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालयहरू क्रियाशील रहेको आयोगले जनाएको छ ।

सम्पादकीय

लोकतन्त्रका लागि शान्त संवादको निरन्तरता

उद्देश्यबिनाका आवाजहरू कोलाहल मात्रै हुन्छन्, श्रोतालाई दिग्भ्रमित पार्छन् । आवाज चर्को हुन्छ तर बुझिँदैनन् । यस्तो स्थितिमा उद्देश्यमूलक र सौम्य संवादले समाजलाई मार्गदर्शन गर्न सक्छ । देश तथा समाजले भोगिरहेका समस्या र अन्योलबाट पार पाउनका लागि सहयोग पुऱ्याउन सक्छ । निराशाबीच आशाको झिल्का देखाउन सक्छ । त्यसैले एउटा जिउँदो समाजमा प्रश्नहरू चाहिन्छ । ती प्रश्नको उत्तर पहिल्याउन संवाद चाहिन्छ । संवाद गर्ने मञ्चहरू चाहिन्छ । त्यस्ता मञ्चहरूमा अनुभवले खारिएको विचार र ऊर्जाले भरिपूर्ण नयाँ सवालहरूले पर्गेल्ने वस्तुस्थिति र निकाल्ने निकासले हाम्रो लोकतान्त्रिक अभ्यासलाई परिपक्व बनाउँदै लैजान्छ । देशभित्रका फरक-फरक अनुभूति र अन्तर्राष्ट्रिय यथार्थसँग साक्षात्कार गराउँदै लैजान्छ । सौम्य संवाद नै खुला समाजको ढुकढुकी हो । सभ्य समाजको परिचय हो । यसर्थ संवादका मञ्चको सिर्जना गर्नु, प्रोत्साहित गर्नु र हुर्काउनु लोकतान्त्रिक र खुला समाजका लागि अपरिहार्य छ ।

अध्येताहरू भन्छन्- समाजमा असन्तुष्टि र आक्रोशको मात्रा बढ्दै गएको छ । यस्तो किन भएको छ भने, संवाद गर्ने उपयुक्त मञ्च छैन । जति छन्, तिनले समाजको हलचल महसुस गर्न सकेका छैनन् । मानिसको स्पन्दन महसुस गर्न सकेका छैनन् । उद्देश्यमूलक हुन सकेका छैनन् । निकासको अठोट गर्न सकेका छैनन् । संवादको पर्याप्त मञ्च नहुनु एउटा समस्या छ, उपलब्ध मञ्चको प्रभावकारिता स्थापित हुन नसक्नु अर्को समस्या छ । त्यसैले हामीकहाँ समस्याहरू छरपस्ट छन् । तिनलाई सम्हालेर अघि बढ्ने सक्रियता कमजोर देखिएको छ । जसले गर्दा हामीले इतिहासका घाउखतको उपचार गर्न सकेका छैनौं, भविष्यको आशामाथि मलजल गर्न सकेका छैनौं । त्यसैले यो समय बढीभन्दा बढी सार्थक संवाद हुन सकोस्, कठोर वैचारिक मन्थन हुन सकोस्, मानिसमा वैचारिक झिल्का उत्पन्न होस् भन्ने अपेक्षाका बीच आयोजना गरिएको 'कान्तिपुर कन्क्लेभ' एउटा बलियो मञ्च हुन सक्छ ।

२३ र २४ भदौको जेन-जी आन्दोलनपछि नेपाली समाज आशा र आशंकाको दोसाँधमा उभिएको छ । राज्यको अभिभावकत्वमै मौलाएको बेथिति, विसंगति, भ्रष्टाचार, कुशासन, नातावादजस्ता तमाम विकृतिका विरुद्ध २३ भदौमा जेन-जी आन्दोलन भएको थियो । तर राज्यद्वारा गरिएको क्रूर दमनका विरुद्ध भएको २४ भदौको आन्दोलन भने हिंसात्मक प्रदर्शनमा परिणत भयो । ७० भन्दा बढीको मृत्युको आघात निम्तियो । साथसाथै, राज्यका महत्त्वपूर्ण अंग र प्रशासनिक इकाइ सञ्चालन हुने भवनहरू, सुपरस्टोर, व्यावसायिक केन्द्र, मिडिया हाउसमा आगजनी, तोडफोड र लुटपाट गरियो । जेन-जी आन्दोलनले राजनीति शुद्धीकरणका लागि बलियो आधार तयार गऱ्यो । जबर्जस्त हस्तक्षेप त गऱ्यो । सँगसँगै मृत्यु, आगजनी, तोडफोड र लुटपाटले राष्ट्रिय निराशा पनि सिर्जना गऱ्यो । त्यसैले यतिबेला राजनीति, प्रशासन र संस्थाहरूमा व्यापक सुधार र नयाँ आशा सिर्जना गर्न सक्दा मात्रै भदौको आन्दोलनको सार्थकता रहन सक्छ । तर, कस्तो र कसरी सुधार ? त्यसका लागि भने संवाद आवश्यक छन् ।

२१ फागुनमा निर्वाचन हुँदै छ । आन्दोलनपछिको निर्वाचनको मुख्य दायित्व हो- आन्दोलनका माग र उपलब्धिलाई संस्थागत गर्दै लैजानु । उपलब्धिहरू बलियोसँग संस्थागत हुन नसकेकै कारण इतिहासका अनेकौं क्रान्ति र आन्दोलन अर्धउपलब्धिमै सीमित भएका छन् । पटक-पटक आन्दोलनको नियति दोहोरिने गरेको छ । पूर्ण उपलब्धि र जनताको जीवनस्तरमा सुधारका लागि भने परिपक्व र ऊर्जाशील नेतृत्वको आवश्यकता पर्छ । आगामी संसद्को स्वरूपबारे यतिबेला समाजमा चासो छ । किनकि सो संसद्को प्रभावकारिताले नै जेन-जी आन्दोलनका उपलब्धलाई संस्थागत गर्दै अघि बढ्ने विषय सुनिश्चित हुन सक्छ । साथै विकास र समृद्धिको सदाबहार चाहना पनि छँदै छ । कस्तो नेतृत्व, कस्तो विकास, कसका लागि विकास, कस्तो समृद्धि र कसरी समृद्धि भन्ने विषय खुट्याउन भने निरन्तर संवाद र वैचारिक मन्थन नै आवश्यक पर्छ । त्यसका लागि धेरै मञ्चहरू आवश्यक छन् । 'कान्तिपुर कन्क्लेभ' त्यस्तै एउटा मञ्च हो । यसले परिपक्व संवादको एउटा अवसर सिर्जना गरेको छ ।

संवादका मञ्चहरू र त्यसका विषयवस्तु निरन्तर परिवर्तन हुँदै आएका छन् । कुनै बेला चौतारीमा हुने छलफल आज सामाजिक सञ्जालमा भइरहेका छन् । तर एकपक्षीय संवाद, भ्रामक सूचना प्रवाह र अल्गोरिदमको उल्झनको सीमितता पनि छँदै छ । यथार्थमा मञ्चको आयाम फैलियो तर सार्थक खुलापन खुम्चियो । जबकि, यही बेला हामीकहाँ एआईको व्यापक प्रयोग र दुरुपयोग बढ्दो छ । विश्वको राजनीतिक, सामाजिक र आर्थिक यथार्थमा व्यापक बदलाव आएको छ । हाम्रै समाजको विविधतालाई एकता र सामूहिक बलमा परिणत गर्ने चुनौती पनि छँदै छ । यी सबैका बीच संविधान संशोधन, संघीयताको प्रभावकारिता, सुशासन, सेवा प्रवाह, राज्य र नागरिकबीचको सम्बन्ध, अर्थतन्त्र, रोजगारजस्ता पक्षमा पनि लामै समयदेखि बहस भइरहेको छ । तसर्थ, सम्पूर्ण आन्तरिक प्रतिकूलतालाई चिर्दै अन्तर्राष्ट्रिय परिवेशसँग अनुकूलन हुँदै अघि बढेर समाजलाई समृद्ध बनाउनका लागि गम्भीर विमर्श आवश्यक छ । 'वादे वादे जायते तत्त्व बोधः' लाई थप सार्थक र उद्देश्यमूलक बनाउन आवश्यक छ ।

चुनावले मेटाउला परिवर्तनको भोक ?

राजाराम गौतम

मुलुक चुनावी ज्वरोले ग्रस्त हुँदै गएको छ । जित-हारका आकलन अनि प्रचार/प्रोपोगान्डाहरूले सामाजिक सञ्जाल रंगिएको छ । नयाँ-पुराना सबैखाले नेता/दलहरू चुनाव जित्ने एक मात्र रणनीतिमा छन् । स्वाभाविक छ, सदाझैं चुनावी प्रतिस्पर्धामा एउटाले जित्छ र अरू धेरैले हार्छन् । यद्यपि यस पटकको चुनावको यक्ष प्रश्न को नेता अथवा कुन दलले जित्छ वा हार्छ भन्ने मात्रै होइन । केन्द्रीय प्रश्न हो, के यो चुनावमा देशले जित्छ ? चुनावले राजनीतिक/संवैधानिक संक्रमणकाल पार लगाउन सक्छ ? र, के यो चुनावले जनअपेक्षा र परिवर्तनका मुद्दाहरूलाई संस्थागत गर्न सक्छ ?

यी प्रश्न किन पनि उठेका हुन् भने, जेन-जी सडक प्रदर्शन, त्यसपछिको अराजक विध्वंसले मुलुक गम्भीर राजनीतिक/संवैधानिक संक्रमणमा फसेको छ । संक्रमणकालको सहज र सुरक्षित अवतरण यतिबेलाको प्रधान मुद्दा हो ।

हुन त नेपाली राजनीतिमा संक्रमणकाल नौलो अनुभव होइन । संक्रमणकाल नेपाली राजनीतिको नियति बन्दै आएको छ । यहाँ एउटा राजनीतिक संक्रमणकाल सकिन नपाउँदै अर्कोले गाँजिहाल्छ ।

नेपालमा आधुनिक राजनीतिक कालखण्डको प्रारम्भ २००७ सालको क्रान्तिपछि भएको मानिन्छ । त्यसयता जेन-जी आन्दोलनसम्म आइपुग्दा अनेक पटक नेपाली समाजले संक्रमणकाल खेपिसक्यो । आन्दोलनपछिका हरेक संक्रमणकाल परिवर्तनको सुनौलो अवसर बनेर आएका हुन् कि भनेजस्तो लाग्छ । त्यसले जनस्तरमा परिवर्तनको आशा र अपेक्षा जगाउँछ पनि । तर, परिवर्तनका मुद्दाहरू संस्थागत गर्न नेतृत्व असफल हुँदा राजनीतिक अस्थिरता र असन्तुष्टि कायमै रहन्छ । जनअपेक्षामा कुठाराघात हुन्छ । जनता आक्रोशित हुन्छन् र परिवर्तनका लागि विद्रोहको अर्को बिगुल फुक्छन् । नतिजा, फेरि संक्रमणकालमा मुलुक फस्छ ।

२०६२/६३ को दोस्रो जनआन्दोलनपछिको राजनीतिक संक्रमणकाल झन्डै एक दशक चल्यो । शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुराउने र नयाँ संविधान निर्माणको रस्साकसीमा संक्रमणकाल लम्बियो । थुप्रै चुनौती र उतारचढावपछि असोज २०७२ मा संविधान जारी भएपछि संक्रमणकाल सकियो भन्ठानिएको थियो । धेरैले त्यसपछि मुलुक शान्ति र समृद्धिको बाटोमा अघि बढ्ने अपेक्षा गरेका थिए । अस्थिरता र निराशा चिर्दै राजनीतिको नयाँ क्षितिज उघारिने विश्वास पनि गरिएको थियो । तर, दस वर्षमै फेरि नेपाली समाज अर्को संक्रमणकालसँग पौंठेजोरी खेल्दै छ ।

यतिखेर जेन-जी आन्दोलनपछि संक्रमणकालको नयाँ एपिसोडमा छ, मुलुक । यो संक्रमणकाल जेन-जीले सडकमा पोखेको असन्तुष्टि र आक्रोशको प्रतिफल हो । यो सत्ताबाहेक सबथोक भ्रम देख्ने यथास्थितिवादी राजनीतिक नेतृत्वको योग्यता र कार्यक्षमतामा प्रश्नचिह्न हो । तीप्रतिको विश्वासको विच्छेद पनि हो । नेपाली जनताले लोकतन्त्रको प्राप्ति कठोर जनसंघर्षबाट प्राप्त गरेका हुन् । रक्तरञ्जित जनआन्दोलनको बलमा हरेक पटक लोकतन्त्रको स्थापना/पुनःस्थापना भएको इतिहास छ । आन्दोलन र संघर्षहरूबाट राजनीतिक उपलब्धि प्राप्त गर्ने, संक्रमणकालमा फस्ने, उपलब्धि गुम्ने, पुनः संघर्ष अनि संक्रमणकालीन राजनीतिको गोलचक्करमा फसेको छ, हाम्रो लोकतन्त्र । आखिर किन हामी संक्रमणकालीन राजनीतिबाट पार पाइरहेका छैनौं ? किन नेपाली राजनीतिक नेतृत्व परिवर्तनका मुद्दाहरूलाई संस्थागत गर्न बारम्बार चुक्छ ? अनि, किन सधैं लोकतन्त्र जोखिम र संक्रमणमा परिरहन्छ ? राजनीतिक स्थायित्व र समृद्धिको अभिलाषा बोकेर निर्वाचनमा मत हाल्न लामबद्ध भइरहँदा यी प्रश्नहरूमा घोत्लिनु जरुरी छ । यस पटक यो स्तम्भ यिनै प्रश्नहरूमा केन्द्रित रहनेछ ।

आजको नेपाली राजनीतिको नियति एक जना स्पेनिस राजनीतिशास्त्री जुआन जे. लिन्जले भने जस्तै छ । उनी भन्थे, 'क्रान्ति सजिलो हुन्छ, संस्थागत लोकतन्त्र कठिन ।' यही कुरा वामपन्थी नेता मदन भण्डारीले पनि भनेका थिए । २०४६ सालको खुला राजनीतिक परिवेशमा एमालेका तत्कालीन महासचिवका रूपमा सार्वजनिक भएपछि एउटा सम्बोधनमा उनले भनेका थिए, 'राजनीतिक परिवर्तनभन्दा कठिन कुरा त्यसलाई संस्थागत गर्नु हो ।'

परिवर्तनका मुद्दा संस्थागत गर्ने एउटा महत्त्वपूर्ण माध्यम चुनाव हो । यद्यपि, यो चुनाव जेन-जी आन्दोलनपछिको संक्रमणकाल पार लगाउन र यसक्रममा उठेको परिवर्तनका मुद्दा संस्थागत गर्न सक्षम होला ?

राजनीतिक उपलब्धिलाई संस्थागत गर्ने कुरामा चुक अहिले मात्रै होइन, त्यसको प्रारम्भ २००७ सालबाटै भएको हो । २००७ सालमा भएको क्रान्तिपछि जहाँनियाँ राणा शासनको अन्त्य भयो र मुलुकमा प्रजातन्त्रको स्थापना भयो । नेपालको प्रजातान्त्रिक आन्दोलनमा त्यो ऐतिहासिक घुम्ती थियो । यद्यपि, त्यो कति पूर्ण 'क्रान्ति' थियो, बहसहरू हुने गरेका छन् । राजनीतिशास्त्रीहरू भन्छन्, त्यस्ता जनसंघर्ष र आन्दोलनहरू क्रान्ति हुन्, जसले समाजको राजनीतिक, आर्थिक, सामाजिक सबैखाले अवस्थामा गुणात्मक रूपान्तरण ल्याउन सक्छन् । तर, २००७ सालको 'क्रान्ति' एक त राणाहरूसँगको सम्झौतामा टुंगिएको थियो । दोस्रो कुरा, यसले नेपाली समाजको राजनीतिक रूपान्तरण त गऱ्यो, तर आर्थिक तथा सामाजिक रूपान्तरण गर्न सकेन ।

तेस्रो, राजनीतिक विचार र कार्यक्रमभन्दा बढी सत्तामुखी प्रवृत्तिले टाउको उठायो । संसद्को चुनाव हुनै आठ वर्ष लाग्यो । त्यसबीचमा ८ वटा सरकार बने । अर्थात् नेपाली सत्ता राजनीति अस्थिरताको सिकार त्यहीबेलादेखि नै हुन थाल्यो ।

चौथो, २००७ पछि बनेको राणा-कांग्रेस संयुक्त सरकारमा भागबन्डा, कांग्रेसभित्र गुटबन्दी र द्वन्द्वको बीजारोपण पनि उतिबेलै सुरु भयो । पाँचौं, नेपाली राजनीति भूराजनीतिक चलखेल र स्वार्थहरूबाट पनि प्रभावित हुने गर्छ । हाम्रो आन्तरिक राजनीतिमा देशी-विदेशी शक्तिकेन्द्रहरूको प्रभाव र घुसपैठको प्रारम्भ पनि उसबेलै भएको हो । सारमा, २००७ सालको परिवर्तनपछि पनि राज्य संरचनामा राणाकै प्रशासनिक संरचना जीवित रह्यो । शक्ति हस्तान्तरण भए पनि शासन प्रणाली रूपान्तरित भएको जनस्तरमा अनुभूति हुन सकेन । दलहरू आन्तरिक रूपमा कमजोर भए । स्थायी संविधान र सुदृढ संस्थाको विकास हुन सकेन । दलीय गुटबन्दी, दरबार र दलहरूबीच बढ्दो द्वन्द्व, अस्थिर सरकारहरू राजनीतिक परिवर्तन संस्थागत गर्ने बाटोका तगारा थिए ।

त्यहीबेला महत्त्वाकांक्षी राजा महेन्द्रले प्रजातन्त्रमाथि 'चाबुक' चलाए । कलिलो प्रजातन्त्रको अपहरण गर्दै निरंकुशता लादे । तीस वर्षसम्म मुलुक निर्दलीय पञ्चायती व्यवस्थाको अधीनमा रह्यो । यो व्यवस्थाले विकास र स्थिरताको पक्षपोषण गर्न खोज्यो । केही भौतिक पूर्वाधारको विकास र प्रशासनिक विस्तार पनि गऱ्यो । यद्यपि, आधारभूत राजनीतिक अधिकारबाट वञ्चित जनताले परिवर्तनको अनुभूति गर्न पाएनन्, असन्तुष्ट भए ।

२०३६ सालको विद्यार्थी आन्दोलनमा त्यो असन्तुष्टि पोखियो । असन्तुष्टिको सम्बोधन गर्दै पञ्चायती सत्ताले बहुदलीय कि सुधारिएको निर्दलीय व्यवस्था भनेर जनमत संग्रह गरायो । राजनीतिक छनोटको सीमित अधिकार दिए पनि तत्कालीन सत्ताको खटनपटनमा भएको जनमत संग्रहले 'सुधार' मात्रै चाह्यो । अपहरित राजनीतिक अधिकार फिर्ता भएन । यद्यपि, २०४६ सालको ऐतिहासिक जनआन्दोनपछि भने प्रजातन्त्र पुनःस्थापना भयो । फेरि एक पटक कठोर राजनीतिक संघर्षबाट राजनीतिक उपलब्धि हासिल भयो । कांग्रेस र कम्युनिस्टहरू मिलेर आन्दोलित हुँदा राजाको नेतृत्वमा रहेको निरंकुश पञ्चायती व्यवस्था आन्दोलनकारी दलहरूसँग सम्झौता गर्न बाध्य भएको थियो ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि भूमिगत र प्रतिबन्ध अवस्थामा रहेका दलहरूले खुला परिवेश पाए । निरंकुश राजतन्त्रको भूमिका साँघुरियो र संवैधानिक राजतन्त्रको सीमामा रह्यो । तथापि, दल-दरबारबीचको द्वन्द्व र खिचातानी कायमै थियो । जुन 'नेपाल अधिराज्यको संविधान, २०४७' जारी गर्दा सतहमै प्रकट भयो । एउटा नजिर हो, संविधान सुझाव आयोगले प्रस्तुत गरेको संविधानका मस्यौदामा चित्त नबुझाएर दरबारले आफैं मस्यौदा गरेका कतिपय प्रावधान संविधानमा राख्न दबाब दिएको सन्दर्भ । यसरी एकातिर दल-दरबार द्वन्द्व, अर्कोतिर दलभित्रको गुटबन्दी र सत्तामोह । पद र सत्ताकेन्द्रित दलका नेताहरू राजनीतिक संघर्ष र बलिदानको विगत बिर्सिएर पदका लागि जे-जस्तो सम्झौता गर्न पनि तयार भए । समकक्षी नेताहरूबीचको इगो, टसल, पद, सत्ता, अवसरको द्वन्द्वले आन्तरिक लोकतन्त्र कति कमजोर भयो भने, २०४८ सालको आम निर्वाचनपछि बनेको कांग्रेसको बहुमतको सरकार आफ्नै कारणले ५ वर्षे कार्यकाल पूरा नगरी ढल्यो । त्यसपछि सुरु भयो, संयुक्त सरकार र गठबन्धन संस्कृतिका नाममा अस्थिर सत्तामुखी राजनीति । सत्तामुखी राजनीति, बढ्दो कुशासन, भूराजनीतिक चलखेल अनि माओवादी हिंसात्मक विद्रोह, यी अनेक फ्याक्टर परिवर्तन संस्थागत गर्न बाधक बने ।

त्यसपछि राजनीतिक परिदृश्यमा अर्का महत्त्वाकांक्षी राजा ज्ञानेन्द्र देखिए । राजदरबार हत्याकाण्डपछि संयोगले राजा भएका ज्ञानेन्द्रले पिता महेन्द्रकै बाटो अख्तियार गर्दै रचनात्मक हुने नाममा निरंकुशतन्त्र लादेपछि अर्को राजनीतिक संघर्षको मैदान बन्यो । यस पटक संसदीय दल र हिंसात्मक विद्रोह गरिरहेका माओवादी एकै ठाउँमा आए र निरंकुश राजतन्त्रविरुद्ध संघर्ष गरे । दोस्रो जनआन्दोलनले राजसंस्थाको भूमिका सीमित मात्रै गराएन, केही समयपश्चात् यसको विधिवत् बिदाइ गऱ्यो । दोस्रो जनआन्दोलनपछिको राजनीतिक संक्रमण अनेक अवसर बोकेर आएको थियो । पहिलो, अपहरित लोकतन्त्रको पुनःस्थापना भएको थियो । दोस्रो, दशक लामो हिंसात्मक राजनीतिमा विराम लागेको थियो । जसले गर्दा नागरिक वृत्त शान्ति स्थापनाका कारण उत्साहित थिए । तेस्रो, संविधानसभाबाट संविधान लेखिँदै थियो ।

थुपै चुनौतीका बीच मुलुक संविधानसभा हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रको बाटोमा अघि बढ्यो । एक जुगमा एक पटक आउने संविधानसभा दुई पटक आयो । अन्ततः यो सभाले संविधान बनायो पनि । अर्थात् केही राजनीतिक उपलब्धिहरू संस्थागत भए । दोस्रो जनआन्दोलनपछि राज्य प्रणालीमै संरचनागत फेरबदल भयो । राजतन्त्रको अन्त्य भयो, संघीय गणतन्त्रको स्थापना, समावेशी, समानुपातिक प्रतिनिधित्व, आवधिक निर्वाचनको सुनिश्चितता, स्वतन्त्र प्रेस नेपाली राजनीतिका ऐतिहासिक उपलब्धि हुन् ।

२०४६ सालको ऐतिहासिक जनआन्दोलनले राजसंस्थाको भूमिका सीमित गरिदिएको थियो । २०६३ पछि यो संस्था उखेलेरै फालियो । मुलुकमा समानुपातिक, समावेशी लोकतन्त्रसहित गणतन्त्रको स्थापनासँगै मुलुक राजनीतिक रूपमा अग्रगामी र प्रगतिशील बाटोमा अघि बढ्यो । धेरैले भने, अबको पुस्ताले राजनीतिक आन्दोलन गर्नुपर्ने छैन । अब मुलुक आर्थिक समृद्धिको बाटोमा लाग्यो । तर, यसो भनिए पनि व्यवहारमा आर्थिक-सामाजिक रूपान्तरण हुन सकेन । दलहरू केही नेताविशेषका निजी कम्पनी जस्ता भए । पार्टीका आन्तरिक लोकतन्त्र अझ कमजोर हुँदै गए । कुशासन यतिविघ्न मौलायो कि, त्यसले समग्र राजनीतिलाई प्रदूषित बनाइदियो । भ्रष्ट र कुशासनमा लिप्त नेताहरू मात्रै होइनन्, विवादित प्रकरणमा नमुछिएका नेताहरूप्रति पनि समाजको हेराइ पनि संशयपूर्ण बन्यो ।

समयसँगै आउने परिवर्तन र बदलावहरू नभएका होइनन् तर धेरै अधिकार कागजी भए । जनताले पाउनुपर्ने आधारभूत सेवा प्रवाहमा ढिलासुस्ती मात्रै होइन, अनियमितता र पहुँचका बलमा मात्रै हुने भए । देशभित्रै रोजगारीको अवसर नपाउँदा युवा जनशक्ति बाहिरिनुपर्ने अवस्था बढ्दै गएको छ । रोजगारी, न्याय, सुशासनका मुद्दामा राजनीतिक नेतृत्व जनअपेक्षामा खरो उत्रिन नसकेकैले नयाँ पुस्ता आक्रोशित भएको हो । राजनीति फेरिए पनि शासनसत्ता र शैलीमा उही कुलीनतन्त्र हाबी भयो । लोकतन्त्र सामान्य जनजीवनसँग जोडिनै सकेन । योग्यता र अवसरबीचको गहिरिँदो खाडल, संस्थागत ढिलासुस्ती र भ्रष्टाचारको महारोगका कारण जेन-जी पुस्ताले सञ्जाल र सडकमा आक्रोश पोखेको हो ।

जेन-जी विस्फोट एउटा पुस्ताको आक्रोशको अभिव्यक्ति मात्रै थिएन । त्यो राज्यप्रतिको विश्वास खस्किँदै गएको संकेत पनि थियो । यही पृष्ठभूमिमा फागुन २१ गते सरकारले संसद्को निर्वाचन घोषणा गरेको छ । यस अर्थमा यो निर्वाचनलाई नियमित सत्ता प्रतिस्पर्धाको प्रक्रियाका रूपमा मात्रै हेरिनुहुन्न । यो जेन-जी आन्दोलनपछि उत्पन्न राजनीतिक/संवैधानिक संक्रमण पार लगाउने अवसरका रूपमा पनि हेरिनुपर्छ । परिवर्तनका मुद्दा सडकमा मात्रै सीमित हुँदा राजनीतिक अस्थिरता अरू गहिरिन्छ । तसर्थ, परिवर्तनका मुद्दा संस्थागत गर्ने एउटा महत्त्वपूर्ण माध्यम चुनाव हो । यद्यपि, प्रश्न फेरि पनि उठ्छ, के यो चुनाव जेन-जी आन्दोलनपछिको संक्रमणकाल पार लगाउन र यसक्रममा उठेको परिवर्तनका मुद्दा संस्थागत गर्न सक्षम होला ?

प्रारम्भिक चुनावी दृश्यहरू सुखद छैनन् । यस पटकको चुनावी प्रतिस्पर्धाको मुख्य मैदान सडक, घरदैलो अथवा मास मिटिङहरूभन्दा बढी प्रविधिमार्फत हुने देखिएको छ । तथ्य र मिथ्या, सत्य र झूट सूचनाबीचको महासंग्राम हुँदै छ, यो चुनावमा । केही गर्छु भन्ने हुटहुटी र भिजन भएका अनि प्रियतावादको घुम्टो ओढेर अवसर छोप्न कस्सिएकाहरूबीचको भिडन्त हुँदै छ । एउटा सामान्य मतदातालाई सही र गलत छुट्याउन हम्मे-हम्मे पर्ने अवस्था छ । एकातिर पुराना राजनीतिक दलहरू निर्वाचनमा छन् । कोही सुधारिएर आएका छन् र केहीले आशा पनि जगाएका छन् । कोही यथास्थितिमै रमाएका छन् र केही नयाँ विकल्पहरू भएको दाबी गर्दै चुनावी मोर्चामा होमिएका छन् । तर, ती किन र कसरी नयाँ ? अनुहार नयाँ कि सोच र कार्यशैली पनि नयाँ ? प्रस्ट छैन । अनि, अर्को ठूलो लर्को छ, जो लहडका भरमा चुनावी राजनीतिमा हाम फालेको छ । उसको ध्येय चुनाव जित्ने र अवसरको भेल छोपिहाल्ने भन्ने छ । यी अनेक खाले प्रवृत्तिहरूबीच मतदाताले कसलाई रोज्ने ? सत्ता जित्ने रणनीतिकेन्द्रित दल वा पात्र रोज्ने कि, संक्रमणकालीन राजनीतिलाई अवसरका रूपमा उपयोग गर्न सक्ने क्षमता भएका पार्टी र पात्र रोज्ने ? अथवा जेन-जी आन्दोलनले उठाएका प्रश्नको सम्बोधन गर्न सक्ने, परिवर्तन संस्थागत विकास र भविष्यप्रतिको भरोसा जगाउने सक्ने नेतृत्व रोज्ने ? यस पटकको चुनावमा मतदाताको विवेकको ठूलै परीक्षा हुनेछ ।

@Rajaramgautam

'के' गर्ने मात्रै होइन, 'कसरी' गर्ने ?



जेन-जी अभिमत

सुस्मिता क्षेत्री

नेपालमा निर्वाचनको मौसम सुरु भएसँगै दलका मुख्यालयहरूमा सपनाको खेती गर्ने घोषणापत्र लेख्ने चटारो सुरु भएको छ । तर, २०८२ को यो निर्वाचनमा यी घोषणापत्रहरू साँच्चै कार्यान्वयनका लागि हुन् कि मतदातालाई झुक्याउने भ्रमपत्र मात्र हुन् भन्ने प्रश्न मतदातामा उठिरहेको छ ।

नेपालका प्रमुख दलहरूले २०७९ को घोषणापत्रमा अर्थतन्त्रको आकार १०० खर्ब पुऱ्याउने र प्रतिव्यक्ति आय दोब्बर बनाउने लक्ष्य राखेका थिए । तर, २०८१/८२ को मध्यावधि समीक्षासम्म आइपुग्दा नेपालको कुल गार्हस्थ्य उत्पादन करिब ५७ खर्ब मात्रै छ, जसअनुसार दलहरूको लक्ष्य र यथार्थबीच झन्डै ४३ खर्बको विशाल खाडल देखिन्छ । घोषणापत्रमा लेखिएका स्मार्ट सिटी, पानीजहाज र औद्योगिक क्षेत्र जस्ता बुँदाहरू बजेट खर्च गर्ने क्षमताको अभावमा कागजी गफमा सीमित भएका छन् । आज पनि नागरिकले सामान्य सिटामोलका लागि घण्टौं हिँड्नुपर्ने र सरकारी सेवा लिन महिनौं कुर्नुपर्ने अवस्थाले डिजिटल नेपालको नारालाई गिज्याइरहेको छ । यो डेलिभरी ग्यापले के प्रमाणित गर्छ भने दलहरूले घोषणापत्र बनाउँदा देशको वास्तविक राजस्व क्षमता र कर्मचारीतन्त्रको कार्यक्षमतालाई पूर्णतः नजरअन्दाज गरेका छन् ।

राजनीतिक दलहरूले घोषणापत्रमा ठूला र महत्त्वाकांक्षी योजनाहरू त राख्छन् तर ती योजनाहरू पूरा गर्ने आर्थिक स्रोत, प्राविधिक जनशक्ति र समयतालिकाको बारेमा सधैं मौन रहन्छन् । अबको घोषणापत्र 'के' मा होइन, 'कसरी' मा केन्द्रित हुनुपर्छ । यदि कुनै दलले पाँच वर्षमा लाखौं रोजगारी सिर्जना गर्ने वाचा गर्छ भने, उसले १०० दिनभित्र के गर्छ, एक वर्ष र दुई वर्षभित्रका 'सर्ट टर्म' र 'लङ टर्म' लक्ष्यहरू के-के हुन्, ती लक्ष्यहरू कति प्राप्तियोग्य/उपलब्धिमूलक/व्यावहारिक छन्, यसको स्पष्ट रोडम्याप बिनाको घोषणापत्र केवल कागजको खोस्टो मात्र हो । जनताले अब नेताको क्षमता र क्षेत्राधिकारको तथ्यपरक मूल्यांकन गर्न सिक्नुपर्छ र बुझ्नुपर्छ कि उसले बोलेका विषयवस्तु उसको कार्यक्षेत्रभित्र पर्छ कि पर्दैन ? वा, ती केवल हावादारी गफ हुन् ?

अर्को महत्त्वपूर्ण विषय भनेको घोषणापत्रको कानुनी उत्तरदायित्व हो । दलहरूले घोषणापत्रमा गरेका वाचाहरू पूरा नगर्दा उनीहरूलाई कसरी जिम्मेवार बनाउने भन्ने हो । भावनात्मक रूपमा हामी सबैलाई लाग्छ कि घोषणापत्रलाई 'कन्ट्र्याक्चुअल' बनाएर कानुनी दायरामा ल्याइनुपर्छ । यद्यपि यसको व्यावहारिक प्रयोग जटिल हुन सक्छ तर जवाफदेहिता सुनिश्चित गर्ने कुनै न कुनै संयन्त्र हुनु अनिवार्य छ । यदि कुनै नेता वा दलले आफ्ना वाचाहरूलाई लत्याउँछन् भने उसलाई 'कल आउट' गर्ने, सार्वजनिक रूपमा स्पष्टीकरण सोध्ने र अर्को निर्वाचनमा त्यसको हिसाब खोज्ने सचेतना मतदातामा हुनुपर्छ । घोषणापत्रलाई केवल चुनावी नारा होइन, जनतासँग गरिएको इमानदार सम्झौताको रूपमा लिइनुपर्छ ।

दलहरूले घोषणापत्रमा ठूला र महत्त्वाकांक्षी योजनाहरू त राख्छन् तर ती योजनाहरू पूरा गर्ने आर्थिक स्रोत, प्राविधिक जनशक्ति र समयतालिकाको बारेमा सधैं मौन रहन्छन्

दलहरूले घोषणापत्रमा गरेका वाचाहरूलाई जिम्मेवार बनाउन अन्तर्राष्ट्रिय अभ्यासहरूबाट पनि सिक्न सकिन्छ । भुटानको निर्वाचन ऐनले आर्थिक क्षमतासँग मेल खाने वाचाहरू मात्र गर्न अनुमति दिन्छ भने नेदरल्यान्ड्समा स्वतन्त्र निकायले दलका योजनाहरूको आर्थिक तथ्य जाँच गरिदिन्छ । ब्राजिल र मेक्सिकोमा त घोषणापत्रलाई सरकारी कार्ययोजनाका रूपमा दर्ता गराउनुपर्ने र कार्यान्वयन नभएमा जनादेशको उल्लंघन मानिने कानुनी व्यवस्था छ । नेपालमा पनि यस्तै उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गर्ने संयन्त्रको आवश्यकता भएको छ ।

विगतका चुनावमा २० वर्षसम्मका योजना र असम्भव आर्थिक समृद्धिका कुराहरू लेखिए तर ती केवल रद्दीको टोकरीमा सीमित भए । अबको पुस्ता 'के' गर्ने भन्ने सूचीबाट सन्तुष्ट छैन, उसलाई 'कसरी' गर्ने भन्ने स्पष्ट कार्यविधि र खाका चाहिएको छ । अबको घोषणापत्रले परम्परागत भौतिक विकासको दायरा नाघेर समकालीन विश्वका चुनौतीहरूलाई सम्बोधन गर्नुपर्छ । उदाहरणका लागि, जलवायु परिवर्तन हाम्रा लागि केवल एउटा शब्द मात्र होइन, बरु मेलम्चीको बाढी र मुस्ताङको पहिरोको पीडा हो । त्यसैले घोषणापत्रमा वातावरण जोगाउने भन्ने एउटा औपचारिक वाक्य लेखेर पुग्दैन । अबको नेतृत्वसँग नेपालको पग्लिँदै गरेका हिमाल जोगाउने र विश्व मञ्चमा जलवायु न्याय र क्षतिपूर्तिको मुद्दा उठाउने स्पष्ट भिजन हुनुपर्छ । त्यसैगरी, प्रविधिको कुरा गर्दा फेसबुक चलाउनु वा टिकटक बन्द गर्नुलाई मात्र विकास ठान्ने सोच त्याग्नुपर्छ । घोषणापत्रमा एआई, गिग इकोनोमी र डिजिटल सुरक्षाका कुराहरू समेटिनुपर्छ ताकि नेपाली युवाहरू आफ्नै देशमा बसेर संसारसँग प्रतिस्पर्धा गर्न सकून् । डिजिटल साक्षरता र प्रविधिमा आधारित सुशासन अबको न्यूनतम माग हो ।

घोषणापत्रले सडकमा उत्रिएका जेन-जीको विद्रोह र उनीहरूले सरकारसँग गरेका सम्झौताका सर्तहरूलाई पूर्ण रूपमा आत्मसात् गर्नुपर्छ । दलहरूले बुझ्न जरुरी छ कि अबको मतदाता भेंडा होइनन्, जसलाई एउटा झन्डा देखाएर प्रभावमा पार्न सकियोस् । यो त गुगल सर्च गर्ने, फ्याक्ट चेक गर्ने र नेताको विगतको ट्र्याक रेकर्ड हेरेर मात्र मत हाल्ने सचेत पुस्ता हो । यदि कुनै दलले आफ्नो घोषणापत्रमा पुरानै अनुहार, पुरानै शैली र भ्रष्टाचारलाई प्रश्रय दिने खालका कुरा समेट्छ, घोषणापत्रमा 'कसरी' भन्ने प्रश्नको उत्तर राख्दैन, विगतका असफलताहरूको हिसाब दिँदैन भने त्यस्तो दललाई यस पटकको निर्वाचनले इतिहासको पानामा मात्र सीमित गराइदिनुपर्छ ।

अब मतदान गर्न तीन हप्ता जति मात्रै बाँकी छ । यो समय दलहरूका लागि सच्चिने र जनताका लागि सोच्ने समय हो । सपनाको खेती धेरै भयो । अब नतिजाको बाली काट्ने बेला आएको छ । २०८२ को यो ऐतिहासिक मोडमा, घोषणापत्रमा हावा भर्ने कि मतदातालाई हिसाब बुझाउने भन्ने छनोट नेताहरूकै हातमा छ ।

घोषणापत्रबाट नछुटोस् जलवायु आपत्काल

जीवन क्षेत्री

(२१ फागुनको निर्वाचनका लागि उम्मेदवारहरू आफ्नो घोषणापत्र लिएर जनतासमक्ष पुगिरहेका छन् । उनीहरू आफ्नो एजेन्डा सुनाइरहेका छन् । यतिबेला कान्तिपुरले भने जनताको एजेन्डा दल र उम्मेदवारलाई सुनाउनका लागि विशेष शृंखला 'कान्तिपुर विमर्श: नागरिक घोषणापत्र' सुरु गर्दैछ । तपाईंहरूले पनि खास क्षेत्रमा केन्द्रित रहेर यस शृंखलाका लागि घोषणापत्र लेख्न सक्नुहुनेछ । तथ्य, तथ्यांक र तर्कयुक्त घोषणापत्रलाई हामी स्थान दिनेछौं ।)

कान्तिपुर विमर्श : घोषणापत्र

अहिलेकै दोहनकारी विकासको राजमार्गमा कुदेर प्रलयको भित्तामा बजारिने हो भने त जे गरे पनि हुन्छ, तर टाट पल्टिँदो 'बायोस्फेयर' का बीच हाम्रो भविष्यलाई अलि परसम्म तन्काउने हो भने नेपालका सबै राजनीतिक दलहरूले पृष्ठभूमिमा गर्जिरहेको प्रलयको आवाज सुन्नुपर्छ । अनि त्यसबाट बच्नका लागि समयसापेक्ष नीति बनाएर कार्यान्वयनमा लैजानुपर्छ । यो चुनावका लागि लेखिने घोषणापत्रहरू त्यो कामका महत्त्वपूर्ण सुरुआती दस्तावेज बन्न सक्छन् ।

मानवताको डुब्दो जहाज

१४ जुन २०२३ । अफ्रिका र युरोप महादेशको बीचमा पर्ने मेडिटेरेनियन सागरमा एउटा ठूलो खाले मछुवार डुंगा डुब्दै थियो । त्यसमा ४०० देखि ७५० सम्म आप्रवासीहरू रहेको अनुमान थियो । तीमध्ये १०४ जनाबाहेक बाँकी सबैले डुबेर मृत्युवरण गरे । मर्नेहरूमा २०० भन्दा बढी पाकिस्तानीहरू मात्रै थिए ।

समुद्रमा हुने त्यो इतिहासको ठूलो दुर्घटना थिएन । अफ्रिकाबाट युरोप जान लाग्ने मानिसहरूको मेडिटेरेनियन सागरमा दुःखद मृत्यु भएको त त्यो न पहिलो घटना थियो, न अन्तिम । तर पनि त्यसअघिका सबै दुर्घटनाहरूभन्दा त्यो एउटा कारणले फरक थियोः जहाज डुब्दै गर्दा छेउमै ग्रिसको तटरक्षक दल (कोस्ट गार्ड) साक्षी थियो । जहाज डुब्नुभन्दा घण्टौं अगाडिदेखि त्यसको सम्भावित दुर्गतिबारे संसारभरका सञ्चारमाध्यमहरूमा समाचारहरू आइरहेका थिए र धेरै मानिस अवगत थिए । तीमध्ये मृत्युको मुखमा हुनेहरूका परिवारजनसमेत थिए ।

अर्थात्, त्यो कुनै निर्जन समुद्रमा समय र भूगोलको पर्दापछाडि भएको दुर्घटना थिएन । सयौं मानिस डुबेर मर्दैछन् भन्ने लाखौंलाई थाहा थियो । युरोपका सबै देशका सरकारहरूलाई थाहा थियो । विश्व महाशक्तिहरू अमेरिका र चीनलाई थाहा नहुने कुरै भएन । चाहेको खण्डमा ग्रिस वा अरू कुनै युरोपेली देशले समयमै सहज रूपमा त्यो डुंगामा सवार सबैलाई बचाउन सक्थे । तर उनीहरूले तिनलाई नबचाउने निर्णय गरे ।

त्यत्रो हताहतीपछि त्यसलाई सम्भव बनाउने सबैको त्यो निर्णयबारे केही समय चर्चा र बहस पनि भयो । तर लगत्तै अर्को कुनै दुर्घटना वा विकासक्रमले सबैको ध्यान तान्यो र एड्रियाना नामक त्यो डुंगासँगै डुबेर मर्नेहरू गुमनाम भए । आजका दिनसम्म त्यसरी मारिने ठ्याक्कै कति थिए भन्नेसमेत यकिन छैन, को-को भन्ने र ती सबैको पहिचान हुने त कुरै छाडौं । तीमध्ये कैयौंका बाबुआमा र छोराछोरीहरूले अहिले पनि तिनको बाटो हेरेर बसिरहेका हुनुपर्छ किनकि इन्टरनेटको पहुँचबाहिर, खासगरी विपन्न र द्वन्द्वग्रस्त समाजमा यस्ता समाचारहरू हतपत पुग्दैनन् ।

जलवायु संकटले घेर्दै लगेसँगै सिंगो मानव जाति जुन बिन्दुतिर गइरहेको छ, त्यसको राम्रो बिम्बजस्तो लाग्छ मलाई एड्रियानाको दुःखान्त । यदि पृथ्वीको बोयोस्फेयर (जमिनदेखि उच्च वायुमण्डलसम्मको सानो क्षेत्र, जहाँ जीवन सम्भव छ) एड्रियाना हो भने त्यसको डुब्ने क्रम अब सुरु भइसकेको छ । यसको खबर एक हिसाबले संसारभरि छ । धेरै प्राकृतिक विपत्तिजन्य विस्थापन, मृत्यु र जलवायु संकटले गहिरो बनाएका द्वन्द्वहरूमा हुने हत्याका भिडियोहरू सर्वत्र छन् । अझै बचेका धेरै मानिसहरू यो प्रक्रियाका साक्षी छन् तर यो महाविपत्ति रोक्न वा यसको गति धिमा पार्न या त उनीहरू केही गरिरहेका छैनन्, या गर्ने अवस्थामै छैनन् ।

र हाम्रा आँखाकै सामुन्ने सिंगो मानव सभ्यता तीव्र गतिमा विनाशको दिशामा गइरहेको छ । तर हामी यो सबैबाट लगभग बेखबर छौं, किनकि दूरदराजको मेडिटेरेनियन समुद्रमा डुबेको एड्रियानाझैं यो महासंकट पनि पृष्ठभूमिमा चलिरहेको छ । मञ्चमा अरू कैयौं दृश्य चलिरहेका छन् जुन मसलेदार र सनसनीपूर्ण छन्, रोचक छन्, 'थ्रिलिङ' छन् । चटकेहरूले भद्दा मजाक गरिरहेका छन् । धनाढ्यहरूले आफ्नो अकुत सम्पत्तिको अश्लील प्रदर्शन गरिरहेका छन् । अनि हामी सबैजसो प्रविधि युगका विश्व नागरिकहरू अन्तहीन गेम, रिल र भिडियोहरूको मनोरञ्जनमा लिप्त छौं । हाम्रा लागि आसन्न प्रलय केही पनि होइन, तर कुनै कुटिल चटकेले सुरु गरेको षड्यन्त्र कथा (कन्स्पिरेसी थ्योरी) सर्वस्व हो ।

डुब्दो जहाजमा चुनाव

नेपालमा २०८२ को आमचुनाव नजिकिँदै गर्दा यस्तो प्रतीत हुन्छ, मानौं नेपालका मुख्य राजनीतिक पात्रहरूमध्ये धेरैको चेतना उल्लिखित सनसनीपूर्ण मजाक र चटकमा सुरु हुन्छ र त्यहीं समाप्त हुन्छ । पृष्ठभूमिमा गहिरिँदै गरेको भयानक संकटको गर्जन सम्भवतः उनीहरूले सुन्न सक्ने आवृत्ति (फ्रिक्वेन्सी) भन्दा बाहिर पर्छ । संकटको बोध नै छैन भने त्यसका बारेमा सार्थक बहस र विमर्श हुने, त्यससँग जुध्ने तयारी हुने कुरै भएन । यो डरलाग्दो अवस्था हो । त्यसैले राजनीतिको हार-जित र छिनाझप्टीभन्दा बाहिर नागरिक तहबाट हाम्रो अस्तित्व नै जोखिममा पार्ने यो पर्यावरणीय संकटबारे आवाज बुलन्द गर्नुको विकल्प छैन ।

नेपालमा मात्र नभई सिंगो हिमालयमा हिउँ रित्तिँदै छ । हिमनदीहरू छोटिँदै र हराउँदै छन् । भूमिगत जलाधार तल सर्दै गएसँगै जमिन तल धसिँदो छ । वायुमण्डल विषाक्त ग्यास च्याम्बरजस्तो बन्दो छ । गाउँ, सहरदेखि वनजंगलसम्म मिचाहा झारहरूको बिगबिगी छ । भएका जंगलसमेत हरित मरुभूमिमा बदलिँदै छन् । माटो यति विषाक्त बन्दै छ कि क्यान्सरको कहर गाउँ-गाउँ फैलिँदो छ । आउँदो एक वा आधा दशकमै हिमालयको जलाधारमा आधारित हाम्रो कृषि, पर्यटन र जलविद्युत्को भविष्य के हुने भन्नेमा चरम अन्योल छ । अहिले नै खानामा परनिर्भरता डरलाग्दो छ । कुनै विश्वव्यापी आर्थिक भवितव्य भएर विप्रेषणमा ह्रास आयो भने सिंगो अर्थतन्त्र गर्ल्यामगुर्लुम होला भन्ने डर छ ।

मैले यी पंक्ति लेखिरहँदा दलहरू घोषणापत्र लेखनमा व्यस्त छन् । तिनले देशको आर्थिक कायापलट गर्ने हवाई योजनाहरू ल्याउने निश्चित छ । ठूला सपना देखाउनमा कोभन्दा को कम भन्ने होड लाग्ने पनि निश्चित छ । तर ती योजना र सपना उभिने धरातलमा इमान्दार बहस गर्न कोही पनि तयार देखिँदैनन् ।

बर्सेनि ४२ हजार हाराहारी नेपालीको अकालमा ज्यान लिने वायु प्रदूषण हटाउने कुरा कसको प्राथमिकतामा पर्नेछ ? कसैले एक हरफ लेखिहाल्यो भने पनि त्यसलाई व्यवहारमा उतार्ने योजना के छ ? एकै वर्षको खडेरीमा त्राहीत्राही भएको मधेशमा कृषिलाई दिगो बनाउने व्यावहारिक योजना कसको छ ? दोहनमा आधारित अर्थतन्त्रको रूप फेर्ने मार्गचित्र कोसित छ ? मर्दै गएको माटोमा ज्यान भर्ने विकल्प कसले अघि सार्दै छ ? र, सबैभन्दा महत्त्वपूर्ण कुरा, एकोहोरो दोहनमा आधारित अहिलेसम्मको तथाकथित विकास मोडलमाथि प्रश्न उठाउन, इमान्दार समीक्षा गर्न र त्यसको विकल्प खोज्न कुनचाहिँ राजनीतिक दल तयार छ ? नदी र खोला ढलान गर्ने, त्यसैको ड्रोन भिडियो बनाएर विकासको बाढी आयो भन्ने पद्धतिमाथि प्रश्न गर्ने ताकत कसको छ ?

दैलोभित्र पसिसकेको संकट

यही माघ महिनामा राष्ट्रिय समाचार समितिबाट एउटा समाचार आयोः दाङका वनमा महामारी, डढेलो लागेजस्ता देखिए रूख । त्यसको केही समयअगाडि इरानमा देशव्यापी प्रदर्शनहरू भएका थिए, जसलाई त्यहाँको सत्ताले भयानक दमन गरेर दबाएको थियो । त्यस क्रममा कम्तीमा ५,२०० मानिसको हत्या भएको पुष्टि भइसकेको छ भने अस्पतालमा सेवा दिएर राज्यको बर्बरताको साक्षी हुने स्वास्थ्यकर्मीहरूले देशभरि ३० हजारसम्म इरानीहरूको हत्या भएको हुन सक्ने अनुमान लगाएका छन् । यी दुवै समाचारहरू आउनुभन्दा अघिदेखि भारतले आप्रवासी र आफ्नै देशका नागरिकहरूलाई समेत 'अवैध' घोषित गरेर आफ्नो देशको सीमा कटाउँदै आएको छ । तीमध्ये बर्माको जातीय सफायाबाट ज्यान बचाउन भारत आइपुगेका ४० जना रोहिंग्या शरणार्थीलाई पानीजहाज चढाएर समुद्रको बीचमा पुर्‍याएरसमेत खसालिदिएको थियो ।

झट्ट हेर्दा यी तीनतिर फर्केका तीन असम्बन्धित समाचारहरूजस्ता लाग्छन् । तर यी तीनैलाई राम्रोसँग केलाउने हो भने एउटा कुरा साझा छः पृष्ठभूमिमा एउटा भयावह वातावरणीय संकट छ । इरान देशको सिंगो जलाधार रित्तिने दिन नजिकिएसँगै एक करोड मानिस बस्ने तेहरान काकाकुल बनिसकेको छ । मैले माथि नेपालका लागि उल्लेख गरेका हरेक वातावरणीय संकटहरू भारतमा यताभन्दा दसौं गुणा बढी गहिरिइसकेका छन् । नेपालमा वायुमण्डल, पानी र जमिन तीनैतिरको प्रहार खप्न नसकेर तात्दै गरेको हावापानीमा रूखसमेत मर्दै छन् । जबकि मानिसले पृथ्वीमा जम्मा पछिल्ला २ लाख वर्षको हावापानी खेपेकोमा रूखहरूले करोडौं वर्षदेखिको हावापानी खेप्दै, त्यसलाई पचाउँदै र आफैंमा अनुकूलन विकास गर्दै आएका हुन् ।

नेपालमा पनि समयमै यो संकट हल भएन भने प्रस्ट छः यहाँ पनि इरानका आयातोल्लाहहरू वा भारतका मोदीहरूको जस्तो निर्मम र बर्बर शासन आउने, लोकतन्त्र रहे पनि नाममा मात्रै सीमित हुने, द्वन्द्व र हिंसाको स्केल अकल्पनीय तहसम्म बढ्ने र अन्तमा शासकहरूले समस्या समाधान गर्नुको सट्टा आफ्नो शासन बचाउनका लागि इरानमा झैं नागरिकहरूको सफाया गर्ने दिन टाढा छैन ।

कस्ता होऊन् घोषणापत्र ?

नेपालमा जलवायुका मुद्दामा जस्तो निरक्षरता व्याप्त छ, त्यस हिसाबले यो विषयमा खुलेर संकटको गम्भीरता बोध गर्ने काम राजनीतिक दलका आधिकारिक दस्तावेजहरूले गर्नुपर्छ । त्यसका लागि आजभन्दा बीसौं वर्षअगाडि गम्भीर अध्ययन गर्न छाडेका र उतिबेला आफूले लगाएको चस्माले मात्रै अहिलेको संसार हेर्न सक्ने मानिस घोषणापत्र लेखनबाट टाढै बस्नुपर्छ । नेपालको विडम्बना के छ भने पुराना राजनीतिक दलहरू त त्यस्तो म्याद गुज्रिएको चस्माले संसार हेर्न अभ्यस्त छन् नै, नयाँ राजनीतिक दलहरू र सबै दलका युवाको समेत अवस्था फरक छैन ।

विकास भन्नासाथ अघिल्लो शताब्दीको युरोप वा अमेरिकामा झैं झिलीमिली भवन र कारैकारले भरिएका फराकिला सडकहरू भन्ने बुझाइले सबै राजनीतिक दलका नेता-कार्यकर्तालाई विक्षिप्त बनाएको छ । चीनले पछिल्लो आधा शताब्दीमा गरेको भौतिक विकास सबैको आदर्श बनेको छ । तर यस क्रममा चीनले व्यहोरेको भयावह वातावरणीय विपत्ति अनि सांघाई र बेइजिङजस्ता सहरको ग्यास च्याम्बरजस्तो वायुमण्डललाई सफा बनाउनमा उसले हासिल गरेको सफलता, त्यसका लागि चालेका कठोर कदमहरू नेपालमा कतै बहसमा छैनन् ।

सन् २०१६ को पेरिस जलवायु सहमतिमा पृथ्वीको तापक्रम वृद्धिलाई सन् २१०० सम्म पूर्वऔद्योगिक तहभन्दा १.५ डिग्रीमा सीमित गर्ने वाचा गरिएको थियो । वाचा गरिएको मितिभन्दा ७५ वर्षअगावै २०२५ मा त्यो विनाशकारी लक्ष्य हासिल भएपछि अहिले जलवायु वैज्ञानिक र अभियन्ताहरूबीच संकटकालको जस्तो अवस्था चलिरहेको छ । बढ्दो तापक्रमका कारण पृथ्वीको अक्षांश (ल्याटिच्युड) को झन्डै दुई तिहाइ ओगट्ने समुद्री बहाव (गल्फ स्ट्रिम वा एटलान्टिक मेरिडिओनल ओभरटर्निङ सर्कुलेसन) अवरुद्ध हुने संघारमा छ भन्छन्, वैज्ञानिकहरू । त्यो एउटै विकासक्रम सिंगो अफ्रिका, युरोप र अमेरिकाका अर्बौं मानिस बस्ने ठाउँहरूको हावापानी सधैंका लागि बदल्न काफी हुनेछ । त्यसो हुनु भनेको मौसमको प्रकृति बदलिने, गर्मी ठाउँ झन् तात्ने, चिसा ठाउँहरू झन् चिसिने, बाढी र खडेरीको दुश्चक्र अकाशिने, बालीनालीको चक्र अवरुद्ध हुने र अर्बौं मानिस भोकमरीको चपेटामा पर्ने अवस्था आउनु हो ।

सन् २०२० मा 'प्रोसिडिंग्स अफ द नेसनल एकेडेमी अफ साइन्सेज' मा प्रकाशित एउटा वैज्ञानिक जर्नलमा संलग्न 'क्लाइमेट मोडल' का अनुसार सन् २०७० सम्ममा पृथ्वीको ठूलो भू-भागको वार्षिक औसत तापक्रम अहिलेको सहारा मरुभूमिको मध्यको जत्तिकै हुनेछ । त्यो भनेको हालको विश्वव्यापी वार्षिक औसत तापक्रमको दोब्बर अर्थात् २९ डिग्री सेल्सियस हो । यसका लागि सर्त हो कार्बन उत्सर्जनको वृद्धिदर अहिलेकै जस्तो रहनु । उक्त जर्नल छापिएयताका ६ वर्षमा कार्बन उत्सर्जनको वृद्धिदर अपेक्षाकृत बढेको छ, घट्ने कुरै छैन ।

त्यो अवस्थामा पृथ्वीमा ३.५ अर्ब मानिस बस्ने जमिन सहाराको मध्यभागजत्तिकै तातो हुनेछ र त्यहाँ जीवन असम्भव हुनेछ । अर्थात्, पृथ्वीको जनसंख्याको झन्डै एकतिहाइ हिस्सा सन् २०७० अगावै आफ्नो थातथलोबाट विस्थापित भइसकेको हुनेछ । ती ३.५ अर्बमध्ये झन्डै एक अर्ब मानिस हाम्रै छिमेकका तीन देश (भारत, पाकिस्तान र बंगलादेश) बाट विस्थापित हुनेछन् । आज विश्वमा केही करोड मानिसको विस्थापन हुँदा त यस्तो त्राहीत्राहीको अवस्था छ र सिंगो युरोप र उत्तर अमेरिकाका समाजहरू अस्तव्यस्त भएका छन् भने अर्बौं मानिस थातथलोबाट विस्थापित हुँदा कुन स्केलमा राजनीतिक उथलपुथल, हिंसा र अधिनायकवाद संस्थागत होलान् भन्ने कुरा कल्पना गर्दा पनि आङ सिरिंग हुन्छ ।

मेरो विचारमा दलहरूका घोषणापत्रमा साकार नहुने ग्यारेन्टी भएका सयौं सपनाहरू बाँड्नुभन्दा यो कठोर यथार्थ तथ्यांकसहित बाहिर आउनुपर्छ । ताकि ढिकबाट खस्नु अगाडि लोलाइरहेको समाज एकपल्ट झक्झकिएर ब्युँझोस् । समस्याको गम्भीरता बुझोस् र तिनलाई सामना गर्न डटेर लागोस् ।

ठोस वातावरणीय कदमहरू

पृथ्वीको 'बायोस्फेयर' लाई नराम्रोसँग खल्बलाइरहेका उल्लिखित कुनै पनि घटनाक्रमहरूमा देशका रूपमा नेपालले गर्न सक्ने हस्तक्षेप नगण्य छ । जलवायु संकटजन्य विपत्तिबाट पिल्सिने देशहरूको सूचीमा नेपाल माथि भए पनि हामीले गर्ने कार्बन उत्सर्जनको कुल मात्रा र प्रतिव्यक्ति मात्रा दुवै न्यून छन् । त्यसैले यो मुद्दामा नेपालले कुनै चिन्ता लिइरहनु पर्दैन भन्ने तर्क मैले दर्जनौं फोरमहरूमा सुनेको छु । स्कुलका विद्यार्थीहरूले समेत 'वातावरणको माया गर्ने हो भने विकास कसरी गर्ने ?' भनेर मलाई सोधेका छन् ।

मैले सधैंभरि दिने यस्ता प्रश्नहरूको जवाफ एउटै छः नेपालले पृथ्वीको तापक्रम वृद्धि रोक्न केही पनि गर्न सक्दैन तर तात्दै गरेको पृथ्वीमा आफ्ना नागरिकको ज्यान बचाउन धेरै काम गर्न सक्छ र गर्नुपर्छ । त्यस्ता प्रश्न गर्नेहरूलाई मैले केही प्रतिप्रश्न पनि गर्ने गरेको छुः तराईको जलाधार सुक्यो भने नेपाली विस्थापित हुन्छन् कि कोइला जलाएर वायुमण्डल तताउने बेलायतीहरू ? नेपाल ग्यास च्याम्बर बन्दा वायु प्रदूषणका कारण बर्सेनि अकाल ज्यान गुमाउने ४२ हजार हाराहारी मानिस नेपाली हुन् कि इतिहासमै अधिक कार्बन उत्सर्जन गर्ने अमेरिकीहरू ? काठमाडौं वरिपरि पानीका मुहानहरू सुके भने विस्थापित हुने नेपाली हुन् कि अरू कोही ?

त्यसैले यी मुद्दालाई चुनावसित जोड्दै गर्दा केही कुरामा हामी प्रस्ट हुनु आवश्यक छ । कुनै नेपाली राजनीतिक दलले घोषणापत्रमा विश्वको औसत तापक्रम घटाउने काम गर्छु भनेर लेख्यो भने त्यो हावादारी कुरा हुन्छ । तर काठमाडौंमा वायु प्रदूषणको मापक पीएम २.५ को मात्रा तालिकाबद्ध रूपमा यति वर्षमा यति पुर्‍याउँछु भनेर लेख्यो भने त्यो जिम्मेवार कुरा हुन्छ । एक वर्षमा काठमाडौंलाई साइकलको सहर बनाउँछु भन्यो भने त्यो हावादारी कुरा हुन्छ । तर, साइकलमैत्री पूर्वाधार विकास गरेर आधा वा एक दशकमा साइकलको व्यापक प्रयोग हुने सहर बनाउँछु भन्यो भने त्यो जिम्मेवार कुरा हुन्छ । काठमाडौंका लागि मेट्रो वा मोनोरेल तत्काल बनाउने कुरामा त्यसैगरी गम्भीरता नहुन सक्छ तर एकाध वर्षमा उपत्यकाको सार्वजनिक यातायातलाई 'ओभरहल' गर्ने कुरा सम्भव र अत्यावश्यक दुवै छ । सहरको ग्रिडलक कम गर्न निजी सवारीसाधनमा रोकटोक अव्यावहारिक र प्रत्युत्पादक हुन सक्छ तर निजी सवारीको आवश्यकतै नहुने गरी सार्वजनिक यातायातको विकास गर्ने विकल्पले काम गर्छ भन्ने कुरा संसारका कैयौं सहरहरूले प्रमाणित गरिसकेका छन् ।

नेपालमा राम्रो सम्भावना बोकेको जलविद्युत् नवीकरणीय ऊर्जाको राम्रो हिस्सा हो । तर जलवायु संकटले ल्याएको उथलपुथल, वर्षातमा बदलिँदै गरेको हिमपात, छोटिँदै गरेका हिमनदी, भद्रगोल विकासका कारण खल्बलिँदो महाभारत क्षेत्रको जलाधार अनि वर्षेपिच्छेजस्तो आउने गरेका पहाडै पल्टने पहिरोहरूका कारण यो ऊर्जाको दीर्घकालीन भविष्य पनि अहिले संशयको घेराभित्र छ । यसैबीच सौर्य ऊर्जाको घट्दो लागत र मूल्य अझै जारी रहने र भविष्यमा ऊर्जाका कुनै पनि अरू रूपले योसँग प्रतिस्पर्धा गर्न नसकिने अवस्था बन्दै गएको छ । त्यसैले नेपालले ऊर्जा सुरक्षाको क्षेत्रमा पनि गर्न सक्ने र गर्नैपर्ने कामहरू धेरै छन् ।

महत्त्वाकांक्षी तर सम्भव भविष्य

अब हेरौं, यो अवस्थामा कुनै 'भिजनरी' नेता नेपालमा भएको भए उसले विकासका कस्ता योजना ल्याएर कार्यान्वयन गर्न सक्थ्यो ?

देशका सबै सहरी क्षेत्र र ठूला सहर जोड्ने राजमार्गहरूमा एउटा यस्तो योजना ल्याउन सकिन्छ जसले एकैचोटि कैयौं समस्याको समाधान निकाल्छः फराकिला सडक तर गाडी गुड्ने लेन सीमित । फराकिला साइकल मात्र चल्ने लेनहरू । तिनको छानो बनेका सोलार प्यानलहरू जसले दिनभर साइकलयात्रीलाई पानीबाट ओत र घामबाट शीतल दिन्छन् भने सिंगो सहरलाई ऊर्जा । मान्छे हतार छ वा लामो दूरी जानुपर्‍यो भने ठूला सार्वजनिक बसमा चढ्छन्, होइन भने साइकलमा आरामले सयर गर्छन् ।

त्यसो हुँदा मानिसले यातायातमा गर्ने खर्च ९० प्रतिशतभन्दा बढीले कम हुन्छ । पेट्रोलियमको आयात र त्यसले सिर्जना गर्ने व्यापार घाटा त्यही अनुपातमा कम हुन्छ । कार र मोटरसाइकलको आयातमा उसै गरी ह्रास आउँछ र ती किन्ने पैसासमेत देशमै बस्छ । साइकल र पदयात्राको व्यापक अभ्याससँगै मोटोपनको महामारी र त्यसले सिर्जना गर्ने रोग कम हुन्छन् र मानिसले उपचारमा गर्ने खर्चमा व्यापक ह्रास आउँछ । दुर्घटनाको न्यूनीकरणसँगै जनधनको थप सुरक्षा हुन्छ ।

गरिबको साइकल जफत गरेर अवैध रूपमा लिलामी गर्ने, तिनका फलफूल र सामान चोर्ने, कवाडी संकलन गर्नेलाई मरणासन्न हुने गरी कुट्नेहरूलाई नायक बनाउने यो देशमा यस्ता कुराहरू अव्यावहारिक र काल्पनिक लाग्नु स्वाभाविक हो । तर दक्षिण कोरियालगायत धेरै देशहरूले सोलार प्यानलको ओझेलमा मानिसले सयौं किलोमिटर साइकलमा यात्रा गर्न सक्ने सडक संरचना बनाएका छन् । केन्यालगायत जलवायु संकटका कारण भुंग्रो बन्दै गएका देशहरूले अर्धपारदर्शी सोलार प्यानलहरू प्रयोग गरेका छन्, जसले बालीलाई डढ्नबाट जोगाउनका साथै दिनभर सफा ऊर्जा दिने गरेका छन् । चीनले त हरित ऊर्जा, साइकलको प्रयोग र सार्वजनिक यातायातको क्षेत्रमा चमत्कारै गरेको छ ।

त्यसैले अहिलेकै दोहनकारी विकासको राजमार्गमा कुदेर प्रलयको भित्तामा बजारिने हो भने त जे गरे पनि हुन्छ, तर टाट पल्टिँदो 'बायोस्फेयर' का बीच हाम्रो भविष्यलाई अलि परसम्म तन्काउने हो भने नेपालका सबै राजनीतिक दलहरूले पृष्ठभूमिमा गर्जिरहेको प्रलयको आवाज सुन्नुपर्छ । अनि त्यसबाट बच्नका लागि समय सापेक्ष नीति बनाएर कार्यान्वयनमा लैजानुपर्छ । यो चुनावका लागि लेखिने घोषणापत्रहरू त्यो कामका महत्त्वपूर्ण सुरुआती दस्तावेज बन्न सक्छन् ।

(लेखकको विद्यार्थीकेन्द्रित पुस्तक 'लाइफ इन क्राइसिसः अ जर्नी फ्रम द बिग ब्याङ टु द क्लाइमेट इमर्जेन्सी' हालै प्रकाशित भएको छ ।)

घोषणापत्रमा आर्थिक सार्वभौमिकता

माधव ढकाल

नेपालमा यतिखेर राज्यका संस्थाहरूको वैधताको संकट गहिरिँदै गएको छ । त्यस्तै, आमनागरिकमा भविष्यप्रति चरम अन्योल र निराशा व्याप्त छ । यो संकटको अवस्था हो । त्यसैले अबको निर्वाचनमा हरेक दलको घोषणापत्र अर्थतन्त्र केन्द्रित हुनु अनिवार्य छ । किनकि स्पष्ट आर्थिक समाधानबिना नेपालको समृद्धि र विकास सम्भव छैन । अबको आवश्यकता केवल सत्ता परिवर्तन होइन, बरु नेपालको अर्थतन्त्रलाई भूराजनीतिक दबाबबाट मुक्त गरी कसरी आर्थिक समृद्धिको अचूक औजारमा परिणत गर्ने ? भन्ने प्रश्नको वैज्ञानिक समाधान खोज्नु हो ।

वर्तमान राजनीतिक संकटबाट बाहिर निस्केर आर्थिक अवसरमा प्रवेश गर्नका लागि नेपाललाई एकैचोटि मनोवृत्ति र संस्थागत संरचनामा क्रान्तिकारी परिवर्तन आवश्यक छ । परम्परागत राजनीतिक प्रणालीमा अर्थतन्त्र र विकासको विषय सधैं छायामा पर्ने गरेको छ । त्यसैले यतिबेला हामीलाई राजनीतिक हस्तक्षेपबाट पूर्ण रूपमा मुक्त भएको राष्ट्रिय आर्थिक रूपान्तरण तथा योजना आयोग चाहिएको छ । जसले जटिल आर्थिक चुनौतीहरूलाई नवीन तरिकाले र तथ्यांक आधारित समाधान पहिल्याउनुपर्छ । विशुद्ध आर्थिक र विकासको एजेन्डामा केन्द्रित हुनुपर्छ । यसको स्थापनाको मुख्य लक्ष्य नै दीर्घकालीन आर्थिक विकासको स्पष्ट मार्गचित्र कोर्ने र त्यसलाई राजनीतिक उतारचढावबाट बचाएर कार्यान्वयन गर्ने गर्नुपर्छ ।

आगामी पाँच वर्षभित्र नेपाललाई आयातमुखीबाट उत्पादनमुखी अर्थतन्त्रमा लैजान राष्ट्रिय प्राकृतिक स्रोत र मानव पुँजीको अधिकतम उपयोगतर्फ केन्द्रित हुनुपर्छ । विशेषगरी, साना तथा मझौला उद्यम व्यवसायको विकासमा केन्द्रित भएर प्रत्यक्ष रोजगारी सिर्जना गर्नेतर्फ ध्यान केन्द्रित हुनुपर्छ । यसका लागि युवा जनशक्तिलाई दक्ष बनाउन र उनीहरूको उद्यमशीलता विकास गर्न वित्तीय प्रोत्साहन र प्रविधिमा पहुँच सुनिश्चित गर्नुपर्छ । युवाको निराशालाई सम्बोधन गर्ने यो नै दीर्घकालीन र अपरिहार्य उपाय हो ।

जलविद्युत् र पर्यटन क्षेत्रको विविधीकरणमा पनि ध्यान दिइनुपर्छ । ऊर्जा क्षेत्रमा जलविद्युत् उत्पादनलाई देशभित्रको खपतका लागि मात्र र केवल क्षेत्रीय बजारमा प्रवेश गर्ने रणनीतिको सोचबाट माथि उठ्नुपर्छ । बरु, भविष्यमा शतप्रतिशत हरित ऊर्जा र हाइड्रोजन अर्थतन्त्रको जग बसाल्नुपर्छ, जसले नेपाललाई ऊर्जा क्षेत्रको 'ग्लोबल हब' बनाउनेछ । साथै, परम्परागत ट्रेकिङ पर्यटनबाट माथि उठेर उच्च मूल्यका र दीर्घकालीन बसोबासलाई प्रोत्साहन गर्नुपर्छ । आध्यात्मिक पर्यटन, स्वास्थ्य र 'वेलनेस' पर्यटनजस्ता क्षेत्रको विकास गरी नेपालको अर्थतन्त्रलाई मौसमी प्रभावबाट मुक्त गर्न सकिन्छ ।

जबसम्म नेपालको राजनीतिक नेतृत्वले डर र पद प्राप्तिको लोभ गर्ने संस्कृतिलाई त्यागेर वैज्ञानिक आर्थिक मार्गचित्र अवलम्बन गर्दैनन्, तबसम्म राष्ट्रिय विकास र स्वाधीनताको नारा केवल कल्पना मात्र हुनेछ

नेपालको आर्थिक भविष्यको अर्को बलियो खम्बा भनेको 'हिमालयन इकोनोमी' को वैज्ञानिक व्यवस्थापन र जलवायु एजेन्डाको अन्तर्राष्ट्रियकरण हो । हाम्रा हिमालहरू केवल पर्यटकीय गन्तव्य मात्र होइनन् । बरु यो राष्ट्रको सबैभन्दा ठूलो सामारिक 'आर्थिक रिजर्भ' हुन् । उच्च हिमालय क्षेत्रमा पाइने जडीबुटीलाई स्वदेशमै प्रशोधन केन्द्रहरू स्थापना गरी 'प्रिमियम हिमालयन मेडिसिन' का रूपमा विश्व बजारमा लैजाने नीति लिनुपर्छ । यसले निर्यातमा उच्च मूल्य अभिवृद्धि मात्र गर्दैन, बरु हिमाली क्षेत्रमा व्यापक औद्योगिक रोजगारीसमेत सिर्जना गर्नेछ । हाम्रा खनिजजन्य पदार्थहरू जस्तै सिमेन्ट र चुनढुंगालाई कच्चा पदार्थका रूपमा निकासी नगरी तयारी वस्तुका रूपमा निर्यात गर्ने नीतिले मात्र व्यापार घाटा सन्तुलनमा ल्याउन सक्छ । साथै, विश्वव्यापी जलवायु परिवर्तनको जोखिममा रहेको नेपालले आफ्ना हिमाल र पर्यावरणको संरक्षण गरेबापत विश्व समुदायबाट 'कार्बन पेमेन्ट' वा 'कार्बन क्रेडिट' लिने वैज्ञानिक संयन्त्रको विकास गर्नु अबको अनिवार्य कूटनीतिक र आर्थिक एजेन्डा बन्नुपर्छ ।

नेपाललाई क्षेत्रीय र विश्वव्यापी सूचना प्रविधि सेवाको हब बनाउन स्पष्ट मार्गचित्र तयार गर्नुपर्छ । यसका लागि आवश्यक पर्ने डिजिटल पूर्वाधार, साइबर सुरक्षा नीति र 'फाइबर अप्टिकल नेटवर्क' को विस्तारमा व्यापक लगानी गर्नुपर्छ । विशेषगरी 'फ्रिलान्सिङ' र 'रिमोट वर्क' लाई कानुनी र बैंकिङ प्रणालीमार्फत सहज बनाउन आवश्यक छ, जसले गर्दा युवाहरूले नेपालमै बसेर विदेशी मुद्रा आर्जन गर्न सकून् । डिजिटल अर्थतन्त्रले रोजगारी सिर्जनामा क्रान्ति ल्याउन सक्छ । मानव पुँजीको पलायनलाई राष्ट्रिय पुँजी निर्माणमा बदल्न सकिन्छ ।

कृषिलाई आधुनिकीकरण गर्दै 'एग्रो इकोनोमी' र ऊर्जामा केन्द्रित गर्नुपर्छ । नेपालको कृषि प्रणालीलाई निर्वाहमुखीबाट व्यावसायिक, उद्योगमुखी र निर्यातमुखीमा बदल्नुपर्छ । खाद्य सुरक्षा र आत्मनिर्भरता सुनिश्चित गर्दै चिया, कफी, अलैंची, अदुवा, अर्गानिक फलफूल तथा उच्च पहाडी जडीबुटीजस्ता उच्च मूल्यका नगदे बालीहरूको उत्पादनमा विशिष्टीकरण गर्नुपर्छ । यसका लागि 'एग्रो प्रोसेसिङ इन्डस्ट्रिज' को विकास, कृषि अनुसन्धानमा लगानी, सिँचाइ, उन्नत प्रविधि र यान्त्रिकीकरणलाई प्रोत्साहन गर्नुपर्छ । आधुनिक 'एग्रो लजिस्टिक चेन' मार्फत किसानको उत्पादनलाई अन्तर्राष्ट्रिय बजारसँग जोड्न जोड दिनु आवश्यक छ ।

भूराजनीतिलाई आर्थिक लाभमा रूपान्तरण गर्ने स्पष्ट रणनीति बनाउनुपर्छ । यसले भारत र चीनसँगको सम्बन्धलाई राजनीतिक सन्तुलनमा होइन, विशुद्ध आर्थिक साझेदारीमा रूपान्तरण गर्ने रणनीति बनाउनुपर्छ । यसको उद्देश्य भूराजनीतिक तनावलाई ट्रान्जिट, कनेक्टिभिटी र क्षेत्रीय बजार पहुँचमार्फत अधिकतम आर्थिक लाभ लिने वातावरण सिर्जना गर्नेतर्फ केन्द्रित हुनुपर्छ ।

जबसम्म नेपालको राजनीतिक नेतृत्वले डर र पद प्राप्तिको लोभ गर्ने संस्कृतिलाई त्यागेर वैज्ञानिक आर्थिक मार्गचित्र अवलम्बन गर्दैनन्, तबसम्म राष्ट्रिय विकास र स्वाधीनताको नारा केवल कल्पना मात्र हुनेछ । फागुन २१ को निर्वाचनले यही आर्थिक समाधान र स्पष्ट भिजन भएको नेतृत्व खोजेको छ, जसले नेपाललाई अहिलेको संकटबाट बाहिर निकालेर समृद्धिको मार्गमा डोहोर्‍याउन सक्छ ।

थाइल्यान्ड निर्वाचन : प्रधानमन्त्री अनुतिनको दल सबैभन्दा ठूलो बन्ने संकेत

तस्बिर : एपी/रासस

थाइल्यान्डका प्रधानमन्त्री तथा भुमजाइथाई पार्टीका नेता अनुतिन चर्नविराकुल आइतबार बैंककमा भएको आम निर्वाचनपछि पार्टी मुख्यालयमा पत्रकार सम्मेलनमा बोल्दै ।

बैंकक (रासस/एएफपी)- थाइल्यान्डमा आइतबार सम्पन्न आम निर्वाचनमा प्रधानमन्त्री अनुतिन चर्नविराकुलको दल भुमजाइथाई संसद्मा सबैभन्दा ठूलो दल बन्न सक्ने प्रक्षेपण गरिएको छ । प्रारम्भिक मतगणनालाई आधार बनाएर विभिन्न सञ्चारमाध्यमहरूले चर्नविराकुलको राष्ट्रवादी दल भुमजाइथाईले सफलता हात पार्ने उल्लेख गरेका हुन् । प्रारम्भिक मतपरिणामका आधारमा 'च्यानल ३' ले भुमजाइथाईले करिब २ सय सिट जित्न सक्ने अनुमान गरेको छ ।

यसअघि थाई निर्वाचनमा प्रगतिशील, लोकप्रियतावादी र परम्परागत संरक्षणवादी राजनीतिक धारबीच त्रिपक्षीय प्रतिस्पर्धा हुन सक्ने बताइएको थियो । करिब पाँच करोड ३० लाख दर्ता मतदाताहरू रहेको यस निर्वाचनमा ५० भन्दा बढी दल चुनावी मैदानमा थिए । जसमा राष्ट्रव्यापी संगठन र जनसमर्थन भएका मुख्य तीन दल पिपुल्स पार्टी (पीपीए), भुमजाइथाई र फेउ थाईबीच चर्को प्रतिस्पर्धा हुने अनुमान गरिए पनि पीपीपी प्रतिस्पर्धामा धेरै पछाडि देखिएको छ । यस पार्टीले एक सय सिटभन्दा पनि कम सिट जित्दै संसद्मा प्रतिनिधित्व गर्ने देखिएको छ । त्यसैगरी जेलमा रहेका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राको फेउ थाई पार्टी तेस्रो स्थानमा आउने देखिएको छ । पाँच सय सदस्यीय प्रतिनिधिसभामा साधारण बहुमत हासिल गर्ने दल वा गठबन्धनले नयाँ प्रधानमन्त्री चयन गर्नेछ ।

यसअघिको चुनावमा तेस्रो स्थानमा आएको भुमजाइथाई र फेउ थाईका दुई पूर्ववर्तीहरूलाई अदालतले अपदस्थ गरेपछि सेप्टेम्बरमा संसद्ले प्रधानमन्त्रीका रूपमा नियुक्त गरेका अनुतिनका लागि यो आश्चर्यजनक परिवर्तन हुनेछ । पिपुल्स पार्टीका नेता नथाफोङ रुएङपान्यावुतले बैंककमा पत्रकारहरूसमक्ष हार स्वीकार गरेका छन् । पछिल्लो समयसीमा विवादका कारण कम्बोडियासँग बारम्बार लडाइँको सामना गरिरहेको थाइल्यान्डका लागि यो निर्वाचन उक्त समस्या सल्टाउन सक्ने नेतृत्वको खोजीका रूपमा मतदाताले लिएका थिए । थाइल्यान्डले गत वर्ष कम्बोडियासँग दुई पटक लडाइँको सामना गरेको थियो ।

'हामीलाई एक बलियो नेता चाहिएको छ, जसले हाम्रो सार्वभौमिकताको रक्षा गर्न सकोस्,' अनुतिनको गृहनगर बुरिरामको मतदान केन्द्रमा आइतबार मतदान गर्ने पहिलो मतदाता ६४ वर्षीय युएर्नयोङ लुनबुटले भनेका थिए, 'यहाँ बस्दा सीमा द्वन्द्वले मलाई चिन्तित बनाएको छ । हामीले युद्ध कहिल्यै पनि चाहेका छैनौं ।' पदभार ग्रहण गरेलगत्तै अनुतिनले सरकारलाई सिफारिस नगरी सशस्त्र बललाई सीमामा आवश्यक कदम चाल्न आदेश दिएका थिए । गत डिसेम्बरमा भएको पछिल्लो लडाइँमा थाइल्यान्डको सेनाले केही विवादित क्षेत्रहरू आफ्नो नियन्त्रणमा लिएको थियो भने यतिबेला युद्धविरामको अवस्था छ । मतदान गरेपछि अनुतिनले मतदाताहरूले आफूहरूलाई विश्वास गर्ने आशा व्यक्त गरेका थिए ।

थाइल्यान्डको नयाँ सरकारले पनि धेरै छिमेकी देशहरूबाट सञ्चालित अर्बौं डलरको अन्तरदेशीय साइबर घोटाला नेटवर्कका कारण कमजोर आर्थिक वृद्धिसँग संघर्ष गर्नुपर्नेछ । पर्यटन क्षेत्र यहाँको मुख्य आयस्रोत भए पनि अझै पनि कोभिडपूर्वको उच्च बिन्दुमा फर्कन सकेको छैन । भुमजाइथाईले ५ सय सिटको तल्लो सदनमा समग्र बहुमत प्राप्त गर्ने सम्भावना नदेखिए पनि यसको सिट हिस्साले गठबन्धन वार्तामा उसलाई अग्रस्थानमा उभ्याउनेछ ।

थाइल्यान्डमा मिश्रित प्रतिनिधित्व प्रणाली छ, जहाँ चार सय सांसदहरू प्रत्यक्ष निर्वाचन क्षेत्रबाट निर्वाचित हुन्छन् भने एक सय जना पार्टी सूचीका लागि छुट्टै समानुपातिक निर्वाचनबाट चयन (निर्वाचित) हुन्छन् । तीन वर्षअघि मुभ फरवार्ड पार्टी रहेको पिपुल्स पार्टीले सबैभन्दा बढी सिट जितेको थियो, तर यसले उठाएका मुद्दाका कारण पार्टीका तर्फबाट अघि सारिएका उम्मेदवारलाई प्रधानमन्त्री बन्नबाट रोकिएको थियो र पछि पार्टी विघटन गरिएको थियो ।

भावपूर्ण श्रद्धाञ्जली

जन्मः
१९९० साल
भाद्र २० गते

स्वर्गारोहणः
२०८२ साल
माघ १४ गते

स्व. पूर्ण माया गोपाली

हाम्रा अनन्य मित्र एवं हेरिटेज गार्डेनका सञ्चालक श्री मेजरमान गोपालीको ममतामयी माता पूर्ण माया गोपालीको स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै स्वर्गीय आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

-HERITAGE-
GARDEN

हेरिटेज गार्डेन, परिवार
सानेपा, ललितपुर

पुनर्निर्माणको बाटोमा सिरिया

१४ वर्षको विनाशकारी गृहयुद्धले निम्त्याएको क्षतिबाट मुलुकलाई पुनर्निर्माण गर्नका लागि साउदीसँग ऊर्जा, दूरसञ्चार र उड्डयनमा लगानी सम्झौता

एजेन्सी (दमासकस)

सिरिया र साउदी अरेबियाले उड्डयन, ऊर्जा, हाउजिङ र दूरसञ्चार क्षेत्रहरूमा लगानी सम्झौतामा हस्ताक्षर गरेका छन् । १४ वर्षको विनाशकारी गृहयुद्धले निम्त्याएको क्षतिबाट मुलुकलाई पुनर्निर्माण गर्नका लागि गठन गरिएको सिरिया लगानी बोर्डका प्रमुख तलाल अल हिलालीले साउदीसँगको सहकार्यले मुलुकको विकासमा सहयोग पुग्ने बताए ।

नयाँ सम्झौतामा एलिप्पोमा अन्तर्राष्ट्रिय विमानस्थलको विकास, कम लागतको सिरियाली-साउदी एयरलाइनको सुरुवात र देशलाई क्षेत्रीय केन्द्रमा परिणत गर्ने लक्ष्यसहितको दूरसञ्चार परियोजना (सिल्क-लिंक) समावेश छ । साउदी लगानी मन्त्री खालिद अल-फलिहले अलेप्पोमा दुई विमानस्थलहरू विकास गर्न २ अर्ब डलर (७.५ अर्ब साउदी रियाल) एलाफ कोष खडा गरिएको र यसमा साउदीको निजी क्षेत्रले पनि लगानी गर्ने बताए । सिरियाका सञ्चार तथा सूचना प्रविधिमन्त्री अब्दुलसलाम हायकलले आफ्नो देशको दूरसञ्चार क्षेत्रमा साउदीबाट लगभग १ अर्ब डलर आउने बताएका छन् । एसिया र युरोपबीचको सम्पर्क सञ्जाल बढाउन हजारौं किलोमिटर केबल बिछ्याउने योजना रहेको पनि उनले उल्लेख गरे ।

त्यसैगरी, साउदी एयरलाइन फ्लाइनास र सिरियाली नागरिक उड्डयन प्राधिकरणले 'फ्लाइनास सिरिया' नामक नयाँ एयरलाइन स्थापना गर्ने सम्झौतामा हस्ताक्षर गरेका छन् । सिरियाली पक्षको ५१ प्रतिशत स्वामित्व रहने यस एयरलाइनलाई २०२६ को अन्तिम त्रैमासिकमा सञ्चालन गर्ने लक्ष्य राखिएको छ ।

सिरियाको ऊर्जा मन्त्रालयले साउदी अरेबियाको एसीडब्लूए पावरसँग पानी सम्झौतामा हस्ताक्षर गरेको छ । एसीडब्लूए मध्यपूर्व र बाहिरका देशहरूमा विद्युत् उत्पादन र पानी उत्पादन प्लान्टहरूमा परियोजनाहरू सञ्चालन गर्नका लागि परिचित छ । डिसेम्बर २०२४ मा सिरियामा भएको आन्दोलनले तत्कालीन राष्ट्रपति बसर अल-असदलाई अपदस्थ गरेको थियो । त्यसयता, सत्ता सम्हालेका राष्ट्रपति अहमद अल साराले पुनर्निर्माणको मुद्दालाई प्राथमिकतामा राखेका छन् । साराको योजनालाई साउदी अरेबिया, मध्यपूर्वका अन्य देश र अमेरिकाले समर्थन गर्दै आएका छन् । यसअघि गत डिसेम्बरमा अमेरिकाले सिरियामाथि लगाएका प्रतिबन्धहरू हटाएको थियो । त्यसयता, सिरियाका विभिन्न क्षेत्रमा यति ठूलो लगानी भित्रिएको यो पहिलो पटक हो ।

चेभरोनसँग प्रारम्भिक सम्झौता

केही दिनअघि मात्रै सिरियाको सरकारी पेट्रोलियम कम्पनीले अमेरिकी कम्पनी चेभोरोन र कतारस्थित पावर इन्टरनेसनल होल्डिङसँग सिरियाली जल क्षेत्रमा तेल तथा ग्यासको अन्वेषण तथा उत्खनन गर्ने लक्ष्यसहित प्रारम्भिक सम्झौता गरेको थियो । सिरियाको सरकारी समाचार एजेन्सी सानाका अनुसार यस सम्झौताले ऊर्जा क्षेत्रमा रणनीतिक साझेदारीलाई सुदृढ पार्ने लक्ष्य राखेको छ । सरकारमा हाइड्रोकार्बन उत्पादन विस्तार गर्नका लागि सरकारले विदेशी साझेदारहरूलाई आकर्षित गर्न खोजिरहेको छ । सिरियन पेट्रोलियम कम्पनीका सीईओ युसेफ कबालावीले यो सम्झौतालाई सिरियाको इतिहासमा 'सबैभन्दा महत्त्वपूर्ण' जल ऊर्जा अन्वेषण सम्झौताका रूपमा वर्णन गरे ।

'गर्मीयाम सुरु हुनुभन्दा पहिले नै हामी ड्रिलिङ सुरु गर्नेछौं भन्ने आशा छ,' कबालावीले भने । ग्यास भण्डारणको अवस्थामा पुग्न चार वर्ष लाग्न सक्ने अनुमान गरिएको उनले बताए । सिरियाको तेल र ग्यास क्षेत्रहरू देशको झन्डै १५ वर्ष लामो द्वन्द्वबाट नराम्ररी प्रभावित भएका थिए । मार्च २०११ मा सिरियामा विद्रोह सुरु भएर गृहयुद्ध निम्तनुअघि पेट्रोल निर्यात यहाँको अर्थतन्त्रको एक प्रमुख आधार थियो । सिरियामा २०११ अघि प्रतिदिन लगभग ३ लाख ८० हजार ब्यारेल उत्पादन हुन्थ्यो । २०१० मा पेट्रोल निर्यातबाट प्राप्त राजस्वले यहाँको सरकारी बजेटको झन्डै एक चौथाइ हिस्सा ओगटेको थियो ।

> नयाँ सम्झौतामा एलिप्पोमा अन्तर्राष्ट्रिय विमानस्थलको विकास, कम लागतको सिरियाली-साउदी एयरलाइनको सुरुवात र देशलाई क्षेत्रीय केन्द्रमा परिणत गरिने

सिरियामा कुर्दिश नेतृत्वका लडाकुहरूको कब्जामा रहेका उत्तरपूर्वी र पूर्वी क्षेत्र गत महिना मात्रै सरकारी सेनाको नियन्त्रणमा आएको थियो । यस क्षेत्रमा तेलको प्रचुर सम्भावना रहेको छ । सिरियामा संशोधित कानुनअनुसार विदेशी लगानीकर्ताहरूले शतप्रतिशत स्वामित्व आफ्नै हातमा राख्न सक्छन् । संशोधित कानुनअन्तर्गत विदेशी लगानीकर्ताहरूले सिरियाली साझेदारहरू लिन बिनासय प्रतिशत स्वामित्व राख्न सक्छन् । 'विगतमा प्रचलित निजी उद्योगमाथि हुँदै आएको राज्यको कब्जा अन्त्य गर्ने कदम सरकारले चालेको छ । हामीले यूएईजस्ता केही सफल देशहरूको अभ्यासलाई हेरेर यस्तो कानुन बनाएका हौं । जसले सिरियामा लगानीकर्ताहरू आकर्षित गर्न सकोस्,' कबालावीले भने ।

हिलालीले कृषि र स्वास्थ्य क्षेत्रका लागि कर छुटको व्यवस्था रहेको बताए । त्यस्तै, कम्तीमा आधा उत्पादन निर्यात गर्ने उत्पादकहरूलाई ८० प्रतिशतसम्म कर छुट दिनेजस्ता प्रोत्साहन प्याकेजहरू पनि राखिएको उनले बताए । उनले पर्यटन क्षेत्रलाई पनि पुनर्जीवित गर्ने लक्ष्य राखिएको बताए । 'सिरिया सधैं आफ्नो दृश्यावलोकन र समृद्ध प्राचीन इतिहासका लागि चिनिनेछ । हामी यस क्षेत्रलाई पनि विकास गर्न चाहन्छौं,' उनले भने । पछिल्ला दिनहरूमा सिरियामा बिजुलीको आपूर्ति पनि बढ्दै गएको, युद्धताका दैनिक तीन घण्टा मात्रै उपलब्ध विद्युत् आपूर्ति अहिले १३ घण्टा पुगेको र यस वर्षको अन्त्यसम्म २४ घण्टा पुर्‍याउने लक्ष्य रहेको उनले बताए । सिरियामा अमेरिका, यूएई, साउदी अरब, कतार र टर्किएले पुनर्निर्माणको काममा सहयोग गर्ने इच्छा देखाउँदै आएका छन् ।

गृहयुद्धको क्षति

सिरियामा २०११ मा राष्ट्रपति बसर अल असदले आन्दोलन दबाउन खोज्दा कालान्तरमा गृहयुद्ध निम्त्याएको थियो । अस्थिरताको फाइदा उठाएर आईएसआईएससहितका इस्लामिक उग्रवादी संगठनहरूले यहाँ हिंसा र अराजकता फैलाएका थिए । यसलाई रोक्ने बहानामा अमेरिका र रुसजस्ता शक्ति केन्द्रले हवाई हमला गरेका थिए । जसकारण, केही वर्ष सिरियाली भूमि विदेशीको शक्ति प्रदर्शन गर्ने थलोमा परिणत भयो । डिसेम्बर २०२४ मा राष्ट्रपति असद देश छाडेर हिँडेपछि यहाँ आन्दोलनकारीहरूले नयाँ संक्रमणकालीन सरकार बनाएका छन् । अल सारा नेतृत्वको यस सरकारलाई विश्वका सबै शक्ति केन्द्रले स्वीकार गरेकाले अब यहाँ शान्ति छाउने आशा गरिएको छ । यद्यपि, केही संगठनहरू अझै आन्दोलनमै छन् ।

संयुक्त राष्ट्रसंघको प्रतिवेदनअनुसार १४ वर्षे अस्थिर अवधिमा झन्डै ६२ लाख जनसंख्या आन्तरिक रूपमा विस्थापित भएको छ । झन्डै यति नै संख्यामा मानिसहरू शरणार्थी बनेर विदेशिएका छन् । त्यसमध्ये ३० लाखभन्दा धेरै शरणार्थी टर्किएमा छन् । १४ लाख जनसंख्या विभिन्न शिविरहरूमा बस्न बाध्य छन् । रिलिफ वेब इन्टरनेसनलका अनुसार कुल २ करोड ६० लाख जनसंख्यामध्ये झन्डै ९० प्रतिशत गरिबीमा छ । अनुमानित झन्डै १ करोड ४६ लाख जनसंख्याले खाद्यान्न असुरक्षा बेहोरेको छ । यसमा ५ वर्षमुनिका ६ लाख बालकसमेत पर्छन् ।

४० प्रतिशतभन्दा धेरै अस्पताल र स्वास्थ्य संस्थाहरू आंशिक वा पूर्ण रूपमा सञ्चालन गर्न नमिल्ने अवस्थामा छन् । हजारौं विद्यालय भवन ध्वस्त भएका छन्, जसकारण बालबालिका स्कुल जान पाएका छैनन् । गृहयुद्धका दौरान मानवअधिकार हनन उच्च थियो । बाल श्रम, बाल विवाह, बालबालिका तस्करी र द्वन्द्वमा विभिन्न पक्षले बालबालिकालाई प्रयोग गर्ने काम गरे । युद्धताका जमिनमुनि गाडिएका बमहरूले पनि जनजीवनलाई जोखिममा पारेका छन् । सुरक्षित पानी र सरसफाइको अभावले विभिन्न रोगहरू फैलन सक्ने खतरा रहेको युनिसेफले जनाएको छ ।

भावपूर्ण श्रद्धाञ्जली

जन्मः
१९९० साल भाद्र २० गते

स्वर्गारोहणः
२०८२ साल माघ १४ गते

स्व. पूर्ण माया गोपाली

यस G20 Group का अनन्य मित्र श्री मेजरमान गोपालीको ममतामयी माता पूर्ण माया गोपालीको स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै स्वर्गीय आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

G20 Group
परिवार, काठमाण्डौ

पाकिस्तानमा ३१ को ज्यान लिने हमलाका 'मास्टरमाइन्ड' पक्राउ

इस्लामाबाद (एजेन्सी)- पाकिस्तानका गृहमन्त्री मोहसिन नकवीले इस्लामाबाद हमलाका 'मास्टरमाइन्ड' (मुख्य योजनाकार) लाई पक्राउ गरिएको बताएका छन् । शुक्रबार इस्लामाबादको इमामबाडास्थित सिया मस्जिदमा भएको आत्मघाती हमलामा ३१ जनाको मृत्यु भएको थियो । गृहमन्त्री नकवीले शनिबार पत्रकार सम्मेलनका दौरान उक्त हमलाका 'मास्टरमाइन्ड' आईएसआईएससँग जोडिएको एक अफगानी नागरिक भएको बताएको बीबीसी हिन्दीले उल्लेख गरेको छ । घटनामा संलग्न चार जनालाई मस्जिदमा भएको आत्मघाती बम हमलामा सहयोग गरेको आशंकामा पक्राउ गरिएको छ । जसमा हमलाका 'मास्टरमाइन्ड' पनि सामेल भएको नकवीको दाबी छ । हमलाको सम्पूर्ण योजना र तालिम अफगानिस्तानमै भएको उनको भनाइ छ । नकवीले भने, 'अहिले हामीसँग यस्ता मान्छे हिरासतमा छन्, जसले यस पटक आक्रमणकारीलाई कसरी ल्याइयो र तालिम दिइएको थियो भनेर पूरा जानकारी दिएका छन् ।'

विदेशी मूद्रा	
अमेरिकी डलर	१४५.३६
युरो	१७१.४१
पाउन्ड स्टर्लिङ	१९७.५४
अस्ट्रेलियन डलर	१०१.४३
कतारी रियाल	३९.७७

राष्ट्र बैंकको आधारमा

सुन रू. ३,००,५००

चाँदी रू. ५,०१०

भोट तान्ने 'अस्त्र' बनेको तर १५ वर्षमा पनि नबनेको कमला पुल

सर्वसाधारणले सबैभन्दा धेरै र लामो समयदेखि सास्ती खेप्नुपरेको अधुरो आयोजना हो, सिरहा र धनुषाको सीमा पर्ने कमला नदीको पुल, मधेशको जीवनरेखा मानिने हुलाकी राजमार्गअन्तर्गतको यो पुल निर्माणको काम थालिएको वर्षौं बित्दा पनि बनेन

विनय आजाद (सिरहा)

मुलुकमा ठेकेदारले समयमै आयोजनाको काम सम्पन्न नगर्ने प्रवृत्ति पुरानै भयो। अझ उदेकलाग्दो कुरा त के भने चुनावका बेला तिनै आयोजनाका नाममा मतदातासँग मत माग्ने अनि मत लिने दल र तिनका नेता पनि चुनाव जितेपछि नजरअन्दाज गर्ने गर्छन् । सिरहा र सप्तरीमा यस्तै केही आयोजना छन्, जुन राजनीतिक दलका लागि मत तान्ने 'अस्त्र' मात्रै बन्दै आएका छन् ।

सर्वसाधारणले सबैभन्दा धेरै र लामो समयदेखि सास्ती खेप्नुपरेको अधुरो आयोजना हो, सिरहा र धनुषाको सीमा पर्ने कमला नदीको पुल । मधेशको जीवनरेखा मानिने हुलाकी राजमार्गअन्तर्गतको यो पुल निर्माणको काम थालिएको १५ वर्ष हुन लाग्यो ।

४ सय ६९.२ मिटर लामो कमला पुलको निर्माणका लागि २४ जेठ २०६८ मै पप्पु-लुम्बिनी बिल्डर्स जेभी काठमाडौंले भ्याटसहित २४ करोड ९० लाख रुपैयाँमा ठेक्का पाएको थियो। पप्पु कन्स्ट्रक्सनका मालिक जसपा नेपालबाट प्रतिनिधिसभा सदस्यसमेत बनेका हरिनारायण रौनियार हुन् । यो कन्स्ट्रक्सनका सञ्चालक हाल उनका छोरा सुमित रौनियार छन् भने लुम्बिनी बिल्डर्सको सञ्चालक विष्णुप्रसाद शर्मा हुन् ।

सम्झौताअनुसार ३ वर्ष ६ महिना, अर्थात् ३० मंसिर २०७१ भित्रै यो पुल निर्माण भइसक्नुपर्ने थियो। तर, दुई पटक म्याद थपेर ३० मंसिर २०७५ सम्म निर्माण अवधि लम्ब्याइयो। तैपनि ठेकेदारले पुल निर्माण गरेन।

सिरहा र धनुषाको सीमामा पर्ने कमला नदीमाथि निर्माणाधीन पुल । निर्माण सुरु भएको १५ वर्षसम्म पनि यो पुल बनेको छैन । तस्बिर : कान्तिपुर

स्थानीयले संघर्ष समिति नै बनाएर रिले अनशन थालेपछि हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरले १ असोज २०७६ मा मुख्य साझेदार पप्पुलाई हटायो र लुम्बिनी बिल्डर्सलाई ठेक्का दियो।

लुम्बिनीले नदीमा तटबन्धसहित नियन्त्रण र पहुँच मार्गबाहेक पुल निर्माणको काम अन्तिम चरणमा पुऱ्याएको अवस्थामा १७ असार २०७८ मा आएको सामान्य बाढीसमेत थेग्न नसकी पुलको सिरहातर्फ दोस्रो र ३ कात्तिक २०७८ मा धनुषातर्फको तेस्रो पाया भासियो। तर, त्यसयता चार वर्ष नाघिसक्दा पनि पुलको हालत उस्तै छ।

पुलको पुनर्निर्माणका लागि आठौं पटक थपिएको म्यादसमेत गत असारमा गुज्रिसकेको छ। निर्देशनालयले ठेक्का खोस्ने तयारी गरेपछि पछिल्लो समय फेरि ठेकेदारले काम थालेको छ। ठेकेदारले पछिल्लो समय काम थाले पनि म्याद भने अहिले थप नगरिएको हुलाकी सडक निर्देशनालय, योजना कार्यालय जनकपुरका प्रमुख कृष्णकुमार महतोले बताए।

यसरी केही दिन काम चल्ने र फेरि बन्द हुने रवैयाले पुल कहिले बनिसक्ने हो भन्ने कुराको टुंगो देखिँदैन। तर, भुक्तानी भने ठेकेदार कम्पनीले २३ करोड १९ लाख रुपैयाँ लगिसकेको छ। यो पुलको डिजाइन नै गलत भएको र चरम अनियमितता भएको विषय पनि उठ्दै आएको छ। यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्थलगत निरीक्षण नै गरेर अनुसन्धानसमेत गरिरहेको छ।

कमलाको यो पुल निर्माणमा यसरी झेल हुँदा यस भेगका बासिन्दाले दशकौंदेखि ठूलो सास्ती खेप्दै आएका छन्। यहाँ पुल नहुँदा बर्खायाममा डुंगाको सहारामा वारिपारि गर्ने स्थानीयले सुक्खायाममा बाँसको अस्थायी पुलबाट आवतजावत गर्ने गरेका थिए। नदीमा पछिल्लो समय ह्युमपाइप राखेर अस्थायी डाइभर्सन बनाइएको छ।

तर, यो टिकाउ नहुने सिरहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजित यादव बताउँछन्। 'डाइभर्सन बनेपछि अहिलेलाई आवतजावत गर्न सहज त भएको छ, तर यो नदीमा बाढी नआउञ्जेलसम्मका लागि हो,' यादवले भने, 'बाढी आयो भने त यसलाई सहजै बगाउँछ।' **बाँकी पृष्ठ ८**

एमसीसीका परियोजनामा ११ करोड अमेरिकी डलर परिचालन

एमसीसीअन्तर्गत ८ करोड ९० हजार र नेपाल सरकारबाट २ करोड ७६ लाख ६६ हजार अमेरिकी डलर खर्च

सीमा तामाङ (काठमाडौं)

अमेरिकी अनुदान सहयोगको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अन्तर्गतका परियोजनामा हालसम्म १० करोड ७७ लाख ५७ हजार अमेरिकी डलर खर्च भएको छ। मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसीए नेपाल) ले उपलब्ध गराएको सूचनाअनुसार एमसीसीअन्तर्गत ८ करोड ९० हजार र नेपाल सरकारबाट २ करोड ७६ लाख ६६ हजार अमेरिकी डलर खर्च भएको हो। एमसीसी कम्प्याक्टअन्तर्गत सञ्चालित परियोजना र एमसीए नेपालको तलबभत्ता र कार्यालय सञ्चालनका लागि समेत उक्त रकम प्रयोग भएको छ।

यसअघि २ फागुन २०८१ मा एमसीसीले पठाएको इमेलमा नेपाल सरकार र उक्त निकायबीच २९ भदौ २०७४ मा भएको सम्झौताअन्तर्गत कार्यान्वयन भइरहेका आयोजनासँग सम्बन्धित एमसीसी कोषबाट भुक्तानी हुने क्रियाकलाप अमेरिकी राष्ट्रपतिको २० जनवरी २०२५ मा जारी ९० दिनको स्थगनसम्बन्धी कार्यकारी आदेशानुसार रोकिएको थियो।

२१ मार्च २०२५ मा एमसीए नेपालले विज्ञप्ति जारी गर्दै अमेरिकाको वैदेशिक सहायतासम्बन्धी समीक्षा चलिरहेकै बेला अमेरिकी सरकारले एमसीसी नेपाल कम्प्याक्टअन्तर्गतका केही कार्य अगाडि बढाउन अनुमति प्रदान गरेको जनाएको थियो। २ जुलाई २०२५ मा अमेरिकी वैदेशिक सहयोगमा लगाइएको स्थगनका सन्दर्भमा विशेष छुटअन्तर्गत एमसीसी नेपाल कम्प्याक्टको कार्यान्वयनलाई निरन्तरता दिन अनुमति दिनेसम्बन्धमा अमेरिकी सरकारबाट भएको निर्णयको स्वागत गरेको थियो।

> **एमसीए नेपाल एमसीसी अन्तर्गतको कार्यक्रम हो, २९ भदौ २०७४ मा नेपाल सरकार र एमसीसीबीच भएको सम्झौताअनुसार १३ भदौ २०८० देखि परियोजना कार्यान्वयन सुरु भएको हो**

एमसीए नेपालअन्तर्गत १८ किलोमिटर बुटवल-गोरखपुर प्रसारण लाइन, ४ सय केभी नयाँ बुटवल सबस्टेसन, ४ सय केभी नयाँ दमौली सबस्टेसन र ४ सय केभी रातामाटे सबस्टेसन निर्माणाधीन छन्। एमसीए नेपालका अनुसार २९७ किमि प्रसारण लाइन पनि ठेक्का लागिसकेको छ। ठेक्का पाएका कम्पनीले काम सुरु गरिसकेका छन्। धानखोलादेखि लमहीसम्मको ४० किलोमिटरको पनि ठेक्का लागिसकेकले पूर्वतयारीको काम भइरहेको छ।

एमसीए नेपालले बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइनअन्तर्गत नेपालमा पर्ने १८ किमि प्रसारण लाइन निर्माण गर्न १ करोड २३ लाख ६० हजार अमेरिकी डलरमा ट्रान्सरेल लाइटिङ लिमिटेडसँग १४ भदौ २०८१ मा सम्झौता गरेको थियो। उक्त प्रसारण लाइन २१ महिनामा सकाउने लक्ष्यका साथ काम भइरहेको एमसीए नेपालले जनाएको छ। प्रसारणलाइनको डिजाइन, इन्जिनियरिङ र सर्भेको काम सकिएको छ। कुल ५३ वटा टावर निर्माण गर्नुपर्नेमा २१ वटाको फाउन्डेसन राखिसकेको एमसीए नेपालले उपलब्ध गराएको सूचनामा उल्लेख छ।

बुटवल-गोरखपुर प्रसारण लाइनका लागि २०२६ जनवरीसम्म ट्रान्सरेल लाइटिङ कम्पनीलाई १५ लाख ६० हजार अमेरिकी डलर भुक्तानी दिएको एमसीए नेपालको भनाइ छ। तनहुँमा निर्माणाधीन ४ सय केभी क्षमताको नयाँ दमौली सबस्टेसनको भौतिक प्रगति १६.७५ प्रतिशत पुगेको छ। नयाँ दमौली सबस्टेसन निर्माणका लागि भारतको टेक्नो इलेक्ट्रिक एन्ड इन्जिनियरिङ कम्पनीसँग १६ साउन २०८१ मा सम्झौता भएको थियो। ठेक्का पाएको कम्पनीलाई ४२ लाख डलर भुक्तानी भएको छ।

नुवाकोटमा ४ सय केभी रातामाटे सबस्टेसन निर्माण गर्न भारतको टेक्नो इलेक्ट्रिक एन्ड इन्जिनियरिङ कम्पनी लिमिटेडसँग १ असार २०८१ मा सम्झौता भएको थियो। उक्त सबस्टेसन ३९ महिनाभित्र निर्माण गरिसक्ने गरी ५ करोड १६ लाख अमेरिकी डलरमा सम्झौता भएको थियो। उक्त सबस्टेसन पनि निर्माणाधीन छ। भौतिक प्रगति १६.५६ प्रतिशत पुऱ्याएको ठेकेदार कम्पनीलाई हालसम्म ५५ लाख १० हजार डलर भुक्तानी दिएको एमसीए नेपालको भनाइ छ।

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को ४ सय केभी नयाँ बुटवल सबस्टेसन निर्माण गर्न लिंकसन इन्डियासँग २०८१ वैशाख २७ मा सम्झौता भएको थियो। ३९ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य लिएको उक्त सबस्टेसन ३ करोड ५५ लाख १० हजार डलरमा सम्झौता भएको थियो। **बाँकी पृष्ठ ८**

गैर बैंकिङ सम्पत्ति बिक्री गरिने बारेको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८२/१०/२६)

यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमको जग्गाहरु जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत् बिक्री गरिने भएको हुँदा इच्छुक फर्म, कम्पनी वा महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र यस बैंकको शाखा कार्यालय, रामशाहपथमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। बोलपत्र सूचनामा तोकिएको अन्तिम दिन सार्वजनिक बिदा भएमा लगत्तैको अर्को कार्य दिन कार्यायल समयभित्र बोलपत्र फारम दर्ता गर्न सकिने छ। रितपूवर्क दर्ता हुन आएका बोलपत्रका फारमहरु फारम भर्ने म्याद सकिएको पहिलो कार्य दिनको १:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा भने पुग्ने छैन।

बोलपत्र बुझाउने अन्तिम मिति : २०८२/११/१७

शिलबन्दी बोलपत्र खोल्ने मिति : २०८२/११/१९

गोप्य शिलबन्दी खोलिने स्थान/कार्यालय : कृषि विकास बैंक लि. मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं।

तपसिल

सम्पत्तिको विवरण

जग्गाधनीको नाम	जिल्ला	म.न.पा	वडा नं.	कि.नं.	क्षेत्रफल	अन्य विवरण
कृषि विकास बैंक लि.	काठमाडौं	काठमाडौं	३२	७५२	०-८-०-३	१७,४७२ वर्ग फिट रहेको निर्माणाधिन संरचना समेत
				२३३०	०-७-२-०	
				२३२७	०-७-०-०	
				२३२८	०-४-१-२	
				२३२९	०-२-२-२	
				२३३१	०-६-१-२	
				२३३२	०-७-०-०	
	काठमाडौं	काठमाडौं	१८	७२३	०-१२-२-१	३,०७०.४० वर्ग फिट र १,७२६.३१ वर्ग फिट रहेको २ घर समेत

शर्तहरू :

१. शिलबन्दी बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रू. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ। फोटोकपी गरिएको फारम मान्य हुने छैन।
२. लिलामी सूचनामा उल्लेखित सम्पत्तिको शिर्षक वा नम्बर बोलपत्र फारममा अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ। साथै बोलपत्रको खाम बाहिर सम्पत्तिको शिर्षक वा नम्बर उल्लेख गरेको हुनु पर्ने छ।
३. रित नपुगेको, न्यूनतम् मूल्यभन्दा कम उल्लेख भएको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारवाही गरिने छैन।
४. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृति गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहने छ।
५. टेण्डर मिति २०८२/११/१९ का दिन दिनको १:०० बजे कृषि विकास बैंक मुख्य कार्यालय रामशाहपथमा टेण्डर दिने व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित भएसम्मका व्यक्तिहरुको रोहवरमा खोलिने छ।
६. टेण्डरसाथ आफूले दिन चाहेको मोलको न्यूनतम १०% रकम भुक्तानी दिनु पर्ने हिसाव वा धरौटी बापत यस बैंकको कर्पोरेट शाखामा रहेको खाता नं.०१००२००११४५५५०२५ जम्मा गर्नु पर्ने छ र सोको सक्कल बैंक भौचर/रसिद टेण्डरसाथ राखेको हुनुपर्ने छ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ (सात) दिनभित्र दाखिल गरी लैजानु पर्ने छ, घर/जग्गा नामसारी गरि सक्नु पर्ने छ अन्यथा धरौटी जफत भई उक्त सम्पत्ति पुनः बिक्री गर्न सकिने छ।
८. आफूले सम्पत्ति लिन चाहेको मोल अंक र अक्षरमा प्रष्टसँग लेखिएको हुनु पर्ने छ।
९. शिलबन्दी टेण्डर खाममा लाहाछाप लगाएको हुनु पर्ने छ।
१०. शिलबन्दी टेण्डर दिने व्यक्तिले नागरिकताको प्रमाणित प्रतिलिपी र संगठित संस्था भए संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्ने छ। साथै संस्थाको हकमा कम्पनीको छाप, अख्तियारनामा र निजको अख्तियारवाला कर्मचारीको दस्तखत हुनुपर्ने छ।
११. लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाइने छैन।
१२. लिलाम सदर भएपश्चात् दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्नुपर्ने राजस्व, रजिष्ट्रेशन दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्ने छ।
१३. अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाडौं।

रोल्पा जलजला महोत्सवमा कृषि उत्पादनदेखि ढुंगाको व्यापार

कान्तिपुर संवाददाता (रोल्पा)

कृषि, पर्यटन एवं आन्तरिक व्यापार वृद्धि गर्ने उद्देश्यले रोल्पाको लिबाङमा सञ्चालित रोल्पा जलजला महोत्सवमा कृषिजन्य वस्तुदेखि ढुंगासम्मको पनि व्यापार भएको छ । स्थानीय कला र संस्कृतिको प्रदर्शनसमेत गरिएको महोत्सवमा कृषिजन्य वस्तुसँगै अन्य स्थानीय उत्पादनको किनमेल भयो ।

स्थानीय सन स्टार युवा क्लबले आयोजना गरेको महोत्सवमा लिबाङ र पूर्वी रोल्पाको मार्बल बनाउने ढुंगा र ब्लक (इँटा) को समेत व्यापार भएको छ । १५ देखि २५ माघसम्म सञ्चालित महोत्सवमा सुरुका दिनमा स्थानीय कृषि उत्पादनको प्रदर्शनी भएको थियो । कृषिजन्य उत्पादनअन्तर्गत विभिन्न गाउँबाट किसानले उत्पादन गरेका सामान ल्याएका थिए । सबै प्रकारका उत्पादनलाई प्रदर्शनीमा राखेर स्थानीय उत्पादनको विकास गर्न महोत्सव आयोजना गरिएको क्लबका अध्यक्ष पूर्ण केसीले बताए ।

महोत्सवमा विभिन्न स्थानीय तह, क्लब र आमा समूहले सांस्कृतिक कला प्रदर्शनीमा राखेका थिए । स्थानीयदेखि केन्द्रीय कलाकारले नाच र कलाको प्रदर्शनीसमेत गरेको आयोजकको भनाइ छ । महोत्सवका अवसरमा नेपाली चलचित्र 'मितज्यू' को छायांकनसमेत गरिएको केसीले जनाए ।

दोहोरो अंकले घट्यो नेप्से, लगानीकर्ता पर्ख र हेरको अवस्थामा

२१ फागुनमा निर्वाचन हुन लागेको र राजनीतिक अस्थिरता रहेकाले बढ्न सकेन लगानीकर्ताको आत्मविश्वास, एकै दिन १७ अर्बले खुम्चियो सेयर बजारको आकार

कान्तिपुर संवाददाता (काठमाडौं)

सेयर कारोबार मापक नेप्से परिसूचक आइतबार दोहोरो अंकले घटेर बन्द भएको छ । गत बिहीबार २७.१९ अंकले बढेर बन्द भएको नेप्से आइतबार १०.२५ अंकले घटेको हो । बिहीबारको तुलनामा ०.३७ प्रतिशतले घटेपछि समग्र नेप्से २ हजार ६ सय ९८.४४ अंकमा ओर्लेको छ । पछिल्ला दिनमा नेप्से एक दिन बढ्ने त एक दिन घट्ने जस्तै भइरहेको छ । यद्यपि बढेको र घटेको दिन पनि उच्च परिवर्तन देखिएको छैन ।

सेयर बजारको यो प्रवृत्तिलाई विश्लेषकहरूले नेप्सेले स्पष्ट दिशा समात्न नसकेका रूपमा विश्लेषण गरेका छन् । २१ फागुनमा निर्वाचन हुन लागेको, अन्तरिम सरकारको अवधि सकिन थालेको, नयाँ सरकार कसको नेतृत्वमा हुन्छ भन्ने स्पष्ट टुंगो नभइसकेको लगायत कारण लगानीकर्ता पर्ख र हेरको अवस्थामा रहेको उनीहरूको तर्क छ ।

यस दिन कारोबारमा आएका मध्ये ८५ कम्पनीको सेयर मूल्य बढ्यो, १ सय ६८ कम्पनीको मूल्य घट्यो । र बाँकी ७ कम्पनीको स्थिर रह्यो । सेयर बजार बढ्नेमध्ये पनि सुपर माई हाइड्रोपावर कम्पनीको सेयर मूल्य सबैभन्दा बढी १० प्रतिशतले बढेपछि कारोबार नियन्त्रणका लागि सर्किट ब्रेकर लागेको थियो । योसहित ८५ वटा कम्पनीका सेयरधनीले आइतबार नाफा कमाएका छन् । ती कम्पनीको सेयर मूल्य बढेपछि उनीहरूको सम्पत्तिको मूल्य बढेको हो । तर, १ सय ६८ वटा कम्पनीका सेयरधनीले नोक्सानी बेहोरेका छन् । यी कम्पनीको सेयर मूल्य घटेपछि ती कम्पनीका सेयरधनीको सम्पत्तिको मूल्य घटेको हो । जसमध्ये कालिञ्चोक दर्शनको सेयर मूल्य ८.९१ र कर्पोरेट डेभलपमेन्ट बैंकको ८.२९ प्रतिशतले घटे । ७ वटा कम्पनीको सेयर मूल्यमा भने कुनै परिवर्तन भएन ।

आइतबार कुल १ लाख ११ हजार ९ सय ७८ पटकको सेयर किनबेचमा २ करोड ६२ लाख ३६ हजार २ सय ४ कित्ता सेयर किनबेच भए । ती किनबेचमा ११ अर्ब ६५ करोड ९७ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम बढेको हो । गत बिहीबार सेयर बजारमा ११ अर्ब ५८ करोड २८ लाख रुपैयाँ बराबरको कारोबार भएको थियो ।

उक्त दिन कारोबारमा आएका १३ उपसमूहमध्ये लगानी र अन्यको परिसूचक सामान्य बढे । बाँकी सबै उपसमूहको परिसूचक घटेपछि नेप्से दोहोरो अंकले घटेको हो । यसअनुसार लगानी उपसमूहको परिसूचक ०.०९ र अन्यको ०.४६ प्रतिशतले सकारात्मक रहे । तर बैंकिङ उपसमूहको परिसूचक ०.१३, विकास बैंकको ०.९२, वित्त कम्पनीको ०.०१, होटेल तथा पर्यटनको ०.१३, जलविद्युत्को ०.३१, जीवन बिमाको ०.७१, उत्पादन तथा प्रशोधनको १.१६, लघुवित्तको ०.२१, सामूहिक लगानी कोषको ०.६१, निर्जीवन बिमाको ०.२८ र व्यापारको १.३० प्रतिशतले घटे ।

नेप्से दोहोरो अंकले घटेपछि सेयर बजारको आकार कुल बजार पुँजीकरण १७ अर्बले खुम्चिएको छ । यसअनुसार गत बिहीबार ४५ खर्ब ४७ अर्ब रुपैयाँ रहेको कुल बजार पुँजीकरण आइतबाट घटेर ४५ खर्ब ३० अर्ब रुपैयाँ कायम भएको छ ।

भोट तान्ने 'अस्त्र' बनेको...

यो पुल नबन्दा स्थानीयले भोगेको सास्ती भनिसाध्य छैन । यो पुलबाट जनकपुर मात्रै ३१ किलोमिटर छ । तर, पुल अभावमा यहाँका बासिन्दा चोहर्वा, मिर्चैया, ढल्केबर हुँदै करिब ९० किलोमिटरसम्म घुमेर डेढ घण्टा यात्रा गरी आधा घण्टा परको जनकपुर जानुपर्ने बाध्यतामा छन् ।

कमलामा पुल निरीक्षण गर्न भने विभिन्न दलका नेताहरूबीच प्रतिस्पर्धा नै चलेको छ । २०६८ जेठमा तत्कालीन भौतिक तथा योजनामन्त्री हृदयेश त्रिपाठी र तत्कालीन अर्थमन्त्री वर्षमान पुनले शिलान्यास गरेको यो पुल अहिलेसम्म विभिन्न प्रधानमन्त्री र मन्त्रीहरूले दर्जन बढी पटक निरीक्षण गरिसकेका छन् । जसमध्ये केपी शर्मा ओलीले दुई पटक, पुष्पकमल दाहालले दुई पटक र शेरबहादुर देउवाले एक पटक गरी तीन जना तत्कालीन प्रधानमन्त्री नै पाँच पटक यहाँ आएका छन् ।

ओली पहिलो पटक १९ माघ २०७५ मा, दोस्रो पटक २६ चैत २०८१ मा, दाहाल पहिलो पटक १२ फागुन २०८० मा, दोस्रो पटक १७ फागुन २०८१ मा र देउवा २ साउन २०७६ मा यहाँ आएका हुन् ।

यहाँ आउने मन्त्रीहरूको सूची लामै छ । ४ असार २०७८ मा तत्कालीन पर्यटनमन्त्री उमाशंकर अरगरिया यहाँ आएका थिए भने १५ फागुन २०७९ तत्कालीन उपप्रधान तथा भौतिक पूर्वाधारमन्त्री नारायणकाजी श्रेष्ठ, १ साउन २०८० मा तत्कालीन भौतिक तथा पूर्वाधारमन्त्री प्रकाश ज्वाला, ९ चैत २०८० मा तत्कालीन भौतिक तथा पूर्वाधारमन्त्री रघुवीर महासेठ, ९ जेठ २०८२ मा तत्कालीन गृहमन्त्री रमेश लेखक, ५ मंसिर २०८२ मा तत्कालीन भौतिक तथा पूर्वाधारमन्त्री कुलमान घिसिङ र युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता यहाँ आएका थिए ।

यसका अतिरिक्त पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा. सीके राउत, मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतीशकुमार सिंह, प्रतिनिधिसभाका तत्कालीन सभामुख सुवासचन्द्र नेम्वाङ, राष्ट्रिय सभाका तत्कालीन सभामुख गणेशप्रसाद तिमिल्सिनालगायत पनि यहाँ पुगेर निरीक्षण गरेका थिए ।

यी सबै नेता, पूर्वमन्त्रीदेखि पूर्वप्रधानमन्त्रीसम्म यहाँ आएर दिएको आश्वासन एउटै हो, यो पुल अब छिट्टै बनिहाल्छ । तर, उनीहरूको आश्वासन भाषणमै सीमित भएको छ । कमलामा पुल नहुँदा सबैभन्दा धेरै सास्ती खेपेको जिल्ला सप्तरी, सिरहा र धनुषा हो । आसन्न प्रतिनिधिसभा निर्वाचनमा यी तीन जिल्लाबाट मात्रै यस क्षेत्रका प्रभावशाली दलका अध्यक्ष, पूर्वमन्त्री तथा प्रदेशका मुख्यमन्त्री गरी २४ जना उम्मेदवार छन् ।

> **२०६८ जेठमा तत्कालीन भौतिक तथा योजनामन्त्री हृदयेश त्रिपाठी र तत्कालीन अर्थमन्त्री वर्षमान पुनले शिलान्यास गरेको यो पुल अहिलेसम्म विभिन्न प्रधानमन्त्री र मन्त्रीहरूले दर्जन बढी पटक निरीक्षण गरिसकेका छन्**

सप्तरीबाट क्षेत्र नम्बर ३ मा जसपाका नेपालका अध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री उपेन्द्र, सप्तरी २ मा जनमत पार्टीका अध्यक्ष सीके राउत, स्वाभिमान पार्टीबाट पूर्वमुख्यमन्त्री सतीशकुमार, जसपा नेपालबाट पूर्वमन्त्री उमेश यादव, राष्ट्रिय मुक्ति पार्टीबाट पूर्वमन्त्री अनिश अन्सारी, सप्तरी ४ मा कांग्रेसबाट पूर्वमन्त्री तेजुलाल चौधरी र नेकपाबाट पूर्वराज्यमन्त्री रुवीकुमारी कर्ण गरी ७ जना उम्मेदवार छन् ।

सिरहाबाट क्षेत्र नम्बर ४ मा जसपा नेपालका उपाध्यक्ष राजकिशोर यादव, जनमत पार्टीबाट वीरेन्द्र महतो, नेकपा एमालेबाट धर्मनाथ साह, नेकपाबाट अजयशंकर नायक, बहुजन समाज पार्टीबाट विश्वेन्द्र पासवान, सिरहा ३ मा एमालेबाट लीलानाथ श्रेष्ठ, नेकपाबाट विश्वनाथ साह, सिरहा १ नेकपाबाट रामचन्द्र यादव र रास्वपाबाट बब्लु गुप्ता गरी ९ जना पूर्वमन्त्री चुनावी मैदानमा छन् ।

धनुषाबाट क्षेत्र नम्बर ३ मा कांग्रेसका नेता विमलेन्द्र निधि, एमालेबाट जुली महासेठ, धनुषा ४ मा एमालेबाट रघुवीर महासेठ, कांग्रेसबाट महेन्द्र यादव, धनुषा २ मा नेकपाबाट रामचन्द्र झा, नेकपा एमालेबाट उमाशंकर अरगरिया, धनुषा १ मा नेकपाबाट मातृकाप्रसाद यादव र जसपा नेपालबाट दीपक कार्की गरी ८ जना पूर्वमन्त्री उम्मेदवार बनेका छन् ।

यसअघिका चुनावमा पनि कमला पुल बनाउन पहल गर्ने आश्वासन दिएर मतदातासँग मत लिएका उनीहरूले यो चुनावमा फेरि कमला पुललाई एजेन्डा बनाएका छन् । सिरहा ३ बाट २०७४ र २०७९ लगातार दुई पटक चुनाव जितेर मन्त्रीसम्म बनेका र यसपालि फेरि उम्मेदवार बनेका लीलानाथ श्रेष्ठले यसपल्ट पनि मतदातासमक्ष कमला पुल बनाउने आश्वासन बाँडिरहेका छन् । 'हामीले विगतमा सरकारमा हुँदा यो पुलका लागि प्रयास गरेका छौं, तर सरकार फेरबदल भएर यसले गति पाउन सकेन,' श्रेष्ठले भने, 'यसपल्ट जितेपछि यसलाई मुख्य प्राथमिकतामा राख्छु ।'

उता यही पुलको मुद्दालाई प्रमुखताका साथ उठाएर जसपा नेपालबाट २०७४ मा धनुषा २ बाट निर्वाचित भएका र यो चुनावमा एमालेबाट उम्मेदवार बनेका उमाशंकर अरगरियाले समेत आफू जितेपछि आफ्नो पहिलो काम नै कमलाको पुल निर्माण गर्ने हुने बताए ।

तर, स्थानीय नेतादेखि मन्त्री र मुलुकका प्रधानमन्त्रीसम्मैबाट ठगिएर पटकपटक आन्दोलित हुनुपर्ने नियति भोग्दै आएका स्थानीयलाई भने अब नेताहरूको यस्ता वाचामाथि विश्वास नै लाग्न छाडेको छ । 'अब त नेताहरूमाथि विश्वास लाग्न छाड्यो, नेताका यस्ता कुरा सुन्दासुन्दा बूढो भएँ,' कमला नदीमा भेटिएका सिरहा नगरपालिका ५ बरेर्बाका ७० वर्षीय अशेश्वर यादवले भने, 'नेताहरूले हामीलाई केही नबुझ्ने ठान्छन् ।'

यो पुलका लागि संघर्ष गर्नेमध्येका अगुवा सिरहाका रामरिझन यादव कमला पुललाई विभिन्न राजनीतिक दल र तिनका नेताहरूले भोट बटुल्ने हतियारका रूपमा ठान्दै आएको दाबी गर्छन् । 'नेताहरूले चाहेका भए यो पुल उहिल्यै निर्माण भइसक्थ्यो,' उनी भन्छन्, 'तर, पुललाई अधुरो राखेर बनाइदिने नाममा सधैंभरि यहाँका जनताको भोट हसुर्ने नियत उनीहरूको देखिन्छ, यो बेइमानी हो ।'

पुलको पुनर्निर्माण समाधान नरहेको भन्दै कमलामा नयाँ पुल नै बनाउनुपर्ने उनको भनाइ छ । 'पुलको डिजाइनमै त्रुटि छ, डेढ दशकअघिको डिजाइनले अब झन् काम गर्दैन,' यादवले भने, 'त्यसैले कसैले फेरि पुल पुनर्निर्माणकै कुरा गर्छन् भने त्यो झूटको खेती हो, यहाँ नयाँ डिजाइनसहितको पुल निर्माणको विकल्प छैन ।'

दुग्ध विकास संस्थान

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

विराटनगर दुग्ध वितरण आयोजना, विराटनगर

धरान रुटमा प्रशोधित दूध वजार डिष्ट्रिव्युसनको लागि डिष्ट्रिव्यूटर सेवा खरिदको पुनः सिलबन्दी बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशित मिति :२०८२/१०/२६ गते

१. यस विराटनगर दुग्ध वितरण आयोजना, विराटनगरबाट उत्पादित प्रशोधित दूध धरान रुटको विभिन्न बुथहरु, फ्रेन्चाईज पसल तथा अन्य बिक्रेताहरुलाई डिष्ट्रिव्युसन गर्न २ (दुई) वर्ष अवधिको लागि डिष्ट्रिव्युटर सेवा खरीद गर्न मिति २०८२।०७।०१ गतेको कान्तिपुर दैनिकमा प्रथम पटक प्रकाशित सूचनानुसार धरान रुटको डिष्ट्रिब्युटर सेवा खरिदको बोलपत्र फाराम पेश नभएकोले पुनः सिलवन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

२. योग्य बोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न चाहेमा यस आयोजनामा सम्पर्क राख्न सकिनेछ ।

३. योग्य बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु यस आयोजनाबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्रमा लिखित निवेदन पेश गरी बोलपत्र कागजात दस्तुर बापत रु.१,०००।- (एक हजार) (पछि फिर्ता नहुने गरी) तिरी यस आयोजनाबाट खरीद गर्न सकिनेछ ।

४. सिलबन्दी गरिएको बोलपत्र विराटनगर दुग्ध वितरण आयोजनाको कार्यालय, विराटनगरमा यो सूचना प्रकाशित मितिले १६ औं दिन दिनको १२:०० बजे सम्ममा दर्ता गराई सक्नु पर्नेछ । तोकिएको उक्त समयपछि प्राप्त बोलपत्र स्वीकार गरिने छैन ।

५. तोकिएको समय भित्र दाखिला भएका सिलबन्दी बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहबरमा विराटनगर दुग्ध वितरण आयोजनाको कार्यालय, विराटनगरमा १६ औं दिन दिनको १:०० बजे खोलिनेछ । बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिन सम्मको लागि बोलपत्र मान्य हुनुपर्नेछ । बोलपत्रसाथ बोलपत्र जमानत वापत तोकिएको क्षेत्रको न्युनतम दैनिक दूध बिक्री गर्ने परिमाणमा आफुले कोट गरेको प्रति लिटर मुल्यले २ बर्षको लागि हुने कूल रकमको २.५% बराबरको रकम राष्ट्रिय वाणिज्य बैंक, बिराटनगर वरगाछी स्थित आयोजनाको खाता च.हि.नं.२२५०१०००००२८२००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन मान्य अवधि भएको इजाजत प्राप्त वाणिज्य बैंक वा बित्तिय संस्थाबाट जारी भएको विडवण्ड संलग्न भई आउनुपर्नेछ ।

६. बोलपत्र खरीद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो बिदा पछि कार्यालय खुलेको पहिलो दिन सोही समयमा उक्त कार्य हुनेछ ।

७. यस सूचना तथा बोलपत्रमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ (संशोधन सहित) र संस्थानको आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६६ बमोजिम हुनेछ ।

८. बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने, आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थानमा निहित रहनेछ ।

एमसीसीका परियोजना र...

ठेक्का पाएका कम्पनीलाई ५१ लाख ४० हजार डलर भुक्तानी गरिसकेको एमसीए नेपालले जनाएको छ । उक्त सबस्टेसनको भौतिक प्रगति २६ प्रतिशत पुगेको छ ।

एमसीए नेपालले निर्माणाधीन लप्सीफेदी सबस्टेसनदेखि नुवाकोटमा निर्माणाधीन रातमाटे सबस्टेसन हुँदै मकवानपुर जिल्लामा निर्माणाधीन नयाँ हेटौंडा सबस्टेसनसम्मको ११७ किमि प्रसारण लाइन निर्माण गर्ने गरी आशिष-बोज्लर संयुक्त उपक्रमसँग सम्झौता गरिसकेको छ । कुल ७ करोड ६६ लाख ५० हजार अमेरिकी डलरमा भएको सम्झौता गरेको थियो । विस्तृत इन्जिनियरिङ सर्भेको ६० प्रतिशत काम सकिएको एमसीए नेपालले जनाएको छ । जनवरी २०२६ सम्म ७४ लाख ७० हजार डलर खर्चिएको छ ।

एमसीए नेपालले रातमाटे-नयाँ दमौली प्रसारण लाइन निर्माण गर्न एन्जेलिक-स्किपर संयुक्त उपक्रमसँग र नयाँ दमौली-नयाँ बुटवल प्रसारण लाइन निर्माण गर्न वाइबा-सलासर संयुक्त उपक्रमसँग सम्झौता गरेको छ । संयुक्त लागत १५.४५ करोड अमेरिकी डलर रहेका यी सम्झौताअन्तर्गत ४०० केभीको १८० किलोमिटर प्रसारण लाइन निर्माण हुने भनिएको छ । रातामाटे-न्यु दमौली प्रसारणलाइनको विस्तृत इन्जिनियरिङ सर्भे र भू-प्राविधिक अनुसन्धान भइरहेको एमसीए नेपालको भनाइ छ । आगामी अक्टोबरदेखि निर्माणको काम सुरु हुने अपेक्षा गरिएको समेत भनेको छ । यसका लागि जनवरी २०२६ सम्म ७६ लाख ५० हजार डलर खर्च भइसकेको छ ।

न्यु दमौली-न्यु बुटवल प्रसारणलाइन आयोजनाको विस्तृत इन्जिनियरिङ सर्भे र भू-प्राविधिक अनुसन्धान सम्पन्न भइसकेको भन्दै एमसीए नेपालले अन्य तयारीका काम भइरहेको जनाएको छ । यसका लागि ७५ लाख डलर खर्च भएको छ । धानखोलादेखि लमहीसम्म फुल डेप्थ रिक्लेमेसन (एफडीआर) प्रविधि प्रयोग गर्न ४० किलोमिटर सडकखण्ड मर्मतसम्भारका लागि शर्मा-कुमार संयुक्त उपक्रमसँग दुई करोड अमेरिकी डलरमा सम्झौता भएको छ । यसको काम गत २५ जनवरीदेखि सुरु भइसकेको छ । ठेक्का पाएका कम्पनीले पूर्वतयारीका काम गरिरहेकाले हालसम्म भौतिक प्रगति शून्य रहेको एमसीए नेपालले जनाएको छ ।

एमसीए नेपालका अनुसार कुल ५८ करोड २४ लाख अमेरिकी डलर लगानी गरिने विद्युत् प्रसारण आयोजना राष्ट्रिय ग्रिडमा बिजुलीको उपलब्धता र भरपर्दोपनामा सुधार गरी आन्तरिक विद्युत् उपभोगमा वृद्धि गर्न, थप भर पर्दो विद्युत् उपलब्ध गराई लगानीमा वृद्धि गर्न तथा बचत बिजुली निर्यात गरी सरकारको राजस्वमा वृद्धि गर्न सञ्चालन गर्न लागिएको हो ।

पाँच करोड ४९ लाख अमेरिकी डलरको लगानीमा सञ्चालन गर्न लागिएको सडक मर्मत आयोजनाको उद्देश्य सडक विभाग तथा सडक बोर्ड नेपालको निर्माण क्षमता अभिवृद्धिका लागि प्राविधिक सहयोग, बढीमा १३० किमि रणनीतिक सडक सञ्जालको मर्मत सम्भार तथा नेपालको सडक मर्मत बजेट विस्तारलाई प्रोत्साहन गर्न मिलान कोष (म्याचिङ फन्ड) को व्यवस्थामार्फत नेपालको रणनीतिक सडक सञ्जालको गुणस्तरमा सुधार गर्नु रहेको एमसीए नेपालको भनाइ छ ।

एमसीए नेपाल एमसीसीअन्तर्गतको कार्यक्रम हो । २९ भदौ २०७४ मा नेपाल सरकार र एमसीसीबीच भएको सम्झौताअनुसार १३ भदौ २०८० देखि परियोजना कार्यान्वयन सुरु भएको हो । ३ मंसिर २०८२ मा एमसीसी नेपाल सम्झौतामा अमेरिकाले ५ करोड अमेरिकी डलर (करिब ७ अर्ब रुपैयाँ) को अनुदान रकम थप गर्ने घोषणा गरेको थियो । यससँगै उक्त सम्झौताअन्तर्गत उपलब्ध कुल रकम ७४ करोड ७० लाख अमेरिकी डलर (करिब १ खर्ब ६ अर्ब रुपैयाँ) पुगेको छ । जसमा अमेरिकाको ५५ करोड डलर र नेपाल सरकारको १९ करोड ७० लाख डलर रहनेछ ।

आइतबार ११ अर्ब ६५ करोडको कारोबार

२५ माघ २०८२ को नेप्से परिसूचक

कम्पनीको नाम	अघिल्लो दिनको मूल्य	अन्तिम मूल्य	कारोबार संख्या	फरक
युनिलिभर नेपाल लिमिटेड	४७६००	४६७०१	२०	-८९९
बोटलर्स नेपाल (बालाजु) लिमिटेड	१५३४४	१५४००	३०	५६
राष्ट्रिय बिमा कम्पनी लिमिटेड	१४९१०	१५००५	१४४	९५
राष्ट्रिय बिमा कम्पनी लिमिटेड प्रमोटर सेयर	११९५६	११७४१	२०	-२१५
बोटलर्स नेपाल (तराई) लिमिटेड	११९५०	११९४३	११७	-७
आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लि.	६०३०	६०४१	१२२०	११
साल्ट ट्रेडिङ कर्पोरेसन	५५२७	५४७६	४६९२	-५१
विशाल बजार कम्पनी लिमिटेड	४८६५	४८००	१२८७	-६५
उपकार लघुवित्त वित्तीय संस्था लि.	३२५९	३२७९	३१०	२०
स्वस्तिक लघुवित्त संस्था लि.	२९८७	२९४३	२७१३	-४४
सीईडीबी होल्डिङ लिमिटेड	२४२५	२३९६	३४६७६	-२९
सागर डिष्टिलरी लिमिटेड	२१६०	२०८०	२४३३५	-८०
एसवाई प्यानल नेपाल लिमिटेड	२११५	२०१९	२०२५७८	-९६
गुँरास लघुवित्त वित्तीय संस्था लि.	१९५२	१९८६	२५४१	३४
महिला लघुवित्त वित्तीय संस्था लि.	१९३०	१९२९	५७७	-१
कर्पोरेट डेभलपमेन्ट बैंक लि.	१९२९	१७६९	१२५८५	-१६०
सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था	१९०३	१९०३	१२०५	०
युनिक नेपाल लघुवित्त वित्तीय संस्था	१८६७	१८७७	१३८६	१०
गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स	१८३३	१८००	१०७६९	-३३
नारायणी डेभलपमेन्ट बैंक लिमिटेड	१७९०	१६८९	३४७४३	-१०१
सिटिजन्स इन्भेस्टमेन्ट ट्रस्ट	१७५८	१७६०	१०३४४	२
कुथेली बुखरी स्मल हाइड्रोपावर लि.	१७००	१६६६	३१४	-३४
स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.	१६७९	१६४५	४३७	-३४
सिर्जनशील लघुवित्त वित्तीय सस्था लि.	१६४८	१६३२	५११	-१६
एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लि.	१६४७	१६९४	२०१६३५	४७
सीवाईसी नेपाल लघुवित्त वित्तीय संस्था	१५८६	१५८४	५६४८	-२
नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.	१५३०	१५२७	२२३६	-३
विन नेपाल लघुवित्त वित्तीय संस्था लि.	१५२५	१५२६	१०६९	१
क्रेस्ट माइक्रो लाईफ इन्स्योरेन्स कम्पनी लि.	१५००	१४८९	५३०३५	-११
श्रीनगर एग्रीटेक इन्डष्ट्रिज् लिमिटेड	१४९९	१४५०	१०८७०५	-४९
गणपती लघुवित्त वित्तीय संस्था लि.	१४७८	१४७०	१८६५	-८
मानुषी लघुवित्त वित्तीय संस्था लि.	१४७८	१५०८	१९१२	३०
उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था	१४६६	१४६३	६४८५	-३
नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि.	१४५६	१४४५	१५१२४२	-११
झापा इनर्जी लिमिटेड	१४३६	१४४५	७४५२	९
ओम मेघाश्री फमास्युटिकल्स लिमिटेड	१४०८	१३९०	२००७३	-१८
मुक्तिनाथ कृषि कम्पनी लिमिटेड	१३९८	१३८५	७१८०	-१३
मिथिला लघुवित्त वित्तीय संस्था लि.	१३५०	१३४५	४४५६	-५
धौलागिरी लघुवित्त वित्तीय संस्था लि.	१३४०	१३३०	७६३	-१०
माहुली लघुवित्त वित्तीय संस्था लि.	१३३८	१३२०	३३०४	-१८
सामुदायिक लघुवित्त वित्तीय संस्था लि.	१३२९	१३२४	१९०६	-५
जीवन विकास लघुवित्त वित्तीय संस्था लि.	१३०७	१३१८	५१२९	१०
नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेड	१२८५	१३२०	१९६१३९	३५
आशा लघुवित्त वित्तीय संस्था लि.	११७८	११५८	२०१४७	-२०
जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था	११७८	११६५	३१७७	-१३
ग्लोबल आईएमई लघुवित्त वित्तीय संस्था लि.	११७४	११६७	७२६	-७
ग्रिन डेभलपमेन्ट बैंक लि.	११५४	११२७	५५१८२	-२७
हिमालयन डिस्टिलरी लिमिटेड	११४१	११४३	६६२९१	२
ज्योति विकास बैंक बोण्ड २०८७	११२०	११४३	७८२	२३
साईन रेसुङ्गा डेबेन्चर	११२०	११४२	११०५	२२
बन्दीपुर केबलकार एण्ड टुरिजम लि.	११०७	१०५५	१३८४६१	-५२
नेशनल लघुवित्त वित्तीय संस्था लि.	११०७	११११	१३७५	४
एभरेष्ट बैंक लिमिटेड डेबेन्चर २०९१	१०९९	१०९१	७४८	-८
पियोर इनर्जी लिमिटेड	१०९७	१०६९	२८६७४	-२८
ग्लोबल आईएमई बैंक लि. डेबेन्चर २०८६/८७	१०८२	१०८७	५०	५
एनआईसी एसिया ऋणपत्र २०८८	१०८१	११२०	४३०	३९
फोर्डवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय	१०८०	१०७५	४७४८	-५
कालिञ्चोक दर्शन लिमिटेड	१०७८	९८२	६०९६८	-९६
गरिमा डेबेन्चर	१०७६	१०७६	१३९८३६	०
निफ्रा ग्रीन इनर्जी डेबेन्चर ६% २०८८/८९	१०३५	१०२५	५०	-१०
हिम स्टार उर्जा कम्पनी लिमिटेड	१००९	१०००	२२४४६	-९
मातृभूमि लघुवित्त वित्तीय संस्था लि.	१०००	९९३	१९५०	-७
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.	९९९	९८८	१९७४	-११
इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.	९८०	९६६	६५७३	-१४
आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.	९६०	९८७	८८९३	२७
ट्रेड टावर लिमिटेड	९५९	९४६	७२३५१	-१३
अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड	९५८	९६६	२१३२०	८
छिमेकी लघुवित्त वित्तीय संस्था लिमिटेड	९४०	९३६	१३३८७	-४
नेपाल वेयरहाउस कम्पनी लिमिटेड	९३९	९२०	७१३३	-१९
कालिका लघुवित्त वित्तीय संस्था लि.	९३५	९३१	३१३८	-४
हिमालय लघुवित्त वित्तीय संस्था लिमिटेड	९३०	९१०	४४८५	-२०
इमर्जिङ नेपाल लिमिटेड	९२०	९४०	४६१४	२०
हाथवे इन्भेस्टमेन्ट नेपाल लिमिटेड	९१९	९५५	५२८४८	३६
सान्भि इनर्जी लिमिटेड	८८५	८६५	७३९५५	-२०
सर्वोत्तम सिमेन्ट लिमिटेड	८७९	८७२	१८३९३	-७
सम्पदा लघुवित्त वित्तीय संस्था लि.	८७७	८८०	३५५४	३
चन्द्रागिरी हिल्स लिमिटेड	८७५	८६०	१३३३१२	-१५
राधि जलविद्युत कम्पनी लि.	८७५	८८६	४९७६१०	११
हिमालयन रिइन्स्योरेन्स लिमिटेड	८७०	८५७	२४१३२८	-१३
सप्तकोशी डेभलपमेन्ट बैंक लि.	८७०	८६४	७१७५४	-६
शुभम पावर लिमिटेड	८६६	८५४	७९५६	-१२
माई खोला हाइड्रोपावर लिमिटेड	८६५	८७०	१५५९०	५
लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल लि.	८५५	८४८	१९५९८	-७
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	८५३	८५०	१७०६४	-३
सुपर माई हाइड्रोपार लिमिटेड	८४७	९३२	१०२३१	८५
डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि.	८३७	८४६	१३७३१	९
मन्डु हाइड्रोपावर लिमिटेड	८३५	८२८	६५७६	-७
सिन्धु विकास बैंक लिमिटेड	८२५	८२१	३७९७९	-४
मिड सोलु हाइड्रोपावर लिमिटेड	८२३	८२०	६५४	-३
स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.	८२३	८२४	१३०७२	१
मबिलुङ्ग इनर्जी लिमिटेड	८११	८०६	२४०१५	-५
मञ्जुश्री फाइनान्स लिमिटेड	८११	८००	२११७९२	-११
नाडेप लघुवित्ति वित्तीय संस्था लि.	८०५	७९५	२९३३	-१०
थ्रीस्टार हाइड्रोपावर लिमिटेड	८०१	८०६	१५६१५	५
फर्स्ट माईक्रो फाईनान्स लघुवित्त वित्तीय संस्था	८००	७९४	२५२४२	-६
समता घरेलु लघुवित्त वित्तीय संस्था लि.	७९६	८००	८४२०	४
ग्रामिन विकास लघुवित्त वित्तीय संस्था लि.	७७६	७६५	१०५१७	-११
भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि.	७७५	७७६	२५२०	१
चिरख्वा हाइड्रोपावर लिमिटेड	७७४	७५१	३०५२१	-२३
रावा इनर्जी डेभलपमेन्ट लिमिटेड	७७३	७६४	६२१५	-९
नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि.	७७०	७६५	२१९७३	-५
विजय लघुवित्त वित्तीय संस्था लि.	७६९	७७३	१९३७	४
तारागाउँ रिजेन्सी होटेल लिमिटेड	७६४	७६२	३२२८	-२
साना किसान विकास लघुवित्त वित्तीय संस्था	७६१	७६२	२०३५६	०
धर्मखोला हाइड्रो इनर्जी लिमिटेड	७५८	७५०	५६१२२	-८
बुटवल पावर कम्पनी लिमिटेड	७५५	७४३	७०७००	-१२
अपर स्यान्जे हाइड्रोपावर लिमिटेड	७५५	७७०	११४८२	१५
मेरो माईक्रोफाइनान्स वित्तीय संस्था लि.	७५०	७३८	१५३४१	-१२
स्वाबलम्बन लघुवित्त वित्तीय संस्था लि.	७४०	७३६	१२३४१	-४
प्रभु इन्स्योरेन्स लिमिटेड	७३९	७२६	१२४६४	-१३
ओरियन्टल होटेल लिमिटेड	७२६	७१७	३४१७	-९
एनएलजी इन्स्योरेन्स कम्पनी लि.	७१८	७०६	४५११३	-१२

कुल कारोबार मूल्य : ११,६५९,७५२,१४३ **कारोबार संख्या** : १११,९७८

सेयर संख्या : २६,२३६,२०४ **नेप्से** : २,६९८.४५ (-१०.२४)

निर्वाचन अभियान तीव्र पार्दै दलहरू

४ फागुनदेखि चुनावी सभा गर्न कार्ययोजना बनाउँदै राजनीतिक दलहरू, शीर्ष नेताहरू आवश्यकताअनुसार विभिन्न जिल्ला पुग्ने तयारी

गंगा बीसी (काठमाडौं)

निर्वाचन नजिकिँदै गर्दा राजनीतिक दलहरूले भौतिक र डिजिटल माध्यमबाट निर्वाचन अभियानलाई तीव्र पारेका छन् । उम्मेदवारहरू घरदैलो र सानातिना भेलामा व्यस्त रहिरहेका बेला दलहरूले केन्द्रमा चुनावी प्रचारका रणनीति तयार गरिरहेका छन् ।

कांग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल, जनमतलगायत दलका उम्मेदवारहरूले निर्वाचनसम्बन्धी आचारसंहिताको सीमामा रहेर घरदैलो गरिरहेका छन् । घरदैलोका क्रममा उनीहरूले मत मात्र मागेका छैनन्, गुनासा र सुझाव पनि सुन्ने गरेका छन् । चुनावका लागि सभा गर्न भने ४ फागुनदेखि मात्र मिल्छ ।

कांग्रेस 'बदलियौं कांग्रेस, बदल्छौं देश' भन्ने मुख्य मुद्दा बनाएर निर्वाचनमा होमिएको छ । कांग्रेस केन्द्रीय कार्य समितिको आइतबार बसेको भर्चुअल बैठकले निर्वाचन परिचालन निर्देशिका पारित गरेको छ ।

उपसभापति विश्वप्रकाश शर्माले तयार गरेको निर्देशिकामा 'फागुन २१ का लागि मेरो २१ दिन' भन्ने प्रतिबद्धता उल्लेख छ । 'जसको पदीय जिम्मेवारी जहाँ, उसले खट्ने त्यहाँ भन्ने नीतिअनुसार १ देखि २१ फागुनसम्म पार्टीका सबै साथीहरू चुनाव मैदानमा खट्नुहुनेछ,' उपसभापति शर्माले भने ।

केन्द्र, प्रदेश, जिल्ला र क्षेत्रले निश्चित जिम्मेवारीसाथ निश्चित ठाउँमा तोकेका प्रतिनिधि तत्तत् स्थानमा काम सकेर पुन: आफ्नै जिल्ला/क्षेत्र/पालिका र वडामा केन्द्रित हुने कांग्रेसले जनाएको छ । 'तोकिएको जिम्मेवारी लिएर अन्यत्र जानु भएकाबाहेक अरू सबै तहका पार्टी पदाधिकारी र सदस्यहरू आआफ्नो क्षेत्र, पालिका र वडामा केन्द्रित रहनुहुनेछ,' केन्द्रीय कार्यसमितिको निर्णयमा भनिएको छ, 'एउटा वडाको क्रियाशील सदस्य अर्को वडामा नगएर 'हाम्रो वडा हामी जिताउँछौं' उद्घोषसाथ आआफ्नै वडामा खट्नुहुनेछ ।'

आफ्नै निर्वाचन क्षेत्र, वडा र टोलमा नेता-कार्यकर्ता खट्दा बढी प्रभावकारी हुने निष्कर्षसाथ कांग्रेसले निर्वाचनमा परिचालन गर्न लागेको हो । 'पार्टीका सबै भ्रातृ र शुभेच्छुक संस्थामा आबद्धहरूले सोहीबमोजिम जिम्मेवारी निभाउनुहुनेछ,' कांग्रेसले निर्देशन दिएको छ ।

उम्मेदवार नभएका नेताहरूलाई ४ फागुनपछि चुनावी अभियानमा परिचालन गर्ने कांग्रेसको तयारी छ । कांग्रेसले डिजिटल टिम बनाएर सामाजिक सञ्जालबाट पार्टीको चुनाव प्रचारलाई तीव्र बनाएको छ । कांग्रेस सभापति गगन थापा आफ्नो निर्वाचन क्षेत्र सर्लाही-४ का साथै अन्य क्षेत्र पुगिरहेका छन् ।

तस्बिर : दिपेन श्रेष्ठ/कान्तिपुर

प्रतिनिधिसभा निर्वाचनका लागि कान्तिपथस्थित निर्वाचन आयोगको कार्यालयबाट मतदान केन्द्रमा मतपेटिका पठाइँदै ।

उपसभापति शर्मा उम्मेदवार छैनन् । एमाले 'समृद्ध नेपाल, सुखी नेपाली' मुख्य नाराका साथ चुनावमा होमिएको छ । उसले निर्णायक राष्ट्रिय शक्तिका लागि आफ्नो दललाई मत दिन आग्रह गरेको छ ।

एमालेले जिम्मेवारी लिएको क्षेत्रमै नेताहरूलाई खटाएको छ । अध्यक्ष केपी शर्मा ओली आफ्नो निर्वाचन क्षेत्र झापा-५ को घरदैलो अभियानमा छन् । उनी चुनावी प्रचारका लागि अरू जिल्ला पुगेका छैनन् । उपाध्यक्ष पृथ्वी सुब्बा गुरुङ, विष्णु पौडेल, गोकर्ण विष्ट, महासचिव शंकर पोखरेललगायत नेता आफ्नो निर्वाचन क्षेत्रमा केन्द्रित छन् ।

एमालेले उपाध्यक्ष रामबहादुर थापाको संयोजकत्वमा निर्वाचन परिचालन कमिटी गठन गरेको छ । प्रचार विभाग प्रमुख मीनबहादुर शाहीको नेतृत्वमा प्रचारप्रसार नीति बनाइएको छ । देशभर पार्टीलाई जिताउन डिजिटल सामग्री बनाउन टिम नै तयार गरिएको छ । 'निर्वाचन कार्ययोजना बन्दै छ, सभा र कार्यक्रमका लागि नेताहरूको तालिका पनि तयार हुँदै छ,' शाहीले भने, 'अध्यक्षलाई धेरै ठाउँमा आउनुपर्‍यो भन्ने आग्रह छ । आआफ्नो निर्वाचन क्षेत्रमा उम्मेदवार, नेता-कार्यकर्ता परिचालन भएका छन् ।' नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले 'आर्थिक समृद्धि, सुशासन र सामाजिक न्याय' का लागि आफूलाई जिताउन आग्रह गर्दै अभियान थालेको छ । नेकपाले ठूलो निर्वाचन सभा नगर्ने भएको छ । संयोजक पुष्पकमल दाहाल र सहसंयोजक माधवकुमार नेपाल विभिन्न जिल्लाका चुनावी कार्यक्रममा सहभागी भएका छन् । यही साता दाहाल आफ्नो निर्वाचन क्षेत्र रुकुम पूर्व र नेपाल रौतहट-१ जाने तयारी छ । संयोजक दाहाल आवश्यकता अनुसार अरू जिल्लामा पनि जाने उनका प्रमुख स्वकीय सचिव गोविन्द आचार्यले जानकारी दिए ।

यसपालि निर्वाचनमा ठूला सभाभन्दा जनतासँग जोडिने कार्यक्रमलाई प्राथमिकता दिने नीति बनाइएको निर्वाचन प्रचारप्रसार समितिका संयोजक अग्नि सापकोटाले बताए । 'परम्परागत चुनाव प्रचारभन्दा परिमार्जित कार्यक्रम बनाउँदै छौं । हाम्रो प्रचारशैली प्रभावकारी बनाउन घरदैलोमा मुख्य जोड दिन्छौं,' उनले भने, 'आवश्यकताअनुसार कोणसभा, अन्तर्क्रिया, अन्तरसंवाद, विचारगोष्ठी हुनेछन् ।'

नेकपाले निर्वाचन क्षेत्रलाई तीन समूहमा वर्गीकरण गरी चुनावी रणनीति बनाएको छ । ५६ निर्वाचन क्षेत्रमा विशेष जोड गर्ने, ६७ क्षेत्रलाई ध्यान दिने र अरू क्षेत्रलाई सामान्य हिसाबले हेर्ने नेकपाको नीति छ । नेकपाले चुनाव प्रचारप्रसारको प्रभावकारिताबारे केन्द्रबाट अनुगमन गर्दै आएको छ ।

डिजिटल प्रविधिसमेत प्रयोग गरी चुनाव प्रचारलाई प्रभावकारी बनाइने सापकोटाले बताए । 'डिजिटल टिमले प्रचार सामग्री बनाइरहेको छ,' उनले भने, 'हाम्रो पार्टीले सरकारको नेतृत्व गर्दा भएका काम, हाम्रो भिजन, नेताको विशेषता लगायतका सामग्री तयार हुँदै छन् ।'

रास्वपाले 'जान्नेलाई छान्ने' मूल सिद्धान्त बनाएर प्रचार सामग्री बनाइरहेको छ । रास्वपाले चुनावमा जनसंवादलाई मुख्य जोड दिएको छ । सातै प्रदेशमा सभा गर्ने रास्वपाको तयारी छ । जनकपुरमा चुनावी सभा गरिसकेकाले अब कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिममा सभा गर्ने योजना छ ।

सभापति रवि लामिछाने आफ्नो निर्वाचन क्षेत्र चितवन-२, वरिष्ठ नेता बालेन्द्र शाह झापा-५, महामन्त्री कवीन्द्र बुर्लाकोटी गोरखा-२ को घरदैलोमा व्यस्त छन् । रास्वपा संगठन विभाग उपप्रमुख बोधनारायण श्रेष्ठका अनुसार चुनाव प्रचारका क्रममा उम्मेदवारले जनसंवादलाई मुख्य जोड दिएका छन् । 'निर्वाचन परिचालन समितिअन्तर्गत जनसंवाद सुरु गरेका छौं । टोलटोलमा जाने, गुनासा सुन्ने गरेका छौं । सुझाव लिइरहेका छौं,' उनले भने, '४ फागुनपछि हुने सभालाई सभापति, वरिष्ठ नेतालगायतले सम्बोधन गर्नुहुनेछ ।'

राष्ट्रिय प्रजातन्त्र पार्टी 'राजसंस्था, हिन्दु राष्ट्र' मुद्दासहित निर्वाचनमा होमिएको छ । उपाध्यक्ष बुद्धिमान तामाङको संयोजकत्वमा परिचालन समिति बनाएर ४ फागुनदेखि देशव्यापी घरदैलो र सभा गर्ने तयारी छ ।

'अध्यक्ष र अरू नेता कार्यक्षेत्र विभाजन गरेर निर्वाचन कार्यक्रममा सहभागी हुन्छौं,' उपाध्यक्ष तामाङले भने, 'डिजिटल माध्यमबाट मतदातामाझ पुग्ने कोसिस गरेका छौं । सामग्री उत्पादनका लागि डिजिटल टिम बनाएका छौं ।'

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमतका अध्यक्ष सीके राउत मधेशका जिल्लाहरूमा निर्वाचन अभियानमा व्यस्त रहेका छन् । उनीहरूले संघीयता, समावेशी, समानुपातिक, सुशासनको मुद्दालाई प्राथमिकतामा राखेका छन् । उज्यालो नेपाल, नेकपा माओवादीलगायत दल पनि निर्वाचन अभियानमा छन् ।

कान्तिपुर कन्क्लेभ...

यस सत्रमा ट्युनिसियन गायिका एमेल माथलुथी, श्रीलंकाकी पत्रकार कामन्थी विक्रमसिंघे, बंगलादेशकी मार्जाना महनाज र नेपालकी जेन-जी अभियन्ता तनुजा पाण्डे सहभागी हुनेछन् ।

युवा आन्दोलनसँग जोडिएको 'जेन-जी विद्रोह : जुत्ताको कथा' सत्रमा प्रकाश बोहराले प्रदर्शनका क्रममा रक्तरञ्जित भएको जुत्तालाई केन्द्रमा राखेर व्यक्तिगत र राजनीतिक कथा सुनाउनेछन् । त्यसपछि विश्लेषक सीके लालले 'नेपाली क्रान्तिको यात्रा' शीर्षकमा २००७ सालदेखि हालसम्मका आन्दोलन र राजनीतिक परिवर्तनको समग्र मूल्यांकन प्रस्तुत गर्ने कार्यक्रम छ ।

'आफैंमाथि व्यंग्य लेख्दै नेपाली राजनीति' शीर्षक सत्रमा आदर्श मिश्र, सीता न्यौपाने, सुन्दर खनाल र प्रभात लामाले व्यंग्यमार्फत सार्वजनिक बहसको भूमिका के हुन सक्छ भन्ने विषय उठाउनेछन् । यसपछि 'विचारधाराको अन्त्य ?' सत्रमा हरि शर्मा र घनश्याम भुसालबीच नेपाली राजनीतिमा विचार, नेतृत्व र सुधारका सम्भावनामाथि संवाद हुनेछ ।

अर्थतन्त्र केन्द्रित सत्र 'अर्थतन्त्रको पुनरुत्थान, विश्वासको पुन:स्थापना' मा राष्ट्र बैंकका गभर्नर विश्वनाथ पौडेलदेखि निजी क्षेत्रका प्रमुख प्रतिनिधिहरू सहभागी हुनेछन् । अस्थिर नीतिका कारण खस्किएको लगानी वातावरण, निजी क्षेत्रको मनोविज्ञान र सुधारका विकल्पबारे पनि बहस गरिनेछ ।

दोस्रो दिन डिजिटल राजनीति, सामाजिक सञ्जाल र एआईको प्रभावबारे 'संवादको चौतारी, अल्गोरिदमको उल्झन' सत्रबाट सुरु हुनेछ । त्यसपछि 'जनताको प्यानल' मा परम्परागत राजनीतिक घेराभन्दा बाहिरका पात्रहरू सार्वजनिक बहसको केन्द्रमा कसरी आएका छन् भन्ने विषयमा छलफल हुनेछ ।

भू-राजनीतिमाथि केन्द्रित 'शक्तिको रस्साकस्सीमा नेपाल' सत्रमा चीन, भारत र अमेरिकासँग नेपालको सम्बन्ध, रणनीतिक सन्तुलन र कूटनीतिक चुनौतीबारे अन्तर्राष्ट्रिय दृष्टिकोण प्रस्तुत गरिनेछ । युवा पुस्तामाथि केन्द्रित 'गणतन्त्रका नयाँ आवाज' सत्रमा रक्षा बम, माजिद अन्सारी, प्रदीप ज्ञवाली र अजय कुशवाहाले नेतृत्व, वैधता र नागरिक सहभागितामाथि बहस गर्नेछन् । यसपछि सातै प्रदेशका मुख्यमन्त्री एउटै मञ्चमा उभिएर संघीयताको अवस्था र भविष्यबारे प्रत्यक्ष संवादमा सहभागी हुनेछन् ।

कन्क्लेभको अन्तिम सत्र 'नीति, नेता र नेतृत्व' मा कान्तिपुर दैनिकका प्रधान सम्पादक उमेश चौहानले कांग्रेस, एमाले र स्वतन्त्र धारका युवा नेतासँग राजनीतिक संस्कार, नेतृत्व हस्तान्तरण र नयाँ राजनीतिक संस्कृति निर्माणका विषयमा बहस गर्नेछन् ।

क्रिकेटको 'जन्मदाता' इंग्ल्यान्डसँग...

त्यही टिमका प्रमुख खेलाडी ज्याक विल्सले खेलको अन्त्यमा भने, 'नेपाली टिमको जति प्रशंसा गरे पनि पुग्दैन, यो खेलमा नेपालको प्रदर्शन सबै क्षेत्रमा राम्रो रह्यो ।' उनको आशय थियो, नेपालको ब्याटिङ राम्रो, बलिङ राम्रो अनि फिल्डिङ झन् राम्रो । अझ 'रनिङ बिट विन द विकेट' धेरै राम्रो । तर उनको निचोड थियो, 'क्रिकेटमा आखिरमा सबैभन्दा महत्त्वपूर्ण भनेको अनुभव हुँदोरहेछ, जसरी अन्तिम ओभरमा साम करनले बलिङ गरे, यो जितको श्रेय उनलाई दिए हुन्छ । उनीसँग यस्तै कठिन स्थितिमा कसिकसाउ बलिङ गर्ने बाक्लो अनुभव छ ।'

यसबीच उनले एउटा मुद्दा पनि स्थापित गर्न खोजे र त्यो नेपाली क्रिकेटको दृष्टिकोणले खास थियो । 'अब टेस्ट र एसोसिएट टिमबीच खासै धेरै ठूलो अन्तर रहेन, विशेषत: ट्वान्टी-२० क्रिकेटमा न झनै छैन भन्दा हुन्छ, यो खेलपछि हामीले राहत नै महसुस गरेका छौं,' विल्सले भने, 'जति-जति खेल अन्त्यतिर अग्रसर थियो, मैले दबाब महसुस गरिरहेको थिएँ, केही आत्तिएको पनि थिएँ । खेल आफैंमा निकै उतारचढावपूर्ण रह्यो, कहिले इंग्ल्यान्ड बलियो त कहिले नेपाल । तर अन्त्यमा हामीलाई चाहिएको जित नै थियो, त्यही हात पार्न सफल रह्यौं । यस्तो जितले अझ धेरै खुसी दिने गर्छ ।'

विश्वकप सुरु भएको दोस्रो दिन बितेको छ, तर यसले दिन खोजेको सन्देश हो- कुनै पनि टिमले आफू बलियो छु भनेर आरामले बस्न पाउने छैन । अहिलेसम्म खेलको आधारमा विल्सको विश्लेषण यही रह्यो । उनले यसका लागि पहिलो दिन भएका दुई खेलको उदाहरण पनि पेस गरे ।

वानखेडे स्टेडियममै भएको खेलमा अमेरिकाले डिफेन्डिङ च्याम्पियन तथा एउटा आयोजक राष्ट्र भारतलाई गाह्रै पारेको थियो । पहिले ब्याटिङ गरेको भारतले एक समय चर्को दबाब खेपेको थियो ।

यस्तै, आयरल्यान्डविरुद्धको खेलमा पनि पाकिस्तान निश्चित जस्तै देखिएको हारको स्थितिबाट बल्लतल्ल जित निकाल्न सफल रह्यो । एकै ओभरको खेलपछि जित-हारको समीकरण पाकिस्तानको पक्षमा मोडिएको थियो ।

यस्तोमा प्रश्न जायज बनेको छ, के विश्व क्रिकेटका ठूला भनिएका टिम र नेपाल जस्तै उदीयमान देशबीचको क्रिकेटस्तर साँघुरिँदै गएको हो त ? सायद केही हदसम्म हो पनि, होइन पनि ।

खेलपछि अन्तर्राष्ट्रिय मिडियासामु आत्मविश्वासले भरिएको आवाजबीच नेपालका नन्दन यादव प्रस्तुत भए । उनले भने, 'यो प्रश्नको उत्तर अहिले नै हामीलाई दिन गाह्रो छ । हामीलाई अझै धेरै काम गर्नु छ । रातो बलमा खेलिने क्रिकेटमा नेपालले गर्नुपर्ने जिम्मेवारी धेरै बाँकी छन् । हामीलाई अझै धेरै क्रिकेट खेल्नु छ ।' प्रतियोगिताको सुरुमै नेपाली टोलीका कप्तान रोहित पौडेलले पनि भनेका थिए, 'नेपालले वेस्ट इन्डिजलाई हराएको छ, बंगलादेश र दक्षिण अफ्रिकाविरुद्ध जित नजिक पुगेर हार्नुपरेको छ ।'

त्यसैले अब नेपालले टेस्ट मान्यताप्राप्त टिमविरुद्ध जितको प्रयास गर्नेछ । टिम आफैं यसमा सक्षम पनि छ । इंग्ल्यान्डविरुद्धको पहिलो खेल यसकै अर्को उदाहरण बनेको छ । नन्दनले अन्त्यमा ठीकै भने, इंग्ल्यान्डविरुद्धको हारले पाठ पनि सिकाउने गर्छ । उनले भने, 'आजको खेल हारे पनि हामीले जसरी खेल्यौं, त्यसमा गर्व छ । यो खेलपछि पनि हाम्रो सुपर एट पुग्ने सम्भावना कायम छ । त्यसका लागि हामीले धेरै मिहिनेत गर्नेछौं ।'

वानखेडे स्टेडियममा रहेका लगभग १७ हजार दर्शकमध्ये अधिकांश नेपाली थिए । इंग्लिस समर्थक 'थिएनन्' भन्दा नै हुन्छ ।

विश्वकपको ग्रुप 'सी' मा रहेको नेपालले अब दोस्रो खेल १२ फेब्रुअरी बिहीबार इटालीसँग खेल्नेछ । यस्तै तेस्रो खेल १५ फेब्रुअरी आइतबार वेस्ट इन्डिजसँग र चौथो खेल १७ फेब्रुअरी (अर्को साताको मंगलबार) स्कटल्यान्डसँग खेल्नेछ ।

श्रीलंकाको पनि कठिन जित

श्रीलंकाले ट्वान्टी-२० विश्वकपमा विजयी सुरुआत गरेको छ । तर टोलीले आइतबार कोलम्बोमा पाएको २० रनको जित संघर्षपूर्ण रह्यो । जितका लागि १ सय ६४ रनको लक्ष्य पाएको आयरल्यान्डले १९.५ ओभरमा सबै विकेट गुमाउनु अघि १ सय ४३ रन मात्र बनाउन सक्यो । आयरल्यान्डका ह्यारी टेक्टरले २३ रनमा ३४ रन बनाए । रस अडिरलले ३४ रन बनाए ।

आयरल्यान्डले टस जितेर श्रीलंकालाई पहिलो ब्याटिङ निम्तो दिएको थियो । यसक्रममा आयोजक देशले ६ विकेटमा १ सय ६३ रन बनाएको थियो । यो इनिङ्स कुशल मेन्डिस र कामिन्दु मेन्डिसको प्रदर्शनमा टिकेको थियो । कुशलले ४३ बलमा ५६ रन बनाए । उनले ५ चौका प्रहार गरेर नटआउट रहे । कामिन्दुले भने १९ बलमै ४४ रन जोडे । उनले ४ चौका र २ छक्का प्रहार गरे ।

ओपनर पाथम निसन्काले पनि २४ रनको योगदान गरे । श्रीलंकाले सुस्त सुरुआतलाई ओझेलमा पार्दै अन्त्यतिर आक्रामक ब्याटिङ गरेको थियो । टोलीले अन्तिम ५ ओभरमा ६८ रन थपेको थियो । अन्यथा श्रीलंकाको स्कोर कमजोर थियो । आयरल्यान्डका बलरमध्ये बेरी म्याककार्थी र जर्ज डकरेलले समान दुई विकेट लिए ।

न्युजिल्यान्ड-अफगानिस्तान

न्युजिल्यान्डले समूह 'डी' को पहिलो खेलमा आइतबार अफगानिस्तानलाई ५ विकेटले पराजित गरेको छ । टेस्ट प्रतिद्वन्द्वीमाथि प्राप्त यस जितले टोलीलाई उत्साही राख्नेछ । यो नतिजाले सुपर एटमा प्रवेशका लागि न्युजिल्यान्डलाई बलियो प्रत्याशी बनाएको छ । चेन्नईमा भएको खेलमा प्राप्त जितपछि न्युजिल्यान्ड २ अंकसहित समूहको शीर्षस्थानमा रह्यो ।

जितका लागि १ सय ८३ रन पछ्याएको न्युजिल्यान्डले १७.५ ओभरमा ५ विकेट गुमाएर १ सय ८३ रन बनाएको हो । त्यसमा ओपनर टिम सेइफर्टले ४२ बलमा ६५ रन बनाए । उनले ७ चौका र ३ छक्का प्रहार गर्दै जितको आधार तयार पारे । ग्लेन फिलिप्सले ४२ र मार्क च्यापमनले २८ रन जोडे । अफगानिस्ताका बलरमध्ये मुजिब रहमानको नाममा २ विकेट रह्यो ।

अफगानिस्तानले टस जितेर ब्याटिङ गर्ने निर्णय गरेको थियो । यसक्रममा टोलीले ६ विकेट गुमाएर १ सय ८२ रन बनाएको थियो । यसमा सबैभन्दा बढी योगदान गुलबद्दिन नैबको रह्यो । उनले ३५ बलमा ६३ रन बनाए । तेस्रो क्रममा ब्याटिङ गर्दै उनले ३ चौका र ४ छक्का प्रहार गरे । सेदिकुलह अटलले २९ र ओपनर रहमनुल्लाह गुर्बाजले २७ रन बनाए । न्युजिल्यान्डका लोकी फगुर्सनले ४० रनमा २ विकेट लिए ।

नेपालको प्रशंसा गर्दै विश्व स्टारहरू

मुम्बई (कास)- नेपाल ट्वान्टी-२० विश्वकपको आफ्नो इंग्ल्यान्डको हातबाट पराजित त रह्यो, तर यो हारमा पनि नेपाली टिमको प्रदर्शनबारे विश्व क्रिकेटका पुराना खेलाडीहरूले प्रशंसा गरेका छन् । त्यसमध्ये नेपालाई बधाई दिनेमा पर्छन्, दक्षिण अफ्रिका लिजेन्डरी बलर डेल स्टेयन । उनले एक्समा लेखेका छन्, 'नेपाली क्रिकेटलाई मेरो आवश्यकता छ भने म तयार हुनेछु ।' स्टेयनका अनुसार नेपालको क्रिकेट माथि-माथि मात्र गइरहेको छ ।

खेललगत्तै आयोजित पोस्ट म्याच कन्फ्रेन्समा नेपाली टिमको प्रतिनिधित्व गरेर आएका नन्दन यादवलाई यसबारे प्रश्न गरिएको थियो । त्यसको जवाफमा नन्दनले भने, 'उनी दक्षिण अफ्रिकाका महान खेलाडीमध्ये एक हुन्, उनले १० वर्षभन्दा बढी समय अन्तर्राष्ट्रिय क्रिकेटमा उत्कृष्ट खेले । उनी नेपाली टिममा आवद्ध हुन चाहन्छन्, त्यो खुसीको कुरा भयो, तर यो हाम्रो हातमा छैन, यसबारे निर्णय गर्ने त नेपाल क्रिकेट संघले मात्र हो ।'

नेपाली टिमलाई खुलेर प्रशंसा गर्नेमा भारतका पूर्व स्टार युवराज सिंह पनि छन् । उनले एक्समा लेखेका छन्, 'नेपालप्रति मेरो उच्च सम्मान छ । विश्वकै उत्कृष्ट टिमविरुद्ध खेल्दा पनि अन्तिम बलसम्म चुनौती पेस गरिरह्यो । यसले देखाउने गर्छ, शासन र मनैदेखि खेल्दा के हुन्छ भनेर । यसरी नै टिम अगाडि बढ्छ र च्याम्पियन टिम बन्छ । विश्व क्रिकेटले हेरिरहेको छ ।'

भारतका पुराना खेलाडी मोहम्मद कैफले नेपाल जितेको भए, त्यो हिमालयको उचाइ जस्तै अप्रत्याशित नतिजा हुने बताएका छन् । एक्समै लेखेका छन्, 'जहाँबाट क्रिकेट सुरु भएको थियो, त्यही इंग्ल्यान्डलाई हराउन नेपाल एक प्रहारबाट टाढा थियो ।' मुनाफ पटेलले पनि नेपाली क्रिकेटले धेरै राम्रो गरेको भनेर एक्समा लेखेका छन् । कमेन्टेटर हर्ष भोगलले पनि नेपालले धेरैको मन जितेको छ, हार पीडादायी भएको लेखेका छन् । उनका अनुसार नेपालको पस्केको खेल आफैंमा उत्कृष्ट थियो ।

इंग्ल्यान्डका पूर्व कप्तान माइकल भोनले इंग्ल्यान्डका लागि जित-जित नै रहेको बताउँदै लेखेका छन्, 'कति धेरै क्रिकेटको रोमाञ्चक खेल । नेपाली खेलाडीले देखाएको खेल कौशलता आफैंमा अद्वितीय छ ।'

भारतीय लेग स्पिनर रविचन्द्रन अश्विनले नेपाललाई उदीयमान क्रिकेट टिममध्ये सबैभन्दा राम्रो रहेको संज्ञा दिएका छन् । भारतीय खेलाडी आकाश चोपडाले पनि नेपालले अन्त्यसम्म संघर्ष गरेर राम्रो खेलेको बताएका छन् ।

सांसद चुन्न २४ दिन...

प्रतिनिधिसभा, राष्ट्रिय सभा हल र सेन्ट्रल लबीको काम निर्वाचनअघि सकिने तुन्दी कन्स्ट्रक्सनका प्रबन्ध निर्देशक सुमन सुवेदी बताउँछन् । 'अहिलेलाई लबी र हल अति आवश्यक हो, यसको काम लगभग सकिएको छ,' उनले भने, 'इन्टेरियर र डोम रुफिङ (छत) को काम हाम्रो होइन ।' सुरुका दिन सरकारले समयमै 'साइट' उपलब्ध नगराएको र पछि सरकारी निकायबाट निर्णय प्रक्रिया ढिला हुँदा काममा असर परेको उनको भनाइ छ ।

'रुफिङ' को छुट्टै ठेक्का चेनलिंक इन्जिनियरिङ कम्पनीले ३ करोड ७९ लाख रुपैयाँमा लिएको हो । यसको काम २५ प्रतिशत सकिएको छ । २७ फागुन २०८० भएको ठेक्काअनुसार म्याद माघ मसान्तसम्म मात्र छ । अबको डेढ महिनाभित्र यसको काम सकिने विशेष भवन निर्माण आयोजनाका प्रमुख रोशन श्रेष्ठको दाबी छ । इलेक्ट्रिक प्यानलको काम अझै बाँकी छ ।

'इन्टेरियर' को जिम्मा केसी-श्यामसुन्दर-बानियाँ जेभीले लिएको थियो । यसमा ठेक्का रकम २ अर्ब ३४ करोड ५४ लाख रुपैयाँ छ । यसको काम असार २०८१ भित्र सक्ने गरी १७ असार २०८० मा सम्झौता भएको थियो । पछि समय थप गरेर १६ चैत २०८१ सम्म पुर्‍याइए पनि काम नसकिएपछि पुन: १६ पुस २०८२ सम्म म्याद थपियो । अहिले वैशाख २०८३ सम्म म्याद थप्ने तयारी छ । प्रगति भने ५० प्रतिशत मात्र छ ।

केसी-श्यामसुन्दर-बानियाँ जेभीका सुशील कडरिया जतिसक्दो छिटो पूरा गर्ने गरी काम गरिरहेको दाबी गर्छन् । 'निर्माण सँगसँगै इन्टेरियरको काम गर्ने प्रयास भइरहेको छ, निर्माण नसकिँदासम्म हाम्रो काम सकिँदैन,' उनी भन्छन्, 'संसद् बैठक बस्ने बेलासम्म सक्ने प्रयास भइरहेको छ ।'

संसद् भवनजस्तो संवेदनशील निर्माणमा सरोकारवाला निकायले समयमै चासो नदिँदा काममा ढिलाइ भएको पूर्वसहरी विकास सचिव किशोर थापा बताउँछन् । 'यति ठूलो लगानीमा बनिरहेको भवनको पटक-पटक समय थप्नेभन्दा सुरुमै राम्रोसँग अध्ययन गरेर कति समय लाग्ने हो भन्ने निर्क्योल गरेर काम अघि बढाएको भए राम्रो हुने थियो,' उनी भन्छन्, 'यसलाई सामान्य चलिरहेकै आयोजनाजस्तो हेरियो, यसको संवेदनशीलता हेरिएन, राष्ट्रिय महत्त्वको आयोजनाका रूपमा लिइएन । त्यसैले गति लिन सकेन ।' ठेक्का लिने कम्पनीले पनि समयमै दक्ष जनशक्ति परिचालन गर्न नसक्दा निर्माणमा ढिलाइ भएको उनको बुझाइ छ ।

यसअघि संसद् बैठक बस्ने गरेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र सहरी विकास मन्त्रालयअन्तर्गत विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समितिमार्फत रेखदेख र सञ्चालन हुँदै आएको छ । संसद् सचिवालयले प्रत्येक आर्थिक वर्षमा भाडासम्बन्धी सम्झौता नवीकरण गर्दै आएको थियो । चालु आर्थिक वर्षमा पनि नवीकरण गर्ने तयारीमा सचिवालय थियो तर क्षतिपछि सम्झौता नवीकरण नगरिएको हो । संसद् सचिवालयले सुरुमा सम्झौताअनुसार केन्द्रलाई वार्षिक ७ करोड रुपैयाँ भाडा तिर्ने गरेको थियो । पछिल्लो समय वार्षिक भाडा १७ करोड रुपैयाँ थियो । यसमा कानुन आयोग र लगानी बोर्डले पनि केही हिस्सा बेहोर्दै आएका थिए । संसद्ले समितिलाई दिने भाडा समितिअन्तर्गतकै कोषमा जम्मा हुने गरेको थियो । नयाँ भवन सञ्चालनमा आएपछि भाडा तिर्नुपर्ने छैन ।

Enhancing Access to Justice through Institutional Reform (A2J) Project II

Request for Quotation (RFQ)

(Date of publication **February 9, 2026**)

EEnhancing Access to Justice through Institutional Reform (A2J) Project II call for bids to offer from legally registered and authorized firms/organizations for **A2J PROJECT II/RFQ/2026/001: "Supply and Delivery IT Equipment for strengthening e-court system".**

How to submit a bid:

1. The bid document will be available at the UNDP website or below address through **10:00 hrs on Monday, February 9, 2026** until **13:00 hrs on Sunday, February 22, 2026,** in the below **Web link:**
   Web link: https://www.undp.org/nepal/procurement , or https://bit.ly/RFQ-026-001 and
   Enhancing Access to Justice through Institutional Reform (A2J) Project II
   Babarmahal, Kathmandu Nepal,
   Tel no +977-01-5338309, 5338323 Ext 206
2. The bid document must be prepared in line with the RFQ documents provided and submitted to the below email address or above the given office address not later than **COB on Sunday, February 22, 2026.**
3. Email address for bid submission: **procurement@a2jnepal.org**

Note: A2J Project reserves all rights to accept or reject the applications for whatsoever reason

PROCUREMENT NOTICE

United Nations Development Programme (UNDP) Nepal works with the People and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundation or a society based on rule of law with an inclusive and participatory democracy.

UNDP Nepal is soliciting quotations from interested organisations/firms/companies to provide the following goods and services:

Reference No.:	Request for Quotation – **UNDP/RFQ/2026/04 (UNDP-NPL-00622)**
Project/Agency:	Livelihoods Improvement and Disaster Resilience Enhancement in the Areas Affected by the Jajarkot Earthquake
Purpose:	Supply, delivery, installation and commissioning of two cold storage facilities in Aathbiskot Municipality and Sanibheri Rural Municipality
Deadline for bid submission:	**20 February 2026, 5:00 PM Nepal Time**

Pre-bid meeting will be conducted both in person and virtually as detailed below:

Date : Friday, 13 February 2026
Time : 11:00 AM – 1:00 PM
Venue : UN House, Pulchowk, Lalitpur

(Hybrid format: In-person and via Zoom)

Zoom Registration Link for the pre-bid meeting is given below:

https://undp.zoom.us/j/89714059598?pwd=V3hiSNwXjc0bIbNjWTAEBo41YJL7dR.1

Meeting ID : **897 1405 9598**
Passcode : **031291**

Weblink:	https://www.undp.org/nepal/procurement
Who can apply:	National/International organisations/firms/companies
How to apply:	As per the instructions in the detailed bidding document.

अन्तिम ओभरमा चुक्दा इंग्ल्यान्डसँग ४ रनको हार

आईसीसी ट्वान्टी-२० विश्वकपको आफ्नो पहिलो खेलमा नेपाली टोलीको विश्वविजेता इंग्ल्यान्डसँग उत्कृष्ट प्रदर्शन

तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

मुम्बईस्थित वानखेडे स्टेडियममा इंग्ल्यान्डसँगको सनसनीपूर्ण खेलमा ४ रनले पराजित भएपछि उपस्थित समर्थकलाई अभिवादन गर्दै नेपाली खेलाडी ।

मुम्बईमा **विनोद पाण्डे र हिमेश**

लोकेश बमको साहसी इनिङ्सका बावजुत नेपाल ट्वान्टी-२० विश्वकप क्रिकेटमा आइतबार इंग्ल्यान्डसँग ४ रनले पराजित भएको छ । लोकेशले २० बलमा ३९ रन बनाए पनि १ सय ८५ रनको लक्ष्य पाएको नेपालले ६ विकेट गुमाई १ सय ८० रनमात्र बनाउन सक्यो ।

मुम्बईको वानखेडे रंगशालामा उपस्थित १७ हजारमध्ये अधिकांश नेपाली समर्थक थिए । त्यहीं नेपालले अन्तिम बलसम्म इंग्ल्यान्डसामु कडा प्रतिरोध गरेको थियो । लोकेशले ४ चौका र २ छक्का प्रहार गरे पनि अन्तिम २ बलमा बाउन्ड्री प्रहार गर्न नसक्दा नेपाल विश्वकपमा टेस्ट राष्ट्रसामु विजयको मुखमा पुगेर रोकियो ।

लोकेशले १८ औं ओभरमा जोफ्रा आर्चरलाई लगातार २ छक्का प्रहार गरी नेपाललाई विजय नजिक पुऱ्याएका थिए । १९ औं ओभरमा उनले लुक उडलाई दुई चौका प्रहार गरेपछि नेपालले १४ रन जोडेको थियो । अन्तिम ओभरमा विजयनिम्ति १० रन चाहिँदा नेपालले ५ रनमात्र बनाउन सक्यो । साम करनले उत्कृष्ट बलिङ गरेर इंग्ल्यान्डलाई जिताए ।

टेस्ट राष्ट्रसँग फेरि पनि विजय नजिक पुगेर चुक्नुपर्दा निराश रहेको लोकेशले सुनाए । 'यो राम्रो खेल थियो, हामीले सक्दो प्रयास गरेका हौं । हामीले इंग्ल्यान्डलाई लगभग पराजित गरिसकेका थियौं । तर अन्तिममा अनुभव महत्त्वपूर्ण हुन्छ,' लोकेशले भने, 'यो मेरो पहिलो विश्वकप हो, सपना पनि । त्यसैले खेल्न पाउँदा निकै उत्साहित थिएँ । अनुभवको कमीले होला, अन्तिम मैले योजनाअनुसार खेल्न सकिनँ । एउटा बल मिस भए पनि अर्को बल हिट हुन्छ भनेर मैले र करण (केसी) दाइले सल्लाह गर्दै खेलेका थियौं ।'

अन्तिम दुई बलमा ६ रन चाहिने समीकरण बनेको थियो । लोकेशले पाँचौं बलमा प्रहार गर्दा १ रनका लागि गएको थियो, तर करणले लोकेशलाई फर्काएपछि नेपाललाई अन्तिम बलमा छक्का प्रहार गर्नुपर्ने स्थिति बन्यो । करण भर्खर क्रिजमा आएको र आफू सेट भएको हुनाले यस्तो निर्णय गरेको लोकेशले बताए ।

प्लेयर अफ द म्याच बनेका इंग्ल्यान्डका विल ज्याक पनि नेपालले तर्सिने स्थितिमा पुऱ्याइदिएको सुनाउँछन् । 'सबैभन्दा महत्वपूर्ण कुरा जित्नु थियो, जुन हामीले पाएका छौं । खेल निकै प्रतिस्पर्धात्मक भयो, यसको श्रेय पक्कै नेपाललाई दिनुपर्छ,' ज्याकले भनेका थिए । 'नेपाल बलिङ र फिल्डिङमा असाधारण रह्यो । विश्वकपमा कुनै पनि खेल चुनौतीपूर्ण हुन्छ । यो खेल धेरै प्रतिस्पर्धात्मक भयो, नतिजा जता नि जाने स्थिति थियो ।'

बाउन्ड्री लाइनमा फिल्डिङ गरिरहेको समयमा अन्तिम ओभर अगाडि आफू निकै नर्भस भएको ज्याकले जनाए । तर साम करन बलिङमा भएकाले इंग्ल्यान्ड टोलीलाई उत्तिकै भरोसा रहेको उनको भनाइ थियो । दबाबको स्थितिमा करनले सधैं उत्कृष्ट बलिङ गर्दै आएको उनको दाबी छ ।

यसअघि कुशल भुर्तेल र आसिफ शेखले ४ ओभरभित्र ३७ रन जोडेर नेपाललाई राम्रो सुरुआत दिलाएका थिए । एक चौका प्रहार गरेका आसिफ ९ बलमा ७ रन बनाई आउट भए । दोस्रो ओभरदेखि निकै आक्रामक खेलेका कुशलले १७ बलमा २९ रन बनाए । उनले ४ चौका र १ छक्का प्रहार गरे । कप्तान रोहित पौडल र दीपेन्द्रसिंह ऐरीले तेस्रो विकेटका लागि ५४ बलमा ८२ रनको साझेदारी गरी नेपालको सम्भावना देखाएका थिए । दीपेन्द्र २९ बलमा ४४ रन बनाई आउट भए । सोक्रममा उनले ट्वान्टी-२० अन्तर्राष्ट्रियमा २ हजार रन पूरा गरेका थिए । उनी नेपालबाट ट्वान्टी-२० मा सर्वाधिक रन बनाउने खेलाडी हुन् ।

उनले ६ चौका र १ छक्का प्रहार गरे । कप्तान रोहितले ३४ बलमा समान २ चौका र छक्कासहित ३९ रन बनाए । आरिफ शेख ८ बलमा १ छक्कासहित १० रन बनाई जोफ्रा आर्चरको बलमा आउट भए । गुलशन झा पनि १ रनमै लुक उडबाट बोल्ड भए ।

पहिलो परिवर्तनका रूपमा आएका लिएम डावसनले कसिलो बलिङ गरे । उनले ४ ओभरमा २१ रन खर्चेर आसिफ र रोहितको विकेट लिए । इंग्ल्यान्डका प्रमुख बलर आर्चरले ४ ओभरमा ४२ रन खर्चेर १ विकेट लिए भने आदिल रशिदले ३ ओभरमा ४२ रन खर्चेर कुनै विकेट लिन सकेनन् ।

यसअघि ज्याकोब बेथेल र कप्तान ह्यारी ब्रुकको अर्धशतकमा टस जितेको इंग्ल्यान्डले ७ विकेट गुमाई १ सय ८४ रन बनाएको थियो । बेथेलले कुशल भुर्तेलको बलमा लगातार दुई छक्का प्रहार गर्दै २८ बलमा अर्धशतक पूरा गरे । उनले ३५ बलमा समान ४ चौका र छक्का प्रहार गर्दै ५५ रन बनाए । उनी ट्वान्टी-२० विश्वकपमा अर्धशतक बनाउने इंग्ल्यान्डका सबैभन्दा कान्छा खेलाडी पनि हुन् । उनले यो सफलता २२ वर्ष ३ महिना १६ दिनका दिन पाए । यसअघि क्रेग किसवेटरले २२ वर्ष ५ महिना १८ दिनका अर्धशतक बनाएका थिए । ब्रुकले १९ ओभरको पहिलो बलमा नन्दन यादवलाई छक्का प्रहार गर्दै ३२ बलमा अर्धशतक पूरा गरेका थिए । अर्को बलमै नन्दनले ब्रुकलाई शेर मल्लबाट क्याच गराए । ब्रुकले ४ चौका र ३ छक्कासहित ५३ रन बनाए ।

इंग्ल्यान्डले पावर प्लेमा २ विकेट गुमाई ५७ र १२ ओभरभित्र ३ विकेट गुमाई १ सय ६ रन बनाएको थियो । तर नेपालले त्यसपछि राम्रो पुनरागमन गरेको हो । विशेष गरी सन्दीप लामिछानेले उत्कृष्ट बलिङ गरे । उनले ४ ओभरमा २५ रनमात्र खर्चेर १ विकेट लिए । इंग्ल्यान्डले अन्तिम ५ ओभरमा ५० रन जोडेको थियो ।

नेपालले उत्कृष्ट सुरुआत गरेको थियो । 'डेब्यु' गरिरहेका शेरले आफ्नो पहिलो बलमै फिल साल्टलाई १ रनमा आउट गरे । खेलको दोस्रो ओभरमा उनले साल्टलाई शर्ट फाइन लेगमा सन्दीपबाट क्याच गराए । जोस बटलरलाई नन्दनले विकेटकिपर आसिफबाट क्याच गराए । बटलरले १७ बल खेल्दै ५ चौकासहित २६ रन बनाए । आफ्नो इनिङ्सका क्रममा बटलर ट्वान्टी-२० विश्वकपमा एक हजार रन पूरा गरे ।

सन्दीपले टम बेन्टनलाई २ रनमा एलबीडब्लू आउट गरे । साम करनलाई दीपेन्द्रले २ रनमा बोल्ड गरे । जोफ्रा आर्चर १ रनमा रनआउट भए । ज्याक ३९ रनमा अविजित रहे । इनिङ्सको अन्तिम ओभरमा करण केसीलाई ३ छक्का प्रहार गरेका ज्याकले १८ बल खेल्दै १ चौका र ४ छक्का प्रहार गरे । दीपेन्द्र र नन्दनले २-२ विकेट लिए । दीपेन्द्रले ३ ओभरमा २३ र नन्दनले ३ ओभरमा २५ रन खर्चे ।

शेरको स्वर्णिम 'डेब्यु'

अफ स्पिनर शेर मल्लले ट्वान्टी-२० अन्तर्राष्ट्रियमा स्वर्णिम सुरुआत गरेका छन् । इंग्ल्यान्डविरुद्धको खेलमा आफ्नो पहिलो खेलको पहिलो बलमै उनले फिल साल्टको विकेट लिएका हुन् । दुई महिनाअघि सम्पन्न नेपाल प्रिमियर लिग (एनपीएल) मा सर्वाधिक १७ विकेट लिएपछि शेरले नेपाली टोलीको ढोका खोलेका थिए । साल्टले फ्लिक गर्न खोजेको बल टप एज लागेर क्याच गएको थियो । तर त्यसपछि आएका ज्याकोब बेथेलले उनलाई दुई छक्का र एक चौका प्रहार गरे । पूरा खेलको बलिङ भने शेरको राम्रो हुन सकेन । उनले ३ ओभरमा ३५ रन खर्चिए ।

आफ्नो विश्वकपको 'डेब्यु' ट्वान्टी-२० अन्तर्राष्ट्रियमा पहिलो बलमै विकेट लिने उनी नेपालका दोस्रो खेलाडी हुन् । पारस खड्काले २०१४ को विश्वकपमा हङकङविरुद्ध पनि पहिलो बलमै विकेट लिएका थिए । पारसले नै आइतबार वानखेडे स्टेडियममा शेरलाई 'डेब्यु' क्याप दिएका थिए । ट्वान्टी-२० अन्तर्राष्ट्रियको पहिलो बलमै विकेट लिने शेर नेपालका चौथो खेलाडी हुन् । शेर र पारसहित आरिफ शेख र कुशल भुर्तेलले आफ्नो पहिलो बलमै विकेट लिएका छन् ।

दीपेन्द्रको दुई हजार रन

दीपेन्द्रसिंह ऐरी ट्वान्टी-२० अन्तर्राष्ट्रियमा २ हजार रन बनाउने नेपालको पहिलो खेलाडी बनेका छन् । इंग्ल्यान्डविरुद्धको खेलमा ४४ रन बनाएसँग उनले ट्वान्टी-२० अन्तर्राष्ट्रियमा आफ्नो २ हजार रन पुरा गरेका थिए । उनी नेपालबाट सर्वाधिक रन बनाउने खेलाडी हुन् ।

कुशल भुर्तेल १ हजार ८ सय ३६ रनका साथ दोस्रो स्थानमा छन् । दीपेन्द्रले एक शतक र १० अर्धशतकसहित २ हजार रन पूरा गरेका हुन् । कुशलले १ शतक र नेपालबाट सर्वाधिक १३ अर्धशतक प्रहार गरेका छन् ।

वानखेडे स्टेडियममा १७ हजार दर्शक उपस्थित दर्शकमध्ये बाक्लो संख्याका नेपाली समर्थक । इंग्ल्यान्डविरुद्ध ठूलो शट प्रहार गर्दै कप्तान रोहित पौडेल र ब्याटिङमा इंग्ल्यान्डका खेलाडी ।

तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

आहा-राराको उद्घाटन खेलमा आयोजक र हङकङ भिड्ने

कान्तिपुर संवाददाता (पोखरा)

सहारा क्लबको आयोजनामा हुने आहा-रारा पोखरा गोल्डकपको २५ औं संस्करणको सम्पूर्ण तयारी पूरा भएको छ । यही माघ २७ देखि पोखरा रंगशालामा हुने प्रतियोगिताको उद्घाटन खेलमा आयोजक सहारा क्लब र हङकङको गोर्खा इन्टरनेसनल एफसीबीच प्रतिस्पर्धा हुनेछ ।

क्लबले आइतबार पत्रकार सम्मेलन गर्दै प्रतियोगिता सम्पूर्ण प्राविधिक र व्यवस्थापकीय तयारी सकिएको जानकारी दिएको हो । यस वर्ष प्रतियोगितामा १२ टोलीले भाग लिनेछन् । त्यसमा एपीएफ, नेपाल पुलिस, मछिन्द्र, चर्च ब्वाइज युनाइटेड, मनाङ मर्स्याङ्दी, जावलाखेल युथ, प्लानिङ ब्वाइज र फ्रेन्ड्स छन् । अन्तर्राष्ट्रिय टोलीको आकर्षणका रूपमा उज्वेकिस्तानको आभा एफसी, भारतको थन्डरबोल्ट नर्थ युनाइटेड सिक्किम र हङकङको गोर्खा इन्टरनेसनल आउने तय भएको छ । प्रतियोगिता फागुन ९ सम्म चल्नेछ ।

अधिकांश खेलहरू फ्लडलाइटमा खेलाउने आयोजकले जनाएको छ । सन्ध्याकालीन खेल खेलाउन 'पोर्टेबल फ्लड लाइट' जडान गर्न लागिएको क्लबका अध्यक्ष केशव थापाले बनाए । उनका अनुसार पहिलो हाफ उज्यालोमै खेलाइने छ भने दोस्रो हाफमा मात्रै फ्लडलाइट प्रयोग हुनेछ । अस्थायी फ्लडलाइड ३५ फिट उचाइको छ । यसअघि विराट गोल्डकपमा उक्त फ्लडलाइट राखिएको थियो । यसको व्यवस्थापन इनरुवाको फूलबारी क्रिकेट क्लबले गरेको हो ।

सहारा क्लबका अध्यक्ष केशव थापाले पोखरालाई खेलकुद पर्यटनको केन्द्र बनाउने अभियानमा यो संस्करण कोसेढुंगा साबित हुने बताए । पुरस्कार राशिमा समेत वृद्धि गरिएको छ । विजेताले १४ लाख १ हजार रुपैयाँ र उपविजेताले ७ लाख १ हजार रुपैयाँ प्राप्त गर्नेछन् । व्यक्तिगत विधातर्फ सर्वोत्कृष्ट खेलाडीले टेलजी इलेक्ट्रिक स्कुटर पाउनेछन् । विधागत उत्कृष्टले जनही २५ हजार प्राप्त गर्नेछन् । हरेक खेलको म्यान अफ द म्याचलाई १० हजार प्रदान गरिनेछ ।

रजत वर्षको विशेष अवसरमा सहारा क्लबले राष्ट्रिय महिला फुटबल खेलाडी प्रीति राईलाई 'सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी सम्मानबाट पुरस्कृत गर्ने घोषणा गरेको छ । प्रतियोगितालाई २५ औं संस्करणसम्म ल्याउन अतुलनीय योगदान पुऱ्याउने २५ व्यक्तित्व तथा संस्थालाई विशेष सम्मान गरिने कार्यक्रम छ ।

छोटकरी

चर्च ब्वाइज सेमिफाइनलमा

धरान (कास)- साबिक उपविजेता चर्च ब्वाइज युनाइटेडले २६ औं बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगितामा आइतबार नेपाल पुलिस क्लबलाई १-० गोलले पराजित गर्दै सेमिफाइनलमा स्थान सुरक्षित गरेको छ । धरान रंगशालामा चर्च ब्वाइज युनाइटेडका रिचार्ड विल्सनले पहिलो मिनेटमै गरेको गोल नै निर्णायक साबित भयो । खेलभर सन्तुलित प्रदर्शन गरेको चर्च ब्वाइजले पुलिसलाई गोल फर्काउने अवसर नै दिएन । उत्कृष्ट प्रदर्शन गरेका चर्च ब्वाइज युनाइटेडका रिचार्ड विल्सन म्यान अफ द म्याच घोषित भए । उनले १० हजार रुपैयाँ पुरस्कार पाए । सोमबार तेस्रो क्वाटरफाइनलमा आयोजक धरान फुटबल क्लबले लालीगुराँस एसोसिएसन पोखराबीच प्रतिस्पर्धा हुनेछ ।

खुम्जुङ र नाम्चे युथ विजयी

काठमाडौं (कास)- खुम्जुङ युथ क्लब, नाम्चे युथ क्लब र खुम्बु युनाइटेड क्लब आइतबार १५ औं खुम्बु ल्होसार कप फुटबल प्रतियोगितामा विजयी भउका छन् । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा खुम्जुङले खुम्बु याङबु शेर्पा समाजलाई १-० गोलले पराजित गऱ्यो । प्लेयर अफ द म्याच पासाङ शेर्पाले निर्णायक गोल गरे । महेन्द्रज्योति पूर्व विद्यार्थी मञ्च फराकको आयोजनामा भइरहेको प्रतियोगितामा नाम्चेले ठमिछेवा फुटबल टिमलाई २-० गोलले हरायो । नाम्चेका विशाल मगर र सुदीप राईले गोल गरे । नाम्चेका तेन्जिङ फुन्सोक शेर्पा प्लेयर अफ द म्याच घोषित भए । अन्तिम खेलमा खुम्बुले आमादब्लम युथ क्लब २-१ गोलले पाखा लगायो । खुम्बुका प्लेयर अफ द म्याच मिङ्मा राजभण्डारी र तेन्जिङ डेविड शेर्पाले १-१ गोल गरे । आमादब्लमका आम्बेले १ गोल फर्काए ।

बहिरा राष्ट्रिय फुटबल सुरु

काठमाडौं (कास)- बहिरा राष्ट्रिय फुटबल प्रतियोगिता विकास सिल्डको सेमिफाइनल समीकरण पूरा भएको छ । दशरथ रंगशालामा आइतबार प्रतियोगिताको पहिलो दिन कोशी प्रदेश, सुदूरपश्चिम प्रदेश र बागमती प्रदेश (क) र (ख) टिमले सेमिफाइनलमा स्थान बनाएका छन् । बागमती प्रदेश (ख) ले कर्णाली प्रदेशलाई ३-१ ले हरायो । दोस्रो खेलमा बागमती (क) ले लुम्बिनी प्रदेशलाई पेनाल्टी शुटआउटमा ४-२ को जित हासिल गरेको थियो । यसअघि निर्धारित समय गोलरहित बराबरीमा टुंगिएको थियो । मधेश प्रदेशविरुद्ध सुदूरपश्चिम ४-० को विजयी भयो । अर्को खेलमा कोशीले गण्डकीमाथि ६-२ को सानदार जित निकाल्यो । सुन्दरढोका साथीसेवाले अपांगता खेलकुद प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालन गर्दै आएको विकास सिल्डअन्तर्गत यसपालि राष्ट्रियस्तरमा बहिरा फुटबल प्रतियोगिता गरेको हो । सुन्न नसक्ने व्यक्तिले पनि फुटबल खेल्न सक्छ भन्ने सन्देश दिन र समाजमा बहिरा व्यक्तिहरूलाई हेरिने दृष्टिकोण परिवर्तन गर्न प्रतियोगिता गरिएको हो ।

प्याब्सन क्रिकेटको ट्रफी सार्वजनिक

काठमाडौं (कास)- प्याब्सन काठमाडौंको आयोजनामा हुने यू-१५ प्याब्सन क्रिकेट लिग (पीसीएल) को ट्रफी आइतबार सार्वनजिक गरिएको छ । प्याब्सनका अध्यक्ष कृष्णप्रसाद अधिकारीले ट्रफी सार्वजनिक गरे । सहभागी टिमको नाम, लोगो, प्रायोजक, जर्सी र 'एन्थम' पनि सार्वजनिक गरिएको थियो । माघ २८ देखि तल्लो मूलपानी क्रिकेट मैदान हुने प्रतियोगितामा आयोजक काठमाडौं प्याब्सन र ७ प्याब्सन प्रदेश टोली गरी ८ छात्र टिमको सहभागिता रहनेछ । आयोजकको प्याब्सन काठमाडौं क्यापिटल्स, प्याब्सन सुदूरपश्चिम राइजिङ, प्याब्सन बागमती च्यालेन्जर्स, प्याब्सन गण्डकी इगल्स, प्याब्सन कर्णाली हाइल्यान्डर्स, प्याब्सन कोशी स्ट्राइकर्स, प्याब्सन लुम्बिनी मोङ्स र प्याब्सन मधेश रोयल्स दुई समूहमा विभाजन भई लिगकम नकआउट आधारमा प्रतिस्पर्धा गर्नेछन् ।

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रबन्ध निर्देशक : सम्भव सिरोहिया, प्रधान सम्पादक : उमेश चौहान

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

वर्ष ३३ अंक ३४८ काठमाडौं | २६ माघ २०८२ सोमबार फाल्गुण कृष्णपक्ष अष्टमी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Monday, February 9, 2026 | पृष्ठ १०+२ | १० रुपैयाँ

आज : पहिलो दिन
(२६ माघ २०८२, सोमबार)

प्रमुख वक्ता
शिरिन एबादी
नोबेल पुरस्कार विजेता

(बिहान १०:०० - १०:४५ सम्म)

सत्र १
(बिहान १०:४५ - १२:०० सम्म)

आन्दोलनबाट अवसरतर्फ

प्यानल

एमेल माथलुथी
अरब स्प्रिङको आवाज तथा गायक, ट्युनिसिया

कामन्थी विक्रमसिंघे
वरिष्ठ पत्रकार
डेलि मिरर, श्रीलंका

मार्जाना महनाज
समाजशास्त्री

तनुजा पाण्डे
जेन-जी अभियन्ता, नेपाल

सहजकर्ता

विश्वास बराल
सम्पादक,
द काठमान्डू पोस्ट

सत्र २
(दिउँसो १२:०० - १२:३० सम्म)

जेनजी विद्रोह : जुत्ताको कथा

प्रकाश बोहरा
जेन-जी आन्दोलनका घाइते

सत्र ३
(दिउँसो १२:३० - १:१५ सम्म)

नेपाली क्रान्तिको यात्रा : विगतको विवेचना, आगतको आकलन

सीके लाल
राजनीतिक विश्लेषक

सत्र ४
(दिउँसो २:०० - ३:०० सम्म)

आफैंमाथि व्यङ्ग्य लेख्दै नेपाली राजनीति

प्यानल



आदर्श मिश्र
हास्य कलाकार

सीता न्यौपाने
हास्य कलाकार

प्रभात लामा
हास्य कलाकार

सुन्दर खनाल
हास्य कलाकार

सहजकर्ता

मनोज गजुरेल
हास्य कलाकार

सत्र ५
(अपराह्न ३:०० - ४:०० सम्म)

विचारधाराको अन्त्य ? : नेपाली राजनीतिको रेट्रोफिटिङ

संवाद

हरि शर्मा
राजनीतिक विश्लेषक

घनश्याम भुसाल
राजनीतिज्ञ

सत्र ६
(अपराह्न ४:०० - ५:१५ सम्म)

अर्थतन्त्रको पुनरुत्थान, विश्वासको पुन:स्थापना

प्यानल

डा.विश्वनाथ पौडेल
गभर्नर, नेपाल राष्ट्र बैंक

चन्द्र ढकाल
अध्यक्ष, एफएनसीसीआई

निर्वाण चौधरी
प्रबन्ध निर्देशक, सीजी कर्प ग्लोबल

माइकल फोले
प्रमुख कार्यकारी अधिकृत, एनसेल

आँचल कुँवर
प्रबन्ध निर्देशक, दराज

सहजकर्ता

निशान्त खनाल
अर्थशास्त्री

PRESENTED BY asianpaints | POWERED BY XTREME ENERGY DRINK | CONNECTED BY Ncell | EMPOWERED BY fonepay | STRENGTH PARTNER अर्घाखाँची सिमेन्ट लिमिटेड | KNOWLEDGE PARTNER KATHMANDU MODEL SECONDARY SCHOOL | DRIVEN BY PROTON e.MAS | HOSPITALITY PARTNER ROYAL TULIP Kathmandu